# सिन्धुलीको कुशेश्वर माहादेवको सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत

नेपाली इतिहास, सँस्कृति तथा पुरातत्व विषयमा

स्नातकोत्तर उपाधिको आंशिक

परिपूर्तिको निमित्त

प्रस्तुत

शोधपत्र


शोधकर्ता

सीता सापकोटा

रोल नं. ४

त्रि.वि.दर्ता नं. : ६–२–७५६–६२–२०११

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग


२०७७

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, सँस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तर तहको शोध प्रवन्धको पाठ्यक्रमको परिपूर्तिको लागि यस केन्द्रीय विभागको विद्यार्थी श्री सीता सापकोटाद्धारा प्रस्तुत सिन्धुलीको कुशेश्वर महादेवको सांस्कृतिक अध्ययन शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार भएको व्यहोरा प्रमाणितगर्दै आवश्यक मूल्याङ्कनको निम्ति सिफारिस गर्दछु ।

मिति :-....................

.................................

(उप-प्रा. निर्मला पोखरेल)

शोध निर्देशक

नेपाली इतिहास, सँस्कृति तथा पुरातत्व केन्द्रीय विभाग,

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर,

काठमाडौं ।

त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रीय विभाग
विभागीय प्रमुखको कार्यालय

टेलिफोन नं. ०१-४३३१९७६

कीर्तिपुर
काठमाडौं, नेपाल

प.सं.
च.नं.

मिति :- २०७७/१०/०७

## शोधप्रबन्धको स्वीकृति

श्री सीता सापकोटाद्धारा पेश गरिएको **सिन्धुलीको कुशेश्वर माहादेवको सांस्कृतिक अध्ययन** शोधप्रवन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त स्वीकृत गरियो ।

..................
प्रा.डा.मदन कुमार रिमाल
(विभागीय प्रमुख)

..................
सह प्रा.महेश राज दाहाल
(बाह्य परीक्षक)

..................
उप प्रा.निर्मला पोखरेल
(शोधनिर्देशक)

E-mail: nehcadepartment@gmail.com

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकीशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तहको नेपाली इतिहास, सँस्कृति तथा पुरातत्व विभागको पाठ्यक्रम अन्तर्गत प्रस्तुत गर्नुपर्ने अनुसन्धानात्मक शोधपत्रमा मैले सिन्धुलीको कुशेश्वर माहादेवको सांकृतिक अध्ययन शीर्षक चयन गरेकी छु । यस शीर्षक अन्तर्गत रहेर अध्ययन गर्ने कममा प्रस्तुत शोधको समस्या कथनलाई सकेसम्म प्रष्ट पार्ने कोसिश यस शोधपत्रमा गरेकी छु ।

हाम्रो देशमा रहेका विभिन्न साँस्कृतिक सम्पदाहरु मठ, मन्दिर, बिहार, गुम्बा, आदिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हुन आउँछ । देश भित्रका सबै साँस्कृतिक सम्पदाहरुको सूक्ष्म अध्ययन गरी त्यसको संरक्षण तथा सम्बर्द्धन गर्नुपर्ने आवश्यकता देखिएकोले सिन्धुली जिल्लाको सुनकोसी गाउँपालीका वडा नं. १ अवस्थित कुशेश्वर माहादेव मन्दिरको ऐतिहासिक एवम् साँस्कृतिक पक्षको विश्लेषणात्मक अध्ययन गर्ने प्रयास शोधपत्रमा गरिएको छ ।

शोधपत्रको तयारीको कममा मेरो शोधकार्यमा शुरुदेखि अन्त्यसम्म उचित सल्लाह, सुझाव, निर्देशन, प्रदान गरी कमी कमजोरीलाई सच्याउन आफ्नो अमूले समय दिई मलाई सहयोग गरिदिनु भएकोमा मेरो शोध निर्देशिका आदरणीय गुरुआमा उप-प्रा.निर्मला पोखरेल ज्यू प्रति विशेष कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यो शोधपत्र लेख्न स्वीकृत प्रदान गरी हौसल्ला प्रदान गर्नुहुने यस विभागीय प्रमुख डा. मदन कुमार रिमाल ज्यू प्रति कृतज्ञता व्यक्त गर्दछु । यस शोधकार्यको लागि मूल्याङ्कन समितिको व्यवस्था गरिदिनु भएकोमा त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका पूर्व विभागीय प्रमुख प्रा. डा. डिल्ली बहादुर ओली तथा मलाई यस स्थानसम्म आइपुग्न प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण श्रद्धेय गुरु तथा गुरुआमाहरु प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । स्थलगत अध्ययनको कममा आवश्यक तथ्याङ्क, सूचना, अन्तर्वाता र विवरणहरु उपलब्ध गराइ सहयोग गर्नुहुने श्री कुशेश्वर माहादेव मन्दिर गुठी तथा पूजा व्यबस्थापन समितिका पूर्व अध्यक्ष डा. माधव न्यौपाने, पूर्व सचिव विनोद कोइराला, वर्तमान अध्यक्ष गंगा प्रसाद कोइराला, कार्यलय सचिव भागवत कोइराला, वर्तमान सचिव तीर्थ बहादुर रायमाझी, आजीवन सदस्य दुर्गा कुमारी मैनाली र कुशेश्वर महादेव मन्दिरको विविध विषयमा लेख रचना उपलब्ध गराई उर्जा प्रदान गर्नुहुने स्थानीय डा. माधव न्यौपाने, भागवत कोइराला, तीर्थ बहादुर रायमाझी, पुजारी विष्णु प्रसाद नराल प्रति विशेष आभार व्यक्त गर्दछु । साथै नेपाल सरकार, गुठीसंस्थानका कर्मचारीहरुलाई पनि आभार व्यक्त गर्दछु ।

लेखनकार्यमा उत्साह प्रदान गनुहुने आदरणी बुबा डा. माधव न्यौपाने, गुरु सुशील गौतम, गुरु पुरुषोतमलोचन श्रेष्ठ, गुरु शंकरमान डंगोल, गुरु आमा सन्ध्या खनाल लगाएत शोधपत्रलाई यस रुपमा ल्याउन सहयोग गर्नुहुने सबै प्रति हृदयदेखी नै धन्यवाद दिन चाहन्छु र साथै मलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने मेरा सम्पूर्ण परिवार प्रति पनि धन्यवाद दिन चाहन्छु ।

मिति :- २०७७/१०/०२

............................

सीता सापकोटा

# विषय सूची

**पृष्ठ संख्या**


शोध निर्देशकको सिफारिस पत्र i

शोधप्रबन्धको स्वीकृति ii

कृतज्ञता ज्ञापन iii

विषय सूची iv

चित्रफलक सूची viii

**पहिलो अध्याय**

**परिचय**

१.१ अध्ययनको परिचय १

१.२ समस्या कथन ५

१.३ अध्ययनको उद्देश्य ५

१.४ पूर्व साहित्य समिक्षा ६

१.५ शोधको महत्व ११

१.६ शोधको औचित्य १२

१.७ अध्ययनको क्षेत्र र सीमा १२

१.८ अध्ययनको शोध विधि १२

१.८.१ प्राथमिक स्रोत १२

१.८.१.१ स्थलगत अवलोकन १३

१.८.१.२ अभिलेख संकलन १३

१.८.१.३ तस्वीर संकलन १३

१.८.१.४ अन्तरवार्ता १३

१.८.१.५ प्रत्यक्ष सहभागीता १३

१.८.२ द्धिइतिय स्रोत १३

**दोस्रो अध्याय**

**सिन्धुलीको भौगोलिक अवस्था तथा ऐतिहासिक पृष्ठभूमि**

२.१ सिन्धुलीको भौगोलीक अवस्था १४

२.२ कुशेश्वर क्षेत्रको परिचय १५

२.३ कुशेश्वर मन्दिरको नामाकरण १७

२.४ कुशेश्वर मन्दिरको ऐतिहासिकता १९

२.५ आदिलिङ्ग श्री कुशेश्वर महादेवको उत्पति तथा स्थापनाबारे किंवदन्तीहरु २५
२.६ डंगोल परिवारको कुल देवता २६
२.७ टेकुमा अवस्थित कुशेश्वर मन्दिर २७
२.८ कुशेश्वर क्षेत्रमा मनाइने परम्परागत लिङ्ग यात्रा २८

**तेस्रो अध्याय**

**कुशेश्वर मन्दिरमा हुने पूजाविधि तथा पर्व पूजाहरु**

३.१ कुशेश्वर मन्दिरमा गरिने पूजाविधि २९
३.१.१ नित्य पूजा २९
३.१.१.१ मध्यान्हको पूजा ३३
३.१.१.२ सन्ध्या पूजा ३३
३.२ कुशेश्वरमा मनाइने पर्वपूजाहरू ३३
३.२.१ वार्षिक पर्वपूजाहरू ३४
३.२.१.१ हरिशयनी एकादशी ३४
३.२.१.२ साउने सोमवार ३४
३.२.१.३ हरितालिका तीज ३४
३.२.१.४ जनै पूर्णिमा ३५
३.२.१.५ कुशे औँशी ३५
३.२.१.६ विजया दशमी ३५
३.२.१.७ ठूली एकादशी ३६
३.२.१.८ बालाचर्तुदशी ३६
३.२.१.९ मकर मेला ३७
३.२.१.१० शिवरात्री ३७
३.२.१.११ रामनवमी ३९
३.२.२ बाह्र वर्षे मेला ३९
३.२.३ अर्धकुम्भ मेला ४०
३.२.४ कोटी होम ४०
३.२.५ सप्ताह ४०
३.३ लिङ्गयात्रा ४१

**चौथो अध्याय**

**कुशेश्वर मन्दिरको कला वास्तुकला**


४.१ कला ४५

४.२ कुशेश्वर शिवलिङ्ग ४५

४.३ कुशेश्वर क्षत्रको चारै दिशामा रहेका देवी देवताहरु ४६

४.४ कुशेश्वर मन्दिर परिसरमा स्थापित विभिन्न मूर्तिहरू ४८

४.४.१ हनुमानको मूर्ति ४९

४.४.२ पितलको ठूलो नन्दी ४९

४.४.३ डंगोल परिवारको कुल देवता ४९

४.४.४ गोपालदास बाबाको समाधी स्थलमा रहेको शिवलिङ्ग ४९

४.४.५ उमामहेश्वरको मूर्ति ५०

४.४.६ बुढानिलकण्ठ नारायण ५०

४.४.७ बटुक भैरव ५१

४.४.८ १०८ शिवलिङ्ग ५२

४.४.९ शिलाको बासुकी नाग (विष्णु पाञ्चायन) ५२

४.४.१० राम, सिता, लक्ष्मण, हनुमान सहितको मूर्ति ५२

४.४.११ गणेश, लक्ष्मी, सरस्वती सहितको मूर्ति ५२

४.४.१२ राधाकृष्णको मूर्ति ५३

४.४.१३ दुर्गा भगवतीको मूर्ति ५३

४.४.१४ त्रिशूलहरु ५३

४.५ वास्तुकला ५३

४.६ कुशेश्वर मन्दिर ५४

४.७ कुशेश्वर मन्दिरको हालको अवस्था ५५

४.८ कुशेश्वर मन्दिर परिसरमा रहेका वास्तुकला ५६

४.८.१ तुलसीको मठ ५६

४.८.२ कोटीहोम (हवन् कुण्ड) ५७

४.८.३ यज्ञशाला (अखण्ड दीप) ५७

४.८.४ कुम्भ स्तम्भ ५७

४.८.५ विश्वामित्र गुफा ५८

४.८.६ पाटी ५८

४.८.७ सत्तल ५८

४.८.८ जोर सत्तल ५९

४.८.९ गुरूकुल आश्रम ६०

**पाँचौ अध्याय**

**उपसंहार**

५.१ सारांश ६१

५.२ सुझावहरू ६६

**सन्दर्भ ग्रन्थसूची**

**परिशिष्टहरू**

**फोटोहरू**

# चित्रफलक सूची

१) श्री कुशेश्वर आदिलिङ्ग (दुम्जा)

२) श्री रूद्रागारेस्वर सिद्धलिङ्ग (पशुपति)

३) हनुमानको मूर्ति (दुम्जा)

४) पितलको ठूलो नन्दी (दुम्जा)

५) डंगोल परिवारको कुल थान (दुम्जा)

६) गोपालदास बाबाको समाधी स्थलमा रहेको शिवलिङ्ग (दुम्जा)

७) उमामहेश्वरको मूर्ति (दुम्जा)

८) बुढानिलकण्ठ नारायण (दुम्जा)

९) बटुक भैरव (दुम्जा)

१०) १०८ शिवलिङ्ग (दुम्जा)

११) शिलाको बासुकी नाग (विष्णु पाञ्चायन) दुम्जा

१२) राम, सिता, लक्ष्मण, हनुमान सहितको मूर्ति (दुम्जा

१३) गणेश, लक्ष्मी, सरस्वती सहितको मूर्ति (दुम्जा)

१४) राधाकृष्ण मूर्ति (दुम्ज

१५) दुर्गा भगवतीको मूर्ति (दुम्जा)

१६) त्रिशूलहरू (दुम्जा)

१७) कुशेश्वर मन्दिर (दुम्जा)

१८) कुशेश्वर मन्दिरको हालको अवस्था (दुम्जा)

१९) तुलसीको मठ (दुम्जा)

२०) कोटीहोम (हवन् कुण्ड) दुम्जा

२१) यज्ञशाला (अखण्ड दीप) दुम्जा

२२) कुम्भ स्तम्भ (दुम्जा)

२३) विश्वामित्र गुफा (दुम्जा)

(२४) पाटी

(२५) सत्तल

(२६) जोर सत्तल

(२७) गुरूकुल आश्रम

(२८) मन्दिर परिसरमा रहेका घण्टाहरू (दुम्जा)

(२९) काठमाडौंको टेकु स्थित कुशेश्वर महादेवको मन्दिर

# पहिलो अध्याय

# परिचय

## १.१ अध्ययनको परिचय

सिन्धुली सदरमुकामबाट १४ कोष उत्तर पश्चिम र काठमाडौँबाट १८ कोष पूर्वमा पर्ने दुम्ज (नेपालथोक) मा कुशेश्वर मन्दिर अवस्थित छ । समुद्री सतहबाट ७ सय ५० मिटर देखि ३ हजार ७ सय मिटर सम्मको उचाईमा छ । सुनकोशीको तिरमा रहेको कुशेश्वर महादेव सनातनी हिन्दु धर्मको आस्था र विश्वासको केन्द्र मानिन्छ । यो ठाउँ लिच्छविकाल, मध्यकाल, शाहकालमा राम्ररी विकास भएको देखिन्छ । सुनकोशी र रोशी खोलाको दोभानमा अवस्थित आदिलिङ्ग कुशेश्वर महादेवको नामबाट गाविसको नाम नै कुशेश्वर राखिएकोमा हाल आएर सुनकोशी गाउपालीका वडा नं. १ बनाईएको छ । सिन्धुली, काभ्रे र रामेछाप जिल्लाको संगमस्थल रहेको कुशेश्वर महादेव धार्मिक हिसाबले अत्यन्तै महत्वपूर्ण तिर्थस्थलको रुपमा मानिन्छ । यो स्थल सिन्धुली जिल्लाको कुशेश्वर दुम्जा गाविसको बेसीमा अवस्थित छ । काठमाडौंका डंगोल परिवारको इष्ट देवताको रुपमा मानिन्छ । सो क्षेत्रको वर्णन हिमवतखण्डमा गरिएको आधारमा पनि कुशेश्वरलाई एउटा महान तिर्थस्थल धार्मिक आस्थाको केन्द्र र सांस्कृतिक धरोहरको रूपमा लिन सकिन्छ । हिमवतखण्ड अनुसार ब्रह्मले विश्व सृष्टिको लागी तपस्या गर्दा उत्पति भएको शिवलिङ्गलाई आदिलिङ्ग भनिएको हो ।

यस सिन्धुली जिल्लामा रहेका विभिन्न धार्मिक मठ-मन्दिरहरु, चैत्य, स्तुप लगाएत यहाँ अवस्थित विभिन्न मूर्तिहरूको कारणले गर्दा यो क्षेत्र महत्वपूर्ण स्थलको रूपमा देखिन आएको छ । नेपालमा रहेका यस्ता विभिन्न धार्मिक स्थलहरूको कारणले गर्दा नेपाल एक धार्मिक तथा साँस्कृतिक यात्रीहरूका लागि महत्वपूर्ण केन्द्र हुन पुगेको छ । यी विभिन्न मठ-मन्दिर देवीदेवताहरूको बाहुल्यताको कारणले गर्दा पनि प्राचीनकालदेखि नै विभिन्न सम्प्रदायहरूको विकास भएको देखिन्छ । यी विविध मठमन्दिर मध्ये सिन्धुलीकोकुशेश्वर मन्दिर पनि एक महत्वपूर्ण धार्मिक स्थल हो । काठमाडौँबाट ३ घण्टाको बस यात्रामा सिन्धुलीको नेपालथोक स्थित कुशेश्वर क्षेत्रमा पुग्न सकिन्छ । नेपालको राजधानी काठमाडौँदेखि करिब ८३ किलोमिटरको दुरीमा सिन्धुली जिल्लाको दुम्जामा आदिलिङ्ग श्री कुशेश्वर महादेवको मन्दिर अवस्थित छ । प्राचीनकालको सिन्धुलीको राजनैतिक इतिहास स्पष्ट छैन । तथापि सिन्धुलीको भौगोलिक अवस्थिति हेर्दा र दुम्जाबाट प्रात अंशुवर्माको अभिलेखको आधारमा यो प्रदेश लिच्छवि राजाहरूद्धारा शासित क्षेत्र थियो भन्ने अनुमानित हुन्छ (बज्राचार्य, वि.सं. २०३० पृ ३७७) । काठमाडौं उपत्यकाबाट नजिक भएको कारणले उपत्यकाकै शासक वर्गले सिन्धुली र सिन्धुली देखि पूर्वका जिल्लाहरूमा समेत शासन गदथे भन्ने कुरा अंशुवर्माको अभिलेखबाट थाहा पाउँन सकिन्छ ।

यक्ष मल्लभन्दा चानचुन १०० वर्षपछि जगज्ज्योर्ति मल्लको पालामा लेखिएको 'नगरपतिजयचर्यास्वरोदयटिका' मा यक्ष मल्लले गरेको विजय अभियानको विवरण परेको छ (क्षेत्री र रायमाझी, वि.सं. २०६० पृ २४९) । यस ग्रन्थको पुष्पिकावाक्यमा "प्रसिद्ध नाम चलेका रघुवंशी राजा जय यक्ष मल्लले आफ्ना पुरुषार्थले मिथिला मगध जितेर गयामा गई पितृश्राद्ध गरे तथा पहाडी राजालाई जितेर नेपाल राज्यलाई अकण्डक (शत्रुरहित) बनाए , पूर्वमा बङ्गल देश, दक्षिणमा गंगाजी, पश्चिममा गोर्खा, पाल्पा र उत्तरमा सातदिनको बाटो परसम्म पुगेर नेपाल राज्यको भोग गरे" भन्ने विवरण परेको छ (उही) । यक्ष मल्लका सैनिक सातदिनसम्म तिब्बती क्षेत्रमा हिंडेर पुगेन होला भनेर भन्न सकिदैन, दोलखा बाट प्राप्त 'हिरण्यशप्त'

नामक एउटा ग्रन्थमा यक्ष मल्लको विजय अभियानमा त्यस क्षेत्रका शासकहरूले सघाएका थिए भन्ने आसयको विवरण परेको पाइन्छ । यक्ष मल्लले वास्तवमा पश्चिममा गोर्खा पाल्पासम्म, उत्तरमा सिकारजोंगसम्म, पूर्वमा मोरङ्ग र दक्षिणमा मिथिलासम्म आफ्नो प्रभाव फैलाएका थिए भन्ने देखिन्छ ( क्षेत्री र रायमाझी, वि.सं. २०६० पृ २४९-२५१) ।

काठमाडौं उपत्यकादेखि पूर्वतर्फ रहेको दोलखा प्राचीनकालदेखि नै सामन्त राज्यको अधिनस्थल सामन्तद्धारा शासित क्षेत्र थियो । मध्यकालमा काठमाडौं उपत्यका समेत तीनवटा स-साना राज्यमा टुक्रिएपछि दोलखा पनि बेलाबेलामा स्वतन्त्रतराज्य बन्ने र पुनः केन्दको अधिनमा रहने क्रममा रहेको देखिन्छ । यक्ष मल्लको समयमा दोलखा पनि उनको अधिनमा थियो । तर वि.सं. १५३९ तिर यक्ष मल्लको मृत्यु भएपछि सन् १६०० सम्म करिब एक सय वर्ष जति दोलखा स्वतन्त्रत राज्यको रुपमा रह्यो । इस्वीको सोह्रौं शताब्दीको मध्यताका दोलखामा स्वतन्त्रत रुपमा शासन गर्ने जयइन्द्र सिंहले (करिब वि.सं. १५९७-१६०५) सम्म स्वतन्त्रत रुपमा चाँदीका मुद्रा प्रसारण गरेको पाइन्छ , जुन टाँकाको वर्णन वि.सं.को १६०२ र १६०४ का दुइवटा अभिलेखले समेत गरेका छन् (खतिवडा, वि.सं. २०६७ पृ २३७) । एक वर्षसम्म छिमेकी राज्य दोलखामा प्रसारणमा ल्याइएका मुद्रा सिन्धुली जिल्लामा पुगेनन् भनेर भन्न सकिदैन । सिन्धुली गढी प्राचीन समयदेखि तीब्बत हुदै भारत सम्मको ब्यापारिक मार्गको रुपमा रहेको प्रमुख नाका थियो ।

वि.सं. ११५४ सालमा नान्यदेवले सिमौनगढ राज्य -स्थापना गरेपछि उनिहरुले उपत्यका माथि आँखा गाड्न थालेका थिए । स्थिति मल्लको पालामा लेखिएको गोपाल-राजवंशावली अनुसार वि.सं. ११६८ मा एकपटक मात्र नान्यदेवको समयमा डोयहरूले उपत्यकामा आक्रमण गरेका थिए । त्यस्तै वि.सं. १३०१ मा नान्यदेवकै पनाति रामसिंहले उपत्यकामा आक्रमण गरेको र वि.सं. १३०२ मा डोयहरुले उपत्यकामा आक्रमण गर्दा यस पल्टको युद्ध गोकणभेकमा भएको देखिन्छ । गोपाल-राजवंशावलीमा सो घटनाको वर्णन गर्दा श्री श्री नरमल्लदेवले डोयहरुलाई खड्गले काटे भन्ने विवरण परेको छ । त्यस्तै वि.सं. १३६७ मा फेरी शासकवर्गका एक शक्तिसाली व्यक्ति जयशक्तिदेवद्धारा डोयहरु उपत्यका बोलाइएका थिए ।

त्यसवेला हरिसिंहदेव सिम्रौनगढ राज्यमा विराजमान थिए । यसपालीको डोयहरुको आगमन उपत्यका वासीहरुलाई निकै महँगो पऱ्यो । सो सेनाको नेतृत्व हरिसिंहदेवका मन्त्री चण्डेश्वरले गरेका थिए । यस बेलाको आक्रमणमा पशुपतिनाथका एक्काइसै वटा ढुकुटी फोरेर डोयहरुले सबै सम्पति लगेका थिए , पछि फर्कदा पनि बनेपा देखि तराईसम्मका बाटामा ठाउँ-ठाउँका मानिसहरुलाई काट्दै हिडेका थिए । वि.सं. १३८१ मा सिम्रौनगढका राजा हरिसिंहदेव गयासुद्दिन तुगलकको आक्रमणपछि सिम्रौगढ राज्य ध्वस्त पारेपछि उनी नेपालको पहाडतर्फ भैतारिदै दोलखातिर जान लाग्दा तीन पाटन सिन्धुली जिल्लाको कमला खोचको माथि महाभारत-पर्वको श्रृफ्लाभित्र हरिसिंहदेवको निधन भएको देखिन्छ (क्षेत्री र रायमाझी, वि.सं. २०६० पृ २१३,२१४) । यी विभिन्न समयमा उपत्यकामाथि भएका आक्रमणका घटनाहरुमा डोयहरु सिन्धुली बनेपाको बाटो गरी काठमाडौं उपत्यकामा आक्रमण गर्ने, देवस्व हरण गर्ने, मठ- मन्दिरमा आगो लगाएर सम्पति लगने क्रममा हरिसिंहदेवको पालामा भएको आक्रमणमा बनेपादेखि तराइसम्मका ठाउँ-ठाउँका मान्छेलाई काट्ने क्रममा डोयहरुले आदिलिङ्ग कुशेश्वरको लिङ्गलाई पनि खड्गले हान्दा चोइटिएको भन्ने भनाइ पनि बुढापाकाहरुबाट जानकारी पाउन सकिन्छ । यी कुराहरुलाई आधार मानेर बिचार गर्दा नभन्दै लिङ्ग चोइटिएर केही ढल्कीएको अवस्थामा रहेको छ ।

नेपाल एकीकरणको क्रममा पृथ्वीनारायण शाहले कीर्तिपुर कब्जा गरेपछि कान्तिपुरका राजा जयप्रकाश मल्लले वृटिश कम्पनी सरकारसित सैनिक सहयोग माग्ने निधो गरी मुक्तानन्द वैरागी र रामदासको हातमा वेतियामा बसेका कम्पनी सरकारका दूत गोल्डीङ्गकहाँ पत्र पठाइ सैनिक सहयोगको माग गरे । गोल्डीङ्गले जयप्रकाश मल्ललाई सैनिक सहयोग दिन उचित छ भन्ने सिफारिस पटना स्थित कम्पनी सरकारका हाकिम टमस रम्वोल्डलाई पठाए । उता पृथ्वीनारायण शाहले पनि पटना आफै आइ रम्वोल्डसँग कुरा गर्ने इच्छा व्यक्त गदै केहरसिंह वस्नेतलाई पत्रसाथ पटना पठाएका थिए । रम्वोल्डले पृथ्वीनारायण शाहको पत्रको कुनै वास्ता गरेनन् । उनले जयप्रकाश मल्लको पक्ष लिदै आफ्नो राय र दुवै राजाको पत्र कलकत्ता स्थित सेलेक्ट कमिटिका अध्यक्ष कहाँ पठाए , कमिटिले लामो विचार विमर्शपछि जयप्रकाश मल्ललाई मद्धत गर्ने निधो गऱ्यो । यस निधो अनुरुप कप्तान किनलकको नेतृत्वमा २४०० सैनिकलाई सिन्धुली गढीको बाटो हुदै काठमाडौं पठाइयो । बाटो देखाउन र रसदपानीको व्यवस्था गर्ने रामदास किनलकसँगै आए । अर्कोतर्फ गोर्खालीहरुको एउटा दल सिन्धुली गढी देखि ३ माइल टाढा पर्ने पौवा गढीमा र अर्को दल ढुंग्रेवासमा शत्रुको प्रतिक्षा गरी वस्यो । ढुंग्रेवासमा भएको युद्धमा अंग्रेज सेनाहरु थुप्रै हताहत भए भने पौवागढीमा अंग्रेज सेनाले आफूसँग भएको बन्दुक र हातहतियारहरु छोडी भाग्न बाध्य हुनु पऱ्यो । स्वयं किनलक भागेर बारामा आई २ वर्ष सम्म बसे किनलकको सेनाले फालेर गएको ३०० जती राइफल गोर्खाली सेनाले प्राप्त गऱ्यो । (क्षेत्री र रायमाझी, वि.सं. २०६० पृ ४७२) ।

सिन्धुलीमाढीबाट १९ कि.मि. को दुरीमा बनेपा-बर्दिवास सडकको सोला भन्ज्याङ्गबाट केही माथि जंगलको विचमा भग्नावशेषको रुपमा रहेको यो दरबार बमवीर विक्रम राणाबाट वि.सं. १९५६ मा तयार गरी बसोबास गरेको कुरा यहाँ पाइएको वि.सं. २०४३ को शिलापत्रबाट जानकारी हुन्छ । राणाकालीन दरबार

झै बृटिश दरबारको शैलीमा निर्माण गरिएको यो दरबारको हाल एउटा सानो खण्ड मात्र भग्नावशेषको रुपमा रहेको पाइन्छ । कम्पाउण्ड वालको केही अंश बाँकी रहेको छ । संरक्षणको अभावमा यो ऐतिहासिक दरबार जीर्ण हुँदै यतिबेला पृथ्वीको गर्भमै विलिन हुन पुगेको छ । झाडीमा परिणत भएको छ । ऐतिहासिक महत्वको यो धरोहरलाई पुनः निर्माण गरेर जीवन्तता दिन सके यसले आफ्नो ऐतिहासिक महत्वलाई निरन्तरता दिदै पर्यटकीय स्थलको रुपमा पनि यसले महत्व पाउने थियो । सिन्धुली गढीको नाम कसरी रह्यो भन्ने बारेमा एउटा भनाइ रहेको पाइन्छ । सिन्धुल राजाले आफ्नो राज्यसत्ताबाट सन्यास लिएर मुक्ति प्राप्तिको लागि हालको सिन्धुलीगढीको महाभारत पर्वतको टाकुरामा आएर तपस्या गरी मुक्ति प्राप्त गरेको ठाउँ हुनाले यस ठाउँको नाम सिन्धुल रहन गयो । पछि सिन्धुलबाट सिन्धुली र गढीलाई जोडेर सिन्धुलीगढी रहन गएको बताइन्छ । सिन्धुली जिल्लाको जलकन्या गाउँपालीका वडा नं. ९ गढी डाँडा समुन्द्र सतहबाट ४६४५ फिटमाथि अवस्थित यो ऐतिहासिक गढीको निर्माण मकवानपुरका राजा शुभसेनका छोरा मणिक्य सेनले गरेका हुन भन्ने बुढापाकाहरुको भनाइ रहेको छ । वि.सं. १८२४ मा काठमाडौँका राजा जयप्रकाश मल्लको अनुरोधमा गोर्खाली सेनामाथि आक्रमण गर्न इष्ट इण्डिया कम्पनी सरकारले पठाएको कप्तान किनलोकको नेतृत्वको २४०० सेनालाई यही गढीबाट वीर गोर्खाली सेनाले परास्त गरी भगाएका थिए । १६०० को संख्याका अग्रेज सेनाहरु मारिएका थिए । यो एउटा नेपालको साम्राज्यवाद्माथिको विजय पनि थियो (लामा, वि.सं. २०६६ : सिन्धुली जिल्लामा भएका सम्पदाहरुको सर्वेक्षण विवरण, अप्रकाशीत) ।

कप्तान किनलोकको कमाण्डमा आएका अग्रेज सेनाहरुले नेपाली सेना आडभन्ज्याङ्गमा नाकाबन्दी गरेर बसेको थाहा पाएर ढुंग्रेभन्ज्याङ्गबाट नै आधुनिक हतियारबाट गोली प्रहार गर्दै अघि बढ्न थालेपछि गोर्खाली सेनाहरुले आडभन्ज्याङ्गबाट गोली प्रहार गर्न थाले भने निगालेगाउँका मगरहरुले गुलेली,मट्याग्रा र घुँयत्रोले हानेर अरिङ्गलको गोला फुटाइदिए । दुवैतर्फको गोली हानाहान बाट भएजति अरिङ्गलको गोलो फुटेपछि सेतो टोप लगाएका अग्रेजहरुलाई अरिङ्गलले टोकेर भाग्न बाध्य बनाए । सिस्नु र अल्लोको घारी हुँदै भाग्दा सिस्नुले पोल्न थाल्यो । सोही समयमा मगरहरुले लखेट्दै खुकुरी प्रहार गर्न थाले नेपालमा त झारपातै वैरी, किराफट्याग्रा वैरी, मान्छे वैरी भन्दै तोपहरु लगाएत आफूसँग भएका हातहतियार छाडेर भाग्दा १ जना अफिसर समेत १६०० अग्रेज सेनाहरुले ज्यान गुमाएका थिए भन्ने भनाइ रहेको पाइन्छ (लामा, वि.सं. २०६६ : सिन्धुली जिल्लामा भएका सम्पदाहरुको सर्वेक्षण विवरण, अप्रकाशीत) । आडभन्ज्याङ्ग बनेपा-बर्दिबास सडक खण्डको सोला भन्ज्याङ्गबाट केहि अगाडि सडकभन्दा माथिल्लोपटि अवस्थित छ । आडभन्ज्याङ्गको प्रवेशद्धार सडकमै जोडिएको छ । चारैतफ ढुङ्गको पर्खाल लगाइएको छ । पर्खालको विच विचमा बन्दुक हान्नको लागि आड लिने प्वालहरु राखिएका छन् । विचमा एउटा ठूलो रूख छ ।

सिन्धुलीका अन्य मठ-मन्दिरहरु मध्ये पर्वतादि सृष्टिको ज्ञान प्राप्त गर्न ब्रह्ममाजीले तपस्या गर्दा उत्पति भएको र चौसठ्ठी ज्योतिर्लिङ्ग मध्ये पहिलेको हुनाले यस लिङ्गलाई आदिलिङ्ग पनि भनिएको हो । कुशेश्वरको

नाममा निर्मित सिन्धुलीको आदिलिङ्ग कुशेश्वर महादेवको मन्दिर पनि एक हो, जुन मन्दिर सम्पुर्ण नेपाल राज्यमा प्रसिद्ध छ । सिन्धुली वासीहरु कुशेश्वरलाई सिन्धुलीको महत्वपूण धार्मिक तीर्थ स्थलको रुपमा मान्दछन् । सिन्धुली भोटको व्यापार मार्गमा पर्ने प्रमुख व्यापारी मार्ग हुनुको साथै तिरहुतका डोयहरु र वृष्टिश सैनिको उपत्यकामाथि आक्रमण गर्ने प्रमुख मार्गको रुपमा रहेकाले यहाँ आदिलिङ्गकुशेश्वर महादेवको बढी प्रतिष्ठा भएको देखिन्छ भने काठमाडौंका डंगोल परिवारको कुलदेवताको रूपमा कुशेश्वरलाई मानिएको देखिन्छ ।

## १.२ समस्या कथन

सिन्धुली जिल्लाको बारेमा अन्य विभिन्न पक्षहरुको खोज अनुसन्धान गरिएको भएता पनि त्यहाँ अवस्थित आदिलिङ्ग श्री कुशेश्वर महादेवको सांस्कृतिक पक्षको विस्तृत अध्ययन भने भएको देखिदैन । आजको दिनसम्म जे-जति धार्मिक, साँस्कृतिक गतिविधिहरु भइराखेका छन् , त्यसको जानकारी आगामी दिनमा भावी पुस्तालाई गराउन आवश्यक देखिएकोले यो अनुसन्धान अपरिहार्य देखिन्छ ।यो मन्दिरको बारेमा सामान्य अध्ययन भए पनि विस्तृत रुपमा अनुसन्धानको खाँचो देखिएको छ । नेपालमा भएका विभिन्न प्रसिद्ध मठमन्दिरहरु मध्ये सिन्धुलीमा अवस्थित श्री कुशेश्वर महादेवमा केन्द्रित भई अनुसन्धान गर्न आवश्यक भएकोले यस शोधकार्यमा निम्न बुँदाहरुलाई समस्या कथनको रूपमा लिएको छ , जुन यस प्रकार छन् :

क. कुशेश्वर महादेवको इतिहासको विस्तृत रुपमा अध्ययन नभएको ।

ख. कुशेश्वरमा गरिने जात्रा, पूजा विधिबारे अध्ययन नभएको ।

ग. कुशेश्वरको कलावास्तुकलाको बारेमा अध्ययन नभएको ।

## १.३ अध्ययनको उद्देश्य

नेपालमा भएकाविभिन्न मठमन्दिरहरु मध्ये सिन्धुलीको आदिलिङ्ग श्री कुशेश्वर महादेव पनि एक महत्वपूर्ण मन्दिर हो । यो मन्दिर नेपालथोक बजारको पूर्वोत्तरमा अवस्थित छ । यो मन्दिर वरपर अन्य विभिन्न देवीदेवताको मन्दिर, मर्तिहरु जस्तो उमामहेश्वर मूर्ति, बटुक भैरव मूर्ति, गोपालदास बाबाको समाधि स्थल, बुढानिलकष्ठ नारायण मूर्ति, यज्ञशाला, बासुकी नाग, १०८ शिवलिङ्ग, गयोश राम सिता लक्ष्मण हनुमान सहितको मूर्ति, लक्ष्मी सरश्वती गणेशको सहितको मूर्ति, राधा कृष्णको मूर्ति, दुर्गामाताको मूर्ति, चन्द्रमा, सूर्य नारायण, हनुमान, शिलाको नन्दि, विश्वामीत्र ऋषिले तपस्या गर्दाको शिवलिङ्ग, बाराही शिला, चन्द्र सूर्य, तथा प्रस्तर कलाको लागि महत्वपूर्ण मानिने मूर्तिहरु पनि यहाँ रहेका छन् ।

यो सिन्धुली जिल्लाको कुशेश्वरको साँस्कृतिक पक्षको बारेमा अनुसन्धानकर्ताहरुको ध्यान नपुगेको कारणले यसको साँस्कृतिक पक्ष उजागर गरी जनसमक्ष प्रस्तुत गर्ने यस शोधकार्यको प्रमुख ध्येय तथा उद्देश्य

रहेको छ, किनकी कुशेश्वर मन्दिरको प्राचिनता र त्यहाँ रहेका पुरातात्विक वस्तुको प्रमाणहरु, जानकारी तथा प्रकाशनमा ल्याउनु पर्ने देखिन आएको छ, तर यति ठूलो महत्व बोकेको मन्दिरको बारेमा आजसम्म यो सँग सम्बन्धित, यसको धार्मिक, साँस्कृतिक पक्ष पर्व तथा पुरातात्विक दृष्टिकोणबाटकुनै किसिमको अध्ययन अनुसन्धान हालसम्म नभएको कारणले गर्दा यस मन्दिरको बारेमा खोज अनुसन्धानात्मक अध्ययन गरी निम्न लिखित उद्देश्यहरु पूरा गर्ने लक्ष्य रहेको छ, जसलाई तल उल्लेख गर्नु आवश्यक देखिन्छ ।

क. आदिलिङ्ग श्री कुशेश्वरको ऐतिहासिकताको विस्तृत रुपमा अध्ययन गर्ने,

ख. आदिलिङ्ग श्री कुशेश्वरमा गरिने जात्रा, पूजा विधिबारे अध्ययन गर्ने,

ग.आदिलिङ्ग श्री कुशेश्वर मन्दिर र मन्दिर परिसको कलवास्तुकलाको अध्ययन गर्ने ।

## १.४ पूर्व साहित्य समिक्षा

सिन्धुली जिल्ला सुनकोशी गाउँपालीका वडा नं. १ मा अवस्थित कुशेश्वरको साँस्कृतिक पक्षलाई लक्षित गरी आजसम्म कुनै पनि अनुसन्धानकर्ताले अनुसन्धान गरेको पाइदैन । यसर्थ शोद्यकार्यको निम्ति यो ठाउँ एक नविन क्षेत्र हो । कुशेश्वरको साँस्कृतिक पक्षसँग सम्बन्धित कुनै किसिमको प्रकाशित वा अप्रकाशित साहित्य सामाग्रीहरु पादैनन् । यस विसयसँग केही सम्बन्धित पुस्तक, लेखहरु रहेका छन् , जसमा सिन्धुली जिल्लाको कुशेश्वरको साँस्कृतिक पक्षको बारेमा भने विस्तृत रुपमा उल्लेख गरिएको पाइदैन । शोधकार्यलाई सहज तुल्याउन केहि विदुवानहरुबाट प्रकाशित पुस्तक रचनाहरुको अध्ययन गरिएको छ । जस्तै :

(१) बज्राचार्य, ज्ञानरत्न. (वि.सं. २०११). श्रीमत्पशुपतिपुराणम, श्रीवागेश्र छापाखाना : कान्तिपुर नेपाल । ज्ञानरत्न बज्राचार्य द्धारा लिखित पुराणमा ६४ शिवलिङ्गहरुको उल्लेख गर्ने क्रममा आदिलिङ्ग कुशेश्वर महादेवलाई पहिलो नंम्बर ( पृष्ठ १९० ) मा राखिएको छ । जसलाई तल यस प्रकारले उल्लेख गरिएको छ ।

आदिलिङ्ग श्री कुशेश्वर शिवलिङ्ग पूर्व २ नं दुम्जामा :- यो स्थान देखि पूर्व दुईशय धनुमा लीलाबत्ती ( रोसी) र स्वर्ण कौशिकाको संगममा दुर्गा तीर्थ छ । यी देवताले ब्रह्मले सृष्टि गर्नाका इच्छाले महादेवको आराधना गर्दा उत्पन्नभै सृष्टिको अधिकार दिनुभएको छ । उहाँकै उपासनाद्धारा इन्द्रादि देवताले राज्य लाभ गरेको अन्तरवेदीमा बस्ने भ्रष्टनाम भएका ब्राह्मण फाल्गुण कृष्ण अमाबश्यामा यी देवताको दर्शन नगरि रात्रीमा मृत्यु हुनाले मुक्त भै शिवपुरी गएको छ । विरुपाक्षले माघ कृष्ण चतुर्दशीका दिनमा दर्शन पूजान गर्दा कुष्टदिरोगदेखि मुक्त भएको छ । योजगा चित्रकुट पर्वतमा कुल पीठ कहलाउँछ । यो पुस्तकमा यस क्षत्रको ऐतिहासिक, धार्मिक, राजनैतिक, सामाजिक र आर्थिक पक्षलाई समेटेर लेखिएको छ । यसै पंङ्तिलाई आधार मान्दै मेरो अनुसन्धानले अझ विस्तृत रुपमा अध्ययन गर्ने छ ।

(२) योगी, नरहरिनाथ. (वि.सं.२०१३). हिमवत्खण्ड, वाराणासी : योगप्रचारिणी गोरक्षटिल्ला काशी ।

नरहरीनाथ योगी द्धारा लिखित हिमवत्खण्ड पुराणको द्धितिय संस्करणमा दुम्जा कुशेश्वर क्षेत्रको विविध विषयवस्तुको अध्ययनको लागि उपयोगी ग्रन्थ रहेको छ । यस ग्रन्थले दुम्जाको पौराणिक इतिहास लगाएत त्यहाँको धार्मिक, साँस्कृतिक पक्षहरुको समेत उजागर गरेको छ । यो ग्रन्थ प्रस्तुत शोधका लागि महत्वपूर्ण स्रोत मानिएको छ ।

(३) राव, टीए, गोपिनाथ. (१९६८, वि.सं. २०२५). इलिमेन्ट अफ् हिन्दु आइकोनोग्राफी, न्यूयोर्क : प्यारागन बुक्स ।

टीए गोपिनाथ रावले लेखेको ५ भोलुममा निस्किएको इलिमेन्ट अफ् हिन्दु आइकोनोग्राफी नामक पुस्तक कला सँग सम्बन्धित रहेको छ । यस ग्रन्थमा हिन्दुहरुका विभिन्न देवीदेवताका प्रतिमालक्षण दिनुको साथै कुन युगमा कस्ता प्रतिमा बन्दथे भन्ने कुराको पनि उल्लेख गरिएको पाइन्छ । ग्रन्थमा विभिन्न देवी र तिनका प्रतिमालक्षणको बारेमा पनि विस्तृत चर्चा गरिएको पाइने हुँदा कुशेश्वर महादेवको कला र प्रतिमालक्षणको अध्ययन गर्नको लागि यो पुस्तक उपयोगी स्रोतको रुपमा रहेको छ ।

(४) बज्राचार्य, धनबज्र. (वि.सं. २०३०). लिच्छवीकालका अभिलेख, काठमाडौं : एसियाली अनुसन्धान केन्द्र ।

धनबज्रद्धारा सम्पादित लिच्छवीकालका अभिलेख प्राचीन नेपालको इतिहास, संस्कृति र धर्मको अध्ययनको लागि मूल स्रोत नै मानिन्छ । यस ग्रन्थमा लिच्छवीकालका करिब २०० वटा अभिलेखहरु प्रकाशित छन् । तत्ककलको भाषा संस्कृतिमा रहेका अभिलेखका पाठलाई देवनागरी लिपिमा लेखी अशुद्ध अभिलेखको हुनु पर्ने शुद्धता समेतको संकेत गर्दै टुटेफुटेका र नबुझिने अक्षरहरुसमेत कुन रुपमा हुनुपर्ने हो, त्यही अनुसार उल्लेख गरेर सम्पादन गरिएको यस अभिलेखको महत्व अतुलनीय छ । नेपाली भाषामा उल्था गरी प्राय सबै अभिलेखहरुको टिप्पणी समेत लेखिएको पाइने हुनाले लिच्छवीकालका अभिलेख नामक ग्रन्थलाई प्राचीन इतिहास र संस्कृतिको अध्ययनको लागि आवश्यक कृति मानिन्छ ।

यस पुस्तकको पृष्ट ३७७ मा कुशेश्वरको उल्लेख गरिएको छ , दुम्जाबाट प्राप्त उक्त अभिलेख अंशुवर्माको थियो । यो अभिलेखको धेरै भाग खण्डित भएकाले यस अभिलेखमा के विषय परेको थियो, सो नबुझिएता पनि बचेको भागमा 'श्री कलहाभिमानी नृप' स्पष्ट देखिएकाले (अंशुवर्माको समयको अभिलेख भन्ने बुझिन्छ) । यस अभिलेखबाट कुशेश्वरको साँस्कृतिक पक्षको जानकारी नपाएता पनि प्राचिनकालमा उनको शासन व्यवस्था काठमाडौं देखि पूर्वी जिल्लाहरुमा समेत कायम रहेको देखिन्छ ।

(५) बर्नियर, रोनाल्ड एम् .(१९७८, वि.सं. २०३५). द टेम्पल्स अफ् नेपाल, न्यू दिल्ली : सुन्तान चन्द्र एन्ड कम्पनी ।

बर्नियर द्धारा लिखित द टेम्पल्स अफ् नेपाल शीर्षकको पुस्तकमा नेपालका विभिन्न मन्दिरहरुको कलाकारिताको चर्चा गरिएको छ । १७१ पृ. र २० वटा चित्र फलक रहेको यस पुस्तकमा विभिन्न सातवटा अध्यायहरु छन् । यिनमा कान्तिपुर, भक्तपुर र पाटनका मठमन्दिरहरुको चर्चा पाइन्छ । कुशेश्वर

क्षेत्रको अध्ययनको लागि प्रस्तुत पुस्तक पनि सान्दर्भिक हुने देखिन्छ । यो ग्रन्थ प्रस्तुत शोधका लागि महत्वपूर्ण स्रोत मानिएको ।

(६) वनर्जी, जितेन्द्र नाथ. (१९८५, वि.सं. २०४२). द डेभलपमेन्ट अफ हिन्दु आईकोनोग्राफी, न्यू दिल्ली : मुन्सिराम मनोहरलाल पब्लिसर प्रा. लि. ।

जितेन्द्र नाथ वनर्जी द्धारा लिखित द डेभलपमेन्ट अफ हिन्दु आईकोनोग्राफी नामक पुस्तकमा चित्रहरु बाहेक ६५३ पृष्ठको यो ग्रन्थमा भारतमा मूर्तिपूजाको प्राचीनता, उत्पत्ति, विकास, लगायत प्राचीन भारतीय मुद्रा, सिलहरुमा अंकितमूर्तिहरुको पनि चर्चा गरिएको छ । त्यस्तै मूर्तिहरुमा प्रयोग गरिने प्रविधिक शब्दहरु, आयुधहरु, हस्तमुन्द्रा, वाहान, आशन, आदिको चित्रसहित उल्लेख उल्लेख गरिएको छ । यस पुस्तकको अध्याय एघारमा शैव र शाक्त सम्प्रदाय बारे विस्तृत रुपमा चर्चा गरिएको छ । यो ग्रन्थ भारतको परिप्रेक्षलाई लिएर लेखिएको भएता पनि नेपालको सन्दर्भमा समेत धेरै उपयोगी भएकाले शोध पत्रमा यस पुस्तकलाई पनि आधार मानिएको छ ।

(७) खड्का, अर्जुन. (वि.सं. २०५१). लिंग तीर्थ परिचय, रामशाह पथ काठमाडौं : लालिगुराँस प्रिन्टिङ्ग प्रेस ।

अर्जुन कुमार खड्का द्धारा लिखित लिंग तीर्थ परिचय शिर्षकको पुस्तकमा दुम्जाको आदिलिङ्ग मात्र नभएर रामेछाप, दोलखा लगाएत काठमाडौं समेत गरेर १५ वटा लिङ्गको रुपमा उल्लेख गनु भएको छ । उहाँको यस पुस्तक कुशेश्वर महादेवको अध्ययनको लागि महत्वपूर्ण स्रोतको रुपमा मानिएको छ ।

(८) टण्डन, गोविन्द. (वि.सं. २०५३). पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, पी. यु. प्रिन्टर्स : बत्तीसपुतली काठमाडौं ।

गोविन्द टण्डन द्धारा लिखित पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (एक भाग) पुस्तकको (पृष्ठ १०२) मा महाभारत वनपर्वको पुलस्त्यतीर्थयात्राप्रसङ्गमा नेपालका कतिपय प्रसिद्ध तीर्थस्थलहरुको वर्णन पाइन्छ । त्यहाँ गण्डकी, शालग्राम, (मुक्तिक्षेत्र), महेश्वरीधारा (त्रिशूली) चम्पकारण्य (चाँगु) कुशिकआश्रम, (कुशेश्वर) कौशिकी, अरुण, गौरीशङ्कर हिमाल, कोकामुख (वराहक्षेत्र) आदिको उल्लेख पाइन्छ । त्यस्तै (पृष्ठ ४०९) मा पशुपतिक्षेत्रका मन्दिर, मूर्ति तथा अभिलेखहरुको सङ्कलनको क्रम संख्या ५९२ मा (कुशेश्वर एकमुखे) भनि राखिएको छ । त्यस्तै (पृष्ठ ४४७) मा कुशेश्वरलाई मुखलिङ्ग मान्दै कुशेश्वर (चित्रसङख्या ३) चारौं-पाँचौं शताब्दी मानिएको छ । यो पुस्तकमा कुशेश्वरलाई एक महत्वपूर्ण धार्मिक तीर्थस्थलको रुपमा वर्णन गरिएकाले यस पृष्ठलाई आधार मानेर मेरो अध्ययन कार्यमा यो पुस्तक सहयोगी बन्नेछ, साथै थप शोध खोज गर्न मर्दत पुग्नेछ ।

(९) इन्ग्रिटेड डेभलपमेण्ट एण्ड रिर्सच प्रा. लि. (वि.सं. २०६४). कुशेश्वर तीर्थ, संस्कृति,पर्यटन तथा नागरिक उडयन मन्त्रालय, पुरातत्व विभागको लागि अनुसन्धान प्रतिवेदन : रामशाह पथ काठमाडौं ।

इन्टिग्रेटेड डेभलपमेण्ट ले पुरातत्व विभागलद्धारा लिखित कुशेश्वर तीर्थको अध्ययन प्रतिवेदनमा कुशेश्वरको सामान्य परिचय, स्मारक तथा कलाकृतिहरु संरक्षण एवं सेवा सुधार योजनाको साथै फोटोहरु समावेश गरिएको छ। यस प्रतिवेदनले मेरो अध्ययन लाई अगाडी बढ्न थप सहयोग मिल्ने छ।

(१०) लामा, मोहनसिंह. (वि.सं. २०६६). सिन्धुली जिल्लाका साँस्कृतिक संम्पदाहरुको सर्वेक्षेण विवरण, अप्रकाशित : पुरातत्व विभाग।

मोहनसिं लामाको सर्वेक्षण विवरणमा आदिलिङ्ग कुशेश्वर र त्यहाँ वरपर रहेका पुराना मूर्ति मन्दिर र सतलहरुको नाम उल्लेख यस प्रकार गर्नु भएको छ । १) कुशेश्वर महादेव मन्दिर २) मन्दिरको दक्षिणतफको पाटी ३) मन्दिरको पूर्वतर्फकोठूलो (जोर) सतल ४) यज्ञशाला ५) बटुक भैरव मन्दिर र मूर्ति ६) उमामहेश्र मन्दिर र मूर्ति , उहाँको यस सर्वेक्षण विवरणमा मन्दिरको ऐतिहासिकता, सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक लगाएत केहि कलावास्तुकला लाई समेत सम्क्षपमा जानकारी गराउनु भएको छ, यस विवरणले पनि शोधकार्यमा थप सहयोग पुग्नेछ।

(११) सुवेदी, मधुसुदन र खनाल, पं. कृष्णप्रसाद. (वि.सं. २०६७). स्वयम्भु सिद्धज्योतिलिङ्ग एवं पशुपतिदर्शनमहिमा, परिचित छापाखाना : गोंगबु।

मधुसुदन सुवेदी र कृष्णप्रसाद खनाल द्धारालिखित यस पुस्तकको (पृष्ठ ५२, ५३) मा यो ज्योतिलिङ्ग प्रादुरभावको विषयमा स्कन्दपुराणको हिमवत्खण्डमा रोचक कथा पाइन्छ। पर्वतादि सृष्टिको ज्ञान प्राप्त गर्न पहिले ब्रह्मजीले पहिले यहाँ बसी ध्यान गर्नु भएको थियो । यसै बखत कुशको टुप्पोको स्वरुपमा शिवजी प्रादुर्भाव भएर ब्रह्मजीको इच्छापूण हुने बरदान दिनुभएकोले ब्रह्माले कुशेश्वर नामकरण गरी पूजा गर्नु भएकोले कुशेश्वर र चौसट्ठी ज्योतिलिङ्ग मध्ये पहिलेको हुनाले यस लिङ्गलाई आदिलिङ्ग पनि भनियो। यस पुस्तकलाई आधार मान्दा मन्दिरको ऐतिहासिकता पौराणीक कालसम्म गएको देखिन्छ। यसै पुस्तकको आधारमा मेरो अध्ययनको लागी आवश्यक तथ्यहरु प्राप्त गर्न यो पुस्तक सहयोगी हुने देखिन्छ।

(१२) संङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय. (वि.सं. २०६७). सिन्धुली स्थित हरिहरपुर गढीको अध्ययन प्रतिवेदन, पुरातत्व विभाग : रामशाह पथ काठमाडौं।

पुरातत्व विभागद्धारा लिखित सिन्धुली गढीको अध्ययन प्रतिवेदनमा सिन्धुली जिल्लाको भौगोलिक अवस्थालाई समेत समावेश गरि तयार पारीएको अध्ययन प्रतिवेदनले मेरो शोध पत्र तयार पार्नको लागि थप सहयोग पुग्नेछ।

(१३) श्रेष्ठ, पुरुषोतमलोच. (वि.सं. २०७०). कुशेश्वर महादेवका अभिलेख, प्राचीन नेपाल : राष्टिय अभिलेखालय।

पुरुषोतमलोचन द्धारा लिखित कुशेश्वर महादेवको अभिलेख नामक पुस्तकमा ने. सं. ७९६ को रणसिद्धिमल्लको अभिलेखमा माघकृष्ण शिवरात्रि (शुक्लादिमान अनुसार) का दिनमा श्री रणसिद्धि मल्लदेवले आफ्नी पत्नी सिद्धिश्रीदेवी पुत्र मधुरि पुमल्ल सहित कुटुम्बहरुले भवानीशङ्कर प्रतिष्ठा गरी

पर्खालसमेत लगाउनु भयो भनिएको छ । त्यस्तै अर्को वि. सं. १८७७ रणध्वज थापाको अभिलेखमा रणध्वज महामन्त्रीले धर्मादेवीको नाममा यस पवित्र स्थलमा आउनेहरुका लागि पानीयशाला (पानी खाने ठाउँ) कुशेश्वर महादेवको भक्तिभावमा वि. सं. १८७७ साल, माघ वदि ११ रोजका दिन बनाइदिनु भयो । यसलाई नष्ट गरेमा बिगारेमा त्यो मानिस साठी हजार वर्षसम्म नरकमा कीरा भइ रहन्छ । सदाकाल शुभ होस् । भनि उल्लेख गरेता पनि यी दुवै अभिलेखमा कुशेश्वरको साँस्कृतिक पक्षको बारेमा उल्लेख नगरेता पनि यो तीर्थस्थल परम्परादेखि क्रमश महत्वपूर्ण धार्मिक, साँस्कृतिक स्थान रहेको जानकारी हुन आउछ , शो अध्ययनमा यसले महत्वपूर्ण फाइदा पुऱ्याउछ । यसको आधारमा पुन अध्ययनलाई अगाडी बढाउन सकिन्छ ।

(१४) डंगोल, शंकरमान .(वि.सं. २०७४). लुमन्ति-पौ, कुशेश्वर क्षेत्र सम्पदा संरक्षण प्रतिष्ठान. सिद्धिवर प्रिन्टिङ्ग प्रेस : कलकी काठमाडौं ।

शंकरमान डंगोल द्धारा लिखित लुकन्ति-पौ नामक पुस्तकको पृष्ठ १-७ सम्म कुशेश्वरको उत्पति र इतिहासको बारेमा हिमवत्‌खण्डमा उल्लेख गरिएको कुरालाई यहाँ विस्तृत रुपमा उल्लेख गरिएको हुँदा मेरो अध्ययनलाई अगाडी बढाउन यस पुस्तकले थप सहयोग पुग्नेछ ।

(१५) पोखरेल, निर्मला र खनाल, सन्ध्या .(वि.सं. २०७७). पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा (मूर्त र अमूर्त), पशुपति क्षेत्र विकास कोष. देवपत्तन : काठमाडौं ।

निर्मला पोखरेल र सन्ध्या खनाल द्धारा लिखित पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा (मूर्त र अमूर्त) नामक पुस्तक पुस्तकमा ६६७ पृष्ठ रहेको छ । यो पुस्तकमा प्रकाशीत पशुपति क्षेत्रको संम्पूर्ण मूर्त र अमूर्त सम्पदाहरू विस्तृत रूपमा ब्याख्या गरिएको यस पुस्तकको अध्याय ७ को पृष्ठ १३१-१३८ सम्म नेपालमा पाइएका चौसठी लिङ्गहरु मध्ये श्री रूद्रगारेश्वरको व्याख्या निर्मला पोखरेलले गर्नु भएको छ । साथै त्यहाँको परिसर र वरपर रहेका कलाकृतिहरूको समेत सचित्र वर्णन गर्नुभएको छ। त्यस्तै यस पुस्तकको अध्याय ३ को पृष्ठ ४७४-४७७ सम्म लिङ्गयात्रा गर्ने क्रममा चौसठी लिङ्गको नाम उल्लेख गर्दै दुम्जाको कुशेश्वर महादेव बाट लिङ्गयात्रा सुरु गरेर अन्तमा पशुपतिनाथको रुद्रगारेश्वरमा आएर लिङ्गयात्रा समापन हुने गरेको वर्णन सन्ध्या खनालले यस पुस्तकमा गर्नु भएको छ। मेरो अध्ययनलाई अगाडी बढाउन यस पुस्तकले थप सहयोग पुग्ने छ।

(१६) पोखरेल, निर्मला . (वि.सं. २०७७) पशुपति क्षेत्रका शाक्त कलाकृतिहरु, त्रिभुवन विश्वविद्यालय , ( पिएच. डी. थेशिस अप्रकाशीत) : काठमाडौं ।

निर्मला पोखरेल द्धारा लिखित पशुपति क्षेत्रका शाक्त कलाकृतिहरु नामक शोध पत्र शाक्त धर्म संग सम्बन्धित रहेको छ । यस शोध पत्रमा शाक्त धर्म भित्र रहेका देवीदेवताका कलाकृतिहरुको बारेमा विस्तृत अध्ययन अनुसन्धान गरिएको हुँदा कुशेश्वर क्षेत्रका कलाकृतिहरुको अध्ययनमा यस शोध पत्रलाई पनि एउटा महत्वपूर्ण स्रोतको रुपमा लिइएको छ ।

(१७) अर्याल, मदनप्रसाद. (मिति छैन). चण्डी दुर्गा सप्तशती, बालाजु बाइपास काठमाडौं : चण्डेश्वरी प्रकाशन प्रा. लि. ।

मदनप्रसाद अर्याल द्धारा लिखित नेपालीमा चण्डी दुर्गा सप्तशती मा दुम्जा कुशेश्वर क्षेत्रमा रहेको दुर्गा तीर्थको विविध विषयवस्तुको अध्ययनको लागि उपयोगी ग्रन्थ रहेको छ । यस ग्रन्थले दुम्जा कुशेश्वरको पौराणिक इतिहास लगाएत त्यहाँको घार्मिक, साँस्कृतिक पक्षहरुको समेत उजागर गरेको छ । यो ग्रन्थ प्रस्तुत शोधका लागि महत्वपूर्ण स्रोत मानिएको छ ।

(१८) कुशेश्वर महादेव संरक्षण समिति . (मिति छैन). आदिलिङ्ग कुशेश्वर तीर्थ, ब्रोसर : दुम्जा सिन्धुली ।

कुशेश्वर महादेव संरक्षण समिति द्धारा लिखित आदिलिङ्ग कुशेश्वर तीर्थ नामक ब्रोसरमा कुशेश्वर महादेव र दुर्गा धामको परिचयको साथै त्यहाको महत्वबारे जानकारी गराइएको हुँदा मेरो अध्ययनलाई अगाडी बढाउन यो ब्रोसरले थप सहयोग पुग्ने छ ।

सिन्धुली जिल्लाको कुशेश्वरको बारेमा केही विदुवानहरुले सीमित मात्रामा अध्ययन गरिएको पाइएता पनि कुशेश्वरको साँस्कृतिक पक्षको बारेमा विस्तृत रुपमा भने अध्ययन अनुसन्धान तथा विश्लेषण नहुनुको साथै सत्य-तथ्य कुराहरु पत्ता लगाइएको पाइदैन । यस कुशेश्वरको साँस्कृतिक पक्षको अध्ययन, अनुसन्धान गरी निष्कर्ष पश्चात् भविश्यका अध्ययकर्ताहरुलाई अध्ययन कार्य गर्न मद्धत पुग्नेछ भन्ने विश्वास गरिएको छ ।

## १.५ शोधको महत्व

कुनै पनि स्थानको संस्कृति भनेको त्यस ठाउँको पहिचानको धरोहर हो । विशेष खालको सँस्कृतिको कारणले गर्दा नै त्यो स्थानको पहिचान र महत्वबारे जान्न सकिन्छ । त्यसैले यस कुशेश्वरको साँस्कृतिक पक्षको अध्ययनबाट निम्न लिखित महत्वबारे जान्न सकिन्छ ।

(क) कुशेश्वरको साँस्कृतिक पक्षको विस्तृत रुपमा अध्ययन भइ सोको बारेमा थप जानकारीका लागि सहयोग पुग्नेछ .,

(ख) कुशेश्वरको मन्दिरसँग सम्बनिधत मूर्त , अमूर्त सम्पदाहरुको विस्तृत अध्ययनबाट भावी पुस्ताको लागि मार्गनिर्देशक बन्नेछ .,

(ग) पूजा जात्रा विधिबारे जानकारी भएपछि त्यसको संरक्षण र सम्वर्द्धनमा टेवा पुग्नेछ .,

(घ) कुशेश्वरको साँस्कृतिक पक्षको बारेमा प्रकाशमा नआएका नयाँ विषयवस्तुको बारे थप जानकारी पाइनेछ ।

## १.६ शोधको औचित्य

सिन्धुली जिल्लाको कुशेश्वरको बारेमा विभिन्न विदुवानहरुले अध्ययन अनुसन्धान गरिएको भएता पनि त्यहाँको साँस्कृतिक पक्षको बारेमा भने विस्तृत अध्ययन नभएकोले जे-जति मात्रामा प्रकाशनमा आए त्यतिमा नै सीमित हुनु परेकोले हाल गरिएको यस अनुसन्धानबाट यसको महत्व औचित्यपूर्ण हुनेछ भन्ने विश्वास गरिएको छ ।

## १.७ अध्ययनको क्षेत्र र सीमा

यस अध्ययनको मुख्य क्षेत्र कुशेश्वर मन्दिरको परिसरभित्र रहेको छ । यो मन्दिर वरपर रहेका विविध पक्षको अध्ययन गर्ने, मन्दिर परिसरमा रहेका अभिलेख, मूर्तिहरु लगाएत विभिन्न पुरातात्विक सामग्रीहरुको विस्तृत अध्ययन नै यस अध्ययनकोक्षेत्र रहेको छ । यसका साथै कुशेश्वर मन्दिरमा गरिने पूजाविधि, चाडपर्व पनि यसको सीमा क्षेत्रभित्र रहेको छ ।

(क) भौगोलिक सीमा :- यस अनुसन्धानको सीमा क्षेत्र सिन्धुली जिल्लाको कुशेश्वर मन्दिरको परिसर भित्र मात्र केन्द्रित गरिएको छ ।

(ख) विषयवस्तु सीमा :- कुशेश्वरमा गरिने पूजा, जात्रा, परम्परागत साँस्कृतिक पक्ष र कुशेश्वरको कलावास्तुकलाको क्षेत्रभित्र मात्र विषयवस्तु केन्द्रित छ ।

## १.८ अध्ययनको शोध विधि

यस अध्ययनपत्र तयार गर्नको लागि प्राथमिक र द्वितीय स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत स्थलगत अवलोकन, अभिलेख संकलन, तस्वीर संकलन, अन्तरवार्ता गरिएको छ । मन्दिर संग सम्बन्धित विभिन्न पुजारी, गुठीयार लगायत जानकार स्थानीय व्यक्तिहरुको साथै बुद्दिजिविहरुसंग अन्तरवार्ता लिइएको छ । मन्दिरका स्थायी पुजारी, गुठीयार, मन्दिरमा आउने भक्तजनहरु र स्थानीयहरूसंग सोधपुछ गनुको साथै सहभागी तथा अवलोकन गरी यस विषयसंग सम्बन्धित सत्य-तथ्य प्रमाण पत्ता लगाइ विश्लेषण गरिएको छ ।

द्धितिय स्रोतमा प्रकाशित पुस्तक, पत्रपत्रिका, लेख रचना आदि रहेका छन् । यसबारे केही अप्रकाशित स्रोतको पनि समावेश गरिएको छ । यस अध्ययनलाई अझ बढी तथ्य सावित गर्नको लागि निम्नलिखित अध्ययन विधिहरु अपनाइएका छन् ।

### १.८.१ प्राथमिक स्रोत

यस अनुसन्धानको लागि सबैभन्दा पहिले सम्बन्धित क्षेत्रको स्थलगत अध्ययनको क्रममा स्थानीय बुद्दिजिवि, सम्बन्धित विषयका जानकारहरु, पुजारी, गुठीसँघकागुठीयारहरु आदिसँग भेटवार्ता, अन्तरवार्ता,

शोधपुछका साथै सम्बन्धित विषयवस्तुको फोटोग्राफी, गर्ने कार्य गरिएको छ । प्राथमिक स्रोत नै अनुसन्धानको मुख्य आधार मानिएको छ । यस स्रोत अर्न्तरगत विभिन्न पद्धतिहरु रहेका छन् ।

#### १.८.१.१ स्थलगत अवलोकन

अध्ययनको लागि प्राथमिक तथ्यांङ्क प्राप्त गर्ने क्रममा सिन्धुली जिल्लाको कुशेश्वर मन्दिरको स्थलगत अवलोकन गरी पूजा विधि, जात्रापर्व, कलावास्तुकला र कुशेश्वरसँग सम्बन्धित परम्पराहरु सम्बन्धित आवश्यक तथ्याङ्क सँकलन गरिएको छ ।

#### १.८.१.२ अभिलेख संकलन

अध्ययनको लागि प्राथमिक तथ्यांङ्क संकलन गर्ने क्रममा स्थलगत अवलोकन गरेर सम्बन्धित क्षेत्रमा रहेका अभिलेखहरू लाई समावेश गरिएको छ ।

#### १.८.१.३ तस्वीर संकलन

अध्ययन स्थलमा गई आवश्यक तस्वीहरु सँकलन गरिएको छ ।

#### १.८.१.४ अन्तरवार्ता

अध्ययनको क्रममा आवश्यक सूचना सँकलन गर्नको लागि आवश्यक प्रश्नहरु तयार गरी प्रत्यक्ष भेटघाटको माध्यमबाट पुजारी, समाजसेवी, गुठीयार र स्थानीय व्यक्तिहरुबाट आवश्यक तथ्याङ्क सँकलन गरिएको छ

#### १.८.१.५ प्रत्यक्ष सहभागीता

शोधकार्य गरिएको अवधिमा जति पनि जात्रापर्वहरु भए त्यसमा सहभागी भएको थिए ।

### १.८.२ द्धिइतिय स्रोत

यस अनुसन्धानको लागि द्धितिय स्रोतको रुपमा यस क्षत्रको बारेमा विभिन्न विदुवानहरुबाट लेखिएको पुस्तक, विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित लेख रचना, सन्दर्भ सामग्रीको रुपमा अध्ययन गरिएको छ । साथै पुस्तकालय अध्ययन एवम् संस्थामा गई अध्ययन गरिएको छ । त्यस्तै विभिन्न संञ्चार माध्यम जस्तो., टि. भी., रेडियो, सामाजिक सञ्जाल,इन्टरनेट समेतको सहयोग लिई शोध कार्यलाई प्रभावकारी बनाइएको छ ।

## दोस्रो अध्याय

## सिन्धुलीको भौगोलिक अवस्था तथा ऐतिहासिक पृष्ठभूमि

### २.१ सिन्धुलीको भौगोलीक अवस्था

मध्यमाञ्चल क्षेत्रका महत्वपूर्ण जिल्लाहरुमध्ये सिन्धुली पनि एक हो । भौगोलिक हिसावले यो जिल्ला$५^{०}$२४' देखि $६^{०}$२२' पूर्वी देशान्तर तथा २$६^{०}$५५' देखि २$७^{०}$२७'उत्तरी अक्षांशभित्र अवस्थित छ । करिब २,४९१ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यो जिल्लाको ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक हिसाबले पनि विशेष महत्व रहेको देखिन्छ (संस्कृति मन्त्रालयको प्रतिवेदन, वि.सं. २०६७ पृ १) ।

नेपालका ७७ जिल्लामध्ये सिन्धुली पनि एक ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक हिसावले महत्वपूर्ण जिल्ला हो । प्राचनिकाल देखिनै यस क्षेत्रमा मानिसहरुको बसोबास भएको संकेत विभिन्न श्रोतहरुबाट जानकारी पाइन्छ । राजनैतिक सीमानाले गर्दा प्राचीनकालदेखिनै नेपालको सीमाभित्र पर्दथ्यो । साथसाथै दक्षिणतिरबाट उपत्यका प्रवेश गर्ने महत्वपूर्ण मार्गमा पर्ने हुनाले सामरीक हिसाबले पनि यस क्षेत्रको विशेष महत्व रहेको मन्न सकिन्छ ।

मध्यकालदेखिको यस क्षेत्रको इतिहास स्पष्ट रुपमा थाहा पाउन सकिन्छ । मध्यकालमा पाल्पालाई केन्द्रविदु बनाइ सेनहरुले विशाल राज्यको स्थापना गरेका थिए । यस समयका संस्थापक राजाको रूपमा रूद्रसेनलाई लिइन्छ । रूद्रसेनपछि यस राज्यमा अरु सेन राजाहरूले पनि राज्य गरेका थिए । ती मध्ये मुकुन्दसेन प्रथम विशेष उल्लेखनीय राजा थिए । पाल्पा राज्यको विस्तारमा उनको उल्लेखनीय योगदान रहेको मानिन्छ । उनले पाल्पा राज्यमा चौतर्फी विकास गर्नुका साथै सेन राज्यको सीमा टाढा-टाढासम्म पुऱ्याएका थिए । यिनले पाल्पा राज्यलाई विस्तार गरी पश्चिममा कुमाउसम्म, पूर्वमा वराहक्षेत्रको अन्त्य अर्थात वर्तमान नेपालको मोरङ्ग, झापा, भारतको जलपायगुढी र पूर्णिमासम्म, उत्तरमा मुक्तिक्षेत्र र गंगा नदीसम्म पुऱ्याएका थिए । गोरखा र धादिङ्गका केही क्षेत्रमा अधिकार कायम गरेको उल्लेख पाइन्छ । उनले यी क्षत्रमा सैनिक अभियानद्धारा विजय हासिल गरेका थिए । मुकुन्दसेन प्रथमले आफ्नो राज्यको पूर्वी क्षत्रमा दृष्टि दिन राप्ती नदीदेखि पूर्व महाभारत पर्वतमा जंगल फडानी गरी मुकुन्दपुर नामक राम्रो बस्ती बसाए र त्यहीँ एउटा दरबार र गढी समेत निर्मान गर्न लगाए । पछि त्यहीं स्थानमा पूर्वी सेन राज्यको रानधानी कायम भयो र मकवानपुर भनियो । साथै यिनको वंश पनि मुकुवानी सेनको नामले प्रख्यात भयो(संस्कृति मन्त्रालयको प्रतिवेदन, वि.सं. २०६७ पृ २) ।

यसरी मुकुन्दसेन प्रथमको पालादेखि सिन्धुली पनि सेन राज्यको सीमाभित्र पर्न गएको देखिन्छ । मुकुन्दसेनको मृत्युपछि माणिक्य सेन पाल्पाको राजा भए । माणिक्यसेन कमजोर स्वभावका राजा भएकाले उनी पछि विशाल सेन राज्य स-साना बुटवल, रिसिङ्ग, तनहुँ, मकवानपुर, राजपुर, भदरिया,दर्छा जस्ता राज्यमा विभाजित भयो । केही इतिहासकारहरुले अन्तिम समयतिर मुकुन्दसेन प्रथमले सेन राज्यका

विविध क्षेत्रमा छोरा, भतिजा, नातीलाई आफ्नो प्रतिनिधिको रुपमा प्रशासन हेर्न लगाएको संकेत गरेका छन् । विविध क्षेत्रमा प्रशासन हेर्न बसेका उनका छोरा, नाती र भतिजाले आफूले प्रशासन हेरेका क्षेत्रलाई स्वतन्त्र राज्य धोषणा गरे मुकुन्दसेन प्रथमका जेठा छोरा माणिक्यसेन पाल्पाका राजा भए । माहिला छोरा विनाएकसेन बुटवलक्षेत्रका राजा भए । मृगुसेन तनहुँका र कान्छा छोरा लोहंग सेन मकवानपुरका राजा भए । नाती रामसेन रिसिङ्गमा, कुवेरसेन राजपुरमा, खड्गसेन भदरियामा राजा बनेर शासन संञ्चालन गर्न थाले सेन राज्यको विभाजन पछि मकवानपुर अलग्गै सेन राज्यको रूपमा विकास भएकोले सिन्धुली मकवानपुर राज्य अन्तर्गत पऱ्यो । लोहंग सेन मकवानपुर राज्यका प्रथम राजा थिए । बुबाको पालादेखि शक्तिशाली देखिएका लोहंग सेनले मकवानपुरको चौतर्फी विकास गर्नुका साथै मकवानपुर राज्यको सीमा पनि टाढा-टाढासम्म फैलाएका थिए । लोहंग सेनपछि राघवनरेन्द्र सेन मकवानपुरका राजा भए । यिनले लामो समयसम्म मकवानपुरमा राज्य गरेका थिए र मकवानपुरको केही सीमाना समेत बढाएका थिए । यिनी पछि हरिहरसेन मकवानपुरका राजा भए । यिनी राघवनरेन्द्र सेनका जेठा छोरा थिए । यिनले वि.सं. १७१८ देखि १७४१ सम्म राज्य गरेका थिए यिनको पालामा पनि सेन राज्यको विस्तार भएको जानकारी पाइन्छ । यिनले आफ्नो राज्य विस्तार गरी गोण्डवारासम्म पुऱ्याएका थिए । साथसाथै हिन्दुपति राजाको उपाधी लिने सेन राजा पनि यिनैलाई मानिन्छ (संस्कृति मन्त्रालयको प्रतिवेदन, वि.सं. २०६७ पृ ३) ।

## २.२ कुशेश्वर क्षेत्रको परिचय

नेपालमा प्रशस्त हिन्दु तीर्थस्थल र देवालयहरु छन् । त्यस्तै बौद्ध तीर्थस्थल र देवायहरूको पनि कमि छैन । त्यसैले नेपाललाई मन्दिरै मन्दिरको देश भन्ने गरेको पाइन्छ । सिन्धुली जिल्लामा पनि त्यस्ता तीर्थस्थलहरू र देवालयहरू प्रशस्त छन् । सिन्धुली जिल्लाको पश्चिमोत्तर कोण काभ्रे, रामेछाप,र सिन्धुलीको सङ्गमस्थल रोशी खोलाको नामले प्रसिद्ध लीलावती (पुण्यमाता) र सुनकोसीको सङ्गममा रहेको दुर्गातीर्थ पनि एक प्रसिद्ध तीर्थ हो । यस तीर्थमा आद्धिलिङ्ग कुशेश्वर महादेवको प्रसिद्ध मन्दिर छ ( प्रत्यक्ष अवलोकन) ।

हिमवत्खण्ड पुराणको आधारमा प्रसिद्ध ६४ शिवलिङ्गहरु मध्ये सर्वश्रेष्ट प्रथम दर्शन गनुपर्ने आदिलिङ्ग कुशेश्वर महादेव स्थान हो । यो कुशेश्वर दुम्जा वेशीमा अवस्थित देवात्मा पुण्य भूमि हो । यो आदिलिङ्ग दुर्गाक्ष घाट (धाम) दुम्जा जनकपुर अञ्चल सिन्धुली जिल्लाको वायव्य कोण काभ्रे, रामेछाप र सिन्धुलीको बीचमा अनादिकाल देखि चलि आएको सनातन हिन्दु परम्परालाई अटल राख्ने नेपालको मुकुट मानवतावादी परिवारको आस्थाको केन्द्र देवात्मा पुण्य तीर्थ प्राकृतिक दार्शनिक तीर्थस्थल कैलाशी मात्रिभूमिको काखमा अवस्थित सर्वश्रेष्ठ महान विश्व प्रसिद्ध मानव जतिको सभ्यता, कला, ज्ञान, विज्ञानलाई अटल राख्ने राष्ट्र, राष्टियता देवात्मा पुण्य तीर्थ प्राकृतिक दर्शनीय तीर्थस्थल हो भनि कुशेश्वर महादेवस्थान संरक्षण समिति दुम्जाका पूर्व अध्यक्ष न्यौपानेका बताउनुहुन्छ ।

काठमाडौबाट १८ कोष अर्थात ८३ किलोमिटर पूर्वमा धार्मिक, सांस्कृतिक, एवं पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण मनोरम आदिलिङ्ग कुशेश्वर महादेव मन्दिर रहेको छ । तथापि प्रचार प्रसार एवं सम्बन्धित निकायको बेवास्ताका कारण सो स्थान अन्य तीर्थस्थलको तुलनामा ओझलमै परेको देखिन्छ । बनेपा, सिन्धुली, बर्दिबास बी.पी राजमार्ग सोही स्थान हुदै गएकोले पर्यटकीय स्थलको रुपमा पनि विकसित हुदै गएको छ । कुशेश्वर महादेवको धार्मिक महत्वबारे हिमवत्खण्डमा विस्तृत रुपमा व्याख्या गरिएको पाइन्छ । हिमवत्खण्डको आधारमा पनि आदिलिङ्ग कुशेश्वर महादेव क्षेत्रलाई एउटा महान तीर्थस्थल, धार्मिक आस्थाको केन्द्र र सांस्कृतिक धरोहरको रुपमा लिन सकिन्छ ।

सुवर्ण कौशिकी अर्थात सुनकोसीको किनार र रोशीखोला (लीलावती, रोहमती) को दोभानमा पवित्र आदिलिङ्ग कुशेश्वर महादेव मन्दिर रहेको छ । रामेछाप, काभ्रे र सिन्धुली जिल्लाको सङ्गमस्थलमा रहेको कुशेश्वर महादेव सिन्धुली जिल्लाको कुशेश्वर दुम्जा गाविसमा रहेकोमा हाल त्यसलाई परिवर्तन गरेर ( कुशेश्वर दुम्जा) सुनकोसी गाउँपालीका वडा नं. १ मा पर्दछ । उत्तरतर्फ रामेछापको मनोरम प्राकृतिक सौद्धर्ययुक्त सुनापति पहाड, पश्चिमतर्फ काभ्रेको तिमाल डाँडा र दक्षिणतर्फ महाभारत पर्वतशृङ्खलाले घेरिएको सुनकोसीको मौदानी उपत्यकामा आदिलिङ्ग कुशेश्वर महादेवको मन्दिर बाहेक दुर्गाघाट (घाम) विश्वामित्र ऋषिले तपस्यागरेको विश्वामित्र गुफा, प्रसिद्ध खैरेनीघाट, मनोरम गजुलीदह लगाएत ऐतिहासिक एवं धार्मिक स्थलहरु रहेका छन् (प्रत्यक्ष अवलोकन) ।

आजभन्दा लगभग ४०० वर्ष अघि दुम्जामा बसोबास गर्ने (दुगु, डंगोल) परिवारको कुल देवता कुशेश्वर महादेव भएकाले पनि दुम्जा बसोबासको हिसाबले पुरानो बस्ती भएको बुझिन्छ । राजा महेन्द्र मल्लको पालामा दुम्जाबाट काठमाण्डौं झिकाई पशुपति लगाएत गुठीका जग्गाहरु नाप्न लगाए पश्चात उनीहरूलाई डंङ्गोल भन्न थालिएको कुरा इतिहासमा उल्लेख गरिएको पाइन्छ । काठमाण्डौंमा नै राजा महेन्द्र मल्लले बिर्ता दिएर राखेपछि डंङ्गोलहरूले पुनः टेकुमा दोस्रो कुशेश्वर महादेवको मन्दिर स्थापना गरि  पूजाआजा गदै आएका छन् । काठमाण्डौंका आदिवासीका रूपमा रहेका डंगोलहरूले दुम्जास्थित कुशेश्वर महादेवस्थानको विकासमा चासो राख्दै आएका छन् । धार्मिक चाडपर्वको साथै कशेश्वर क्षेत्रमा काठमाण्डौं, बनेपा, सिन्धुली, काभ्रे, रामेछाप, लगाएतका क्षेत्रबाट पिकनिक, म्युजिक भिडियो, छायाङ्कन र घुमघामका लागि आउँने पर्यटकहरुको संख्या  पनि बढदै गएको छ । बनेपाबाट धुलीखेल, भकुण्डेबेसी, कटुञ्जेहुदै रोशी खोलाको तिरैतिर ५१ किलोमिटरको यात्रापछि कुशेश्वर क्षेत्र (नेपालथोक) पुग्न सकिन्छ भनि न्यौपाने बताउनु हुन्छ ।

राताम्य लालीगुँरास ढकमक्क फुल्ने महाभारतको उच्च पहाडी श्रृङ्खलादेखि रोशी र सुनकोसीका समथर फाँटले (कुशेश्वर दुम्जा) रोशी गाउँपालीकालाई भौगोलिक विविधता प्रदान गरेको छ । महाँभारतबाट उतरतर्फ झर्ने पहाडी झरनाहरुले प्राकृतिक मोहकता मात्र होइन विकासका प्रसस्त सम्भावना पनि बोकेको छ । तीन जिल्लाको संङ्गमस्थलको रुपमा रहेको यस गाउँपालीकाको पूर्वमा सिन्धुलीको

झाँगाझोली दक्षिणमा नेत्रकाली, तामाजोर र वस्तिपुर पर्दछ भने पश्चिममा काभ्रे जिल्लाको भिडखोरी र मेच्छे उतरमा रामेछाप जिल्लाको राकथुम गाउँपालीका रहेको छ । सुनकोसीको उन्मुक्त छाल र रोशी खोलाको दोभानमा विशिष्ट धार्मिक आस्थाको केन्द्रविन्दुका रुपमा रहेको आदिलिङ्ग कुशेश्वर महादेवको नामबाट गाविसको नाम कुशेश्वर राखिएको थियो भने हाल रोशी गाउँपालीका बनाइएको छ । पूर्व पश्चिम दिशामा  लमतन्न परेर सुतेको जस्तो देखिने दुम्जा डाँडा वडा नं. १ देखि ४ सम्म पर्दछ । वडा नं. ५ बेशी केही होचो भागमा रहेको छ भने वडा नं. ९ पहाडी र उच्च पहाडी भागमा रहेको छ । त्यसैगरी यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको घरधुरी लगभग ७ सय ८२ रहेको छ । २००८ सालमा स्थापित कुशेश्वर विद्यापीठ उच्च माविले उक्त क्षेत्रको शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । उक्त विद्यालयसम्म आँपघारी बी पी राजमार्गबाट कच्ची सडक पुर्याइएको छ । यसैगरी लीलावती, पुण्यमती र रोसमतीका नामले चिनिने रोशीखोलाको दोभान र सुवर्ण कौशिकी अर्थात सुनकोसीको तिरमा रहेको कुशेश्वर महादेव सनातनी हिन्दु धर्मको आस्था र विश्वासको केन्द्र मानिन्छ भनि न्यौपाने बताउनु हुन्छ ।

## २.३ कुशेश्वर मन्दिरको नामाकरण

सिन्धुली जिल्लाको पश्चिमोत्तर कोण काभ्रे, रामेछाप,सिन्धुलीको संङ्गमस्थल रोशीखोलाको नामले प्रसिद्ध लीलावती (पुण्यमाता) र सुनकोसीको संङ्गममा रहेको दुर्गा तीर्थ पनि एक प्रसिद्ध तीर्थ हो । यस तीर्थमा आदिलिङ्ग कुशेश्वर महादेवको प्रसिद्ध मन्दिर रहेको छ ।

शिवलिङ्ग भनेको भगवान शिवजीलाई लिङ्ग स्वरूपमा पूँजा गर्नु हो । लिङ्ग पूँजाको सुरूवात Indus valley Civilization बाटै सुरू भएको कुरा त्यहीको उत्खनन् बाट प्राप्त माटोको शिल छाप बाट थाहाँ पाउन सकिन्छ ।

शिवलिङ्ग भनेको प्रकृति र पुरूषको एकाकार स्वरूप हो । लिङ्ग भनेको पुरूष, जलहरि भनेको प्रकृति हो । हिन्दु धर्म अनुसार शिवलिङ्गको अत्यन्त धेरै महिमा रहेको छ (राव,१९९७ पृ ८१-८२) । शिवलिङ्ग विविध प्रकारका हुन्छन् । गोपीनाथ रावका अनुसार लिङ्गलाई चल लिङ्ग र अचल लिङ्ग गरेर दुइ भागमा बर्गीकरण गरिएको छ । जस्तै :

चल लिङ्ग - एक ठाउँ बाट अर्को ठाउँमा लैजान मिल्ने शिवलिङ्गलाई चल भनिन्छ ।

अचल लिङ्ग - एक ठाउँ बाट अर्को ठाउँमा लैजान नमिल्ने शिवलिङ्गलाई अचल भनिन्छ ।

एक ठाउँ बाट अर्को ठाउँमा लैजान मिल्ने शिवलिङ्ग चल लिङ्ग हो । जस्तै :

माटो - माटो बाट निर्मित लिङ्ग वा मूर्ति

लौहज - फलाम वा सम्पूर्ण धातुबाट निर्मित लिङ्ग

रत्न - मोती मुगा बाट निर्मित लिङ्ग

दारूजा - काठबाट निर्मित लिङ्ग

शैल - ढुङ्गाबाट निर्मित लिङ्ग

क्षणीक - फूल, गोवर, बालुवा आदि बाट निर्मित लिङ्ग

एक ठाउँ बाट अर्को ठाउँमा लैजान नमिल्ने शिवलिङ्ग अचल लिङ्ग हो । जस्तै :

स्वयम्भू लिङ्ग - स्वयम उत्पति भएको

दैविक लिङ्ग - पशुपति

गुणप लिङ्ग - गणहरूद्धारा स्थापित लामो खालको लिङ्ग

आर्ष लिङ्ग - महत्वपूर्ण ठूला ऋषिहरूबाट स्थापित लिङ्ग (नरिवलको जट्टा सहितको सेप जस्तो हुन्छ)

वाण लिङ्ग - प्राकृतिक अवस्थामा पाइएको ढुङ्गा वा शालीग्राम

मानुष लिङ्ग - मानवद्धारा स्थापित लिङ्ग (जुन साधा एकमुखे देखि पाँच मुख सम्मका हुन्छन्) ।

कुशेश्वर लिङ्ग स्वयम्भूव लिङ्ग हो । स्वयम्भूव लिङ्ग आफै उत्पति भै अनादिकालदेखि अस्थित्वमा रहेका हुन्छन् जुन कालक्रमले जिर्ण भएमा तिनमा अग्नी, पशु आदिका कारण क्षति पुगेमा, नदीको वहावको कारण खिइएमा वा कुनै पनि कारणले क्षति पुग्न गएमा तिनको जिर्णोद्धार गर्न आवश्यक नभइ केवल सामान्य संस्कार गरे पश्चात पूजा योग्य हुन्छन् (राव, १९९७ पृ ८१-८२) ।

यस्ता विविध प्रकारका लिङ्गहरू मध्ये स्वयम्भू लिङ्गलाई उत्तमोउत्तम लिङ्ग मानिएको छ । नेपालमा पाइएका ६४ शिवलिङ्गहरू मध्ये कुशेश्वर पनि एक प्रमुख स्वयम्भू लिङ्ग मानिन्छ ।

कुशिकमुनीद्धारा पूजित र कुश पर्वतको नजिक भएकाले यी दुवैको नामबाट आदिलिङ्ग शिवजीलाई कुशेश्वर महादेव भनिएको हो भन्ने विभिन्न धार्मिक ग्रन्थहरुमा उल्लेख गरेको पाइन्छ । पहिले ब्रह्मजीले पर्वत सृष्टि गर्दा यसै ठाउँमा (कुशेश्वर) आई स्नान गरी शिवजीको ध्यान गरेपछि शिवलिङ्ग उत्पन्न भएकाले नै यी महादेवलाई आदिलिङ्ग महादेव भनेर भनिएको हो भनेर हिमवत्खण्डमा नेमुनीले विरुपाक्षेलाई बताएका छन् (योगी, वि.सं. २०१३ पृ २०६) ।

कौशिकेश्वर शब्द अपभ्रंश भई कुशेश्वर भएको एकथरीको भनाइ छ, भन्ने अर्काथरीका अनुसार यहाँ कुशको घारी भएकाले कुशेश्व महादेव भनिएको हो । यो ठाउँमा मार्कण्डेय, विश्वामित्र र नेमुनीजस्ता ऋषिहरुले तपस्या गरेको साधनाभूमि हो । ब्रह्ममाजी स्वयंमले तपस्या गरेर यी आदिलिङ्ग स्वरुप महादेव उत्पति भएको भन्ने पौराणिक कथा छ भनी कुशेश्वर महादेवस्थान संरक्षण समिति दुम्जाका कार्यलय सचिव, कोइराला बताउनु हुन्छ ।

कुशिक नामका ऋषिले तपस्या गरेर महादेवलाई प्रसन्न पारेको कारण कुशस्थान नाम रहन गएको थियो, यसैबाट कुशेश्वर महादेव भन्न थालियो । अर्को भनाइ के छ भने यस क्षेत्रमा ठूलो कुशघारी थियो । यहीको गौचरण क्षेत्रमा एउटी गाईले सधै दूध चढाउथिन्, अनि त्यहाँ के रहेछ भनेर खोज्दा महादेवको

ज्योतिलिङ्ग पाइयो, अनि कुशघारीभित्र भेटिएको शिवलिङ्ग स्थापना भएकाले कुशेश्वर महादेव नाम राखिएको हो, यी कुरा प्राचीन र पौराणिक भएको पुष्टि हुन्छ भनी कुशेश्वर महादेवस्थान संरक्षण समिति दुम्जाका वर्तमान अध्यक्ष, कोइराला बताउनु हुन्छ ।

## २.४ कुशेश्वर मन्दिरको ऐतिहासिकता

नेपाली धर्म र संस्कृतिको अभिन्न अंगको रुपमा विभिन्न देविदेवताहरू साथै ती देविदेवताका मन्दिरहरू रहेकका छन् । नेपालीहरूले आ-आफ्नै तरीकाबाट आफ्ना देविदेवताको उपाषना गरेको पाइन्छ । हिन्दुधर्मभित्र पनि विभिन्न ३३ कोटी देविदेवताहरु मध्येका शिव पनि एक महत्वपूर्ण देवताको रुपमा पूजीदै आएका छन् । हिन्दु धर्मावलम्बिहरू मध्ये शिवलाई नमान्ने कमै होलान्, त्यसमा पनि प्रसिद्ध ६४ शिवलिंङ्ग मध्येको आदिकालमा उत्पति भएको आदिलिङ्ग कुशेश्वर महादेव भएकाले सबै भन्दा पहिले आदिलिंङ्गको दर्शन गरेर मात्र अन्य शिवलिंङ्गको दर्शन गनुपर्ने कुरा विभिन्न धर्म ग्रन्थहरुमा उल्लेख गरेको पाइन्छ ।

आदिकालमा देव दानव मिलेर समुद्र मन्थन गर्दा कालकुट विष निस्कियो विषको प्रभावबाट चराचर जगतका संम्पूर्ण प्राणिहरु विनाश हुने कुरालाई दृष्टिगत गरीश्री महादेवले सो विष पान गनुभयो र घाँटीमा राखि निलकष्ठ नामबाट गोसाईकुण्डमा गै पानीमा लेप्टी रहनु भयो । यता शिवको कष्टलाई दृष्टिगत गरी देव दानव मिलेर पुन : समुन्द्र मन्थन गर्न लागे फलत अमृत निस्कियो घडा भरिएको मात्र थियो, इन्द्रका राक्षसी पुत्र जयन्तले देवताहरुबाट अमृत घडा खोसेर राक्षसलाइ खुवाउन लगे, देवताहरू पछिपछि दैडे भेट्न सकेनन् । विष्णुले मोहनी रुप धारण गरी अल्मल्याएर समुद्र मन्थन गरेको मुलथलो कुशेश्वर हो भनी पूर्व अध्यक्ष न्यौपाने बताउनु हुन्छ ।

जहाँ जहाँ अमृत छचल्किएर झरेको हो त्यस ठाउँमा बाह्रवर्षे कुम्भ मेला लाग्न थालेको थियो । युग परिवर्तन संगै सनातन पनि परिवर्तन हुदै गयो, हाल हिमवत्खण्ड उपपुराण, मार्कण्डेय पुराण, शिव पुराण, वामन पुराण, महाभारत, (श्रीमद् भागवत) आदि धार्मिक ग्रन्थका साथै अन्य वेद, उपनिषद, को आधारमा पनि प्रकृति र मानव सृष्टिको लागि देवादि देव महादेवको चर्तुमुखी श्री ब्रह्मा जी बाट हजारौं हजार वर्ष सृष्टि हुनुभन्दा अगाडी विश्व ब्रमाण्ड चराचर नौ खण्ड पृथ्वीमा भएका असंख्य शिवलिंङ्गहरुमध्ये सर्वश्रेष्ठ श्री आदिलिङ्ग, महाँलिंङ्ग, उद्भवलिङ्ग, कुशेश्वर महादेव नै भएको पुष्टि गर्ने ठोस आधारहरु प्रसस्त भएको आधारमा यो कुशेश्वर क्षेत्रको सानुनाम्चे,गजुली दह माथि भएका गोल ढुङ्गा, इत्यादि अवलोकन गर्दा सुरुमा समुन्द्र महासागर भएको पछि कल्पान्त बित्दैजादा भुकम्प ज्वालामुखीको कारण डाँडा काँडामा परिवर्तन भएको सोही समएमा प्रकृतिले त्रीकुट पर्वत निर्माण गरी शिवलिङ्ग विचमा रहेको पुष्टि हुन्छ भनी न्यौपाने बताउनु हुन्छ ।

शुम्म निसुम्म नाम गरेका भयानक बलसाली दानब आदिलिङ्ग श्री कुशेश्वर महादेवको सानिध्यमा गै घोर तपस्या गरेपछी शिवजी प्रसन्न भै वरदान माग भन्दा हामीलाई कसैले पनि मार्न नसकोस भनि वर मागे त्यस्तो अभय वरदान दिन मिल्दैन भन्दा त्यसो भय स्त्री जाति बाहेक कसैले मार्न नसकुन भनि वरदान माग्दा तथास्तु भनि वरदान प्राप्त भयो । वरदान प्राप्त भए पश्चात स्वर्ग, मर्त्य, पाताल, त्रिलोक विजय गरी इन्द्र लगाएत सम्पूर्ण देवताहरुलाई देवलोक बाट लखेटे । सम्पूर्ण देवता, वायु, वरुण, कुवेर, सबैको काम आफै गर्न थाले । सम्पूर्ण देवताहरु ब्रह्मा, विष्णु शिवको सरणमा आई पुकार गर्न थालेपछी जगत माता गौरीको शरणमा जान निर्देशन भए अनुसार इन्द्र लगाएत जान थाल्दा पार्वती गंगामा स्नान गर्न पर्दापण हुनुभयो र सोद्नु भयो । तिमीहरु कसको स्तुति गर्दै छौं उनै भगवतीको शरिरबाट प्रकट भएकी देवी, शिवाले पनि सोधिन र हिमालय पवृत या पार्वतीका शरिर रुपी (काष) भण्डारबाट यिनको उत्पति भएकाले यिनी कौशिकी बाट पनि पुकारिन्छिन, कौशिकी (अम्बिका) को पार्दुभाब हुना साथै देवीको शरिर कालो रंगको भयो । तसर्थ उनी हिम शिखरमा रहने कालीका देवीको नामले प्रख्यात भइन् । जुन ठाउँ हाल दोलखा जिल्लाको उतर कालीञ्चोक नामबाट पुकारिन्छ । सुनकोशी कौशिकी को मूल मुहान त्यही बाट सुरु हुन्छ । यता शुम्भ निसुम्भका दुतहरुले दर्शन पाएपछी दैत्यको पत्नी बन्न आग्रह गरे । देवीले लडाई गर्दा जसले जित्छ उसैलाई पति वरण गर्ने भनेपछी देवी र दानवको युद्ध हुन्छ, सो स्थान कुशेश्वर क्षेत्र हो । कुशेश्वर क्षेत्रको कुन-कुन दिशामा कुन-कुन देवी देवता छन् त्यसको वर्णन संक्षेपमा गरिएको छ । (अर्याल, मिति छैन पृ २७४-४८८) ।

*त्राहि मां देवी दुष्पेक्ष्ये शत्रुणां भयवर्धिनी ।*
*प्राच्यां रक्षुत मामैन्द्री आग्नेयामग्निदेवता ॥ १७ ॥*
*दक्षिणेडयतु वाराही नै मृत्याखड्ग धारिणी ।*
*प्रतिच्यां वारुणी रक्षेद्धायव्य मृर्गवाहीनी ॥ १८ ॥*
*उदीच्यां पातु कौमारी ईशान्यां शुलधारिणी ।*
*उर्ध्व ब्रह्माणि मे रक्षेद्धस्त द्वैष्णवी तथा ॥ १९ ॥*
*एवं दश दिशो रक्षेच्यामुण्ड शववाहना*
*जय मे चाग्रतः पातु विजय पातु पृष्ठतः ॥२०॥*
(अर्याल, मिति छैन पृ ५१-५३) ।

भावार्थ : पूर्व दिशामा इन्द्रायणीले र आग्नेय कोणमा अग्नी शक्तीले रक्षा गरुन , दक्षिण तिर वाराहीले र नैरित्य दिशा तिर खड्ग धारणी देवीले पश्चिम दिशामा वारुणी देवीले र वायव्य दिशा तिर मृगवाहिनी देवीले रक्षा गरुन ।

उतर दिशातर्फ कौमारी देवीले र इसान तिर सुलधारणी देवीले, माथीतिर ब्रह्मायणीले र तलतिर वैष्णवी देवीले रक्षा गरिएकी, यस्ती देवीबाट शुम्भ निसुम्भको बद्य यसै आदिलिंङ्ग कुशेश्वरको शिवलिंङ्ग बाट २००

धनु पूर्व दिशामा हुन्छ । (शुम्भ निसुम्भको वध) सुनकासी किनारमा हुन्छ । त्यसैलाई दुर्गा घाट वा दुर्गा धाम भनिन्छ ।

श्री कुशेश्वर ज्योतिर्लिङ्ग लीलावती (रोसी) र स्वर्ण कौशिकी (सुनकोसी) को दोभानमा पर्दछ । आजै प्रसिद्ध भएका मेरा विभूतिस्वरुप सातधारा प्रकट होऊन हे कुशिक मुनि, दुर्गा, नारायणी, चण्डी शिवदूत, कपर्द्दिनी  वाराही र गौरी यी क्रमैसंग कौशिकी नदी हुन् हे कुशिक मुनि आजदेखी लिएर तिमी धैरै कालसम्म चिरञ्जीवी होऊ, कौशिकी नदीका तिरमा मेरो आदिलिङ्ग हिमस्वरूप हुनेछ । तिमी त्यहाँ तुरुन्त गएर त्यो शिवलिङ्गको राम्ररी विधिपूर्वक पूजा गर कलिमा गुप्तस्वरुपले रहेको ईश्वरलाई कहिल्यै पनि नछोड् (योगी, वि.सं. २०१३ पृ २०५) ।

हिमवत्खण्ड अनुसार श्री कुशेश्वर महादेवलाई आदिलिङ्ग भनी वर्णन गरिएको पाइन्छ । यसका संस्थापक कुशिक ऋषिलाई भनिएको छ । यो शिवलिङ्गको विधिपूर्वक सोडषो पचारले नित्य पूजाआजा आरधना कलीकाल प्रर्यन्त गर्न नछाडनु भनी वर्णन गरिएको छ । दर्शको लागि मनमा संकल्प गरेर हिडेको छ भने पनि अश्वमेघ यज्ञ गरे समान फल प्रप्त हुन्छ भनि उल्लेख गरिएको छ ।आदिकालमा पनि शुम्भ निसुम्भ नाम गरेका दैत्यहरुले कौशिकी (सुनकोसी) मा स्नान गरी कैलाश पति  (शिव) को पूजा आरधना गरी लामो समय सम्म एक ध्यान एक चित्त भै तपस्या गर्दा नीलकण्ठ महाशक्ति रूद्र प्रसन्न भै स्त्री जाति वाहेक अरु कसैले पनि उनीहरुलाई मार्न नसकुन भन्ने वरदान पाएका थिए (योगी, वि.सं.२०१३ पृ २०५) ।

एक दिन कुशिक ऋषिले शिवजीको तपस्या गर्न लागेको कुरा महाबली शुम्भ निशुम्भ र रक्तवीज दैत्यले कसैको मुखबाट सुने र शिवजीलाई प्रसन्न पार्ने इच्छा गरे । यनीहरुले महादेवको कठोर तपस्या गर्नको निमित्त कुन ठाउँ उत्तम छ भनेर महर्षि कश्यपसंग सोधे जवाफमा कश्यप मुनि भन्दछन् 'हे दानवहो तिमीहरु हिमालय पहाडको उपत्यकाको तल्लो भागमा जाओ त्यहाँ कौशिकी (कोसी) नदीको किनारामा आदिलिङ्ग शिवजीको मूर्ति छ । कोशीमा स्नान गरी शिवलिङ्गको पूजा गर, अनि जे कुराको इच्छा गरेको हो त्यो कुरा पाउनेछौं' (योगी, वि.सं. २०१३ पृ २०६) ।

मृकण्डु ऋषिका छोरा (मार्कण्डेय) ब्राह्मणले पितृहरुलाई बारम्बार तर्पण दिएर भक्तिपूर्वक कौशिकी नदीमा श्राद्ध गरेका थिए । तिनका पितृहरु खुसीसाथ आकाशबाट पिण्ड र तर्पणले तृप्त भयकाले यसै नदीको किनारामा आएर तिनलाई चिरञ्जीवी हुने वरदान दिएका थिए  (योगी, वि.सं. २०१३ पृ २०६) ।

सुर्वण कौशिकी र लिलावती रोशमतीको संगममा दुर्गा तीर्थ छ । जसमा स्नान गर्नाले समग्र इच्छा पुरा हुन्छ र पापबाट मुक्त भै परम आन्नद प्रप्त हुनेछ । साथै आदिलिङ्गको सानिध्यमा पितृ श्राद्ध, पिण्ड दान, जल अर्पण,  नित्य कर्मादी श्राद्धको रुपमा सोाडषो पचार विधिले गर्दा पितृहरुको मोक्ष हुन्छ । यो

कौशिकीमा श्राद्ध गर्ने मानिसले एक्काइस पुस्ता सम्मका पितृहरुको उद्धार गरी अन्त्यमा आफुले पनि मोक्ष पाउने छन् (योगी, वि.सं. २०१३ पृ २०६) ।

यसै ठाउमा राजर्षि विश्वामित्रले श्री वेद माताको त्रिपदा गायत्रीलाई सविता देवताद्धार प्रप्त गरेर राजर्षिबाट ब्रम्हर्षि भएका थिए । कौशिकले थापेर पुजेका परमेश्वरको नाम कौशिकेश्वर (कुशेश्वर) भयो । हामिले दुम्जाको श्री कुशेश्वर र विश्वामित्रले ब्रह्म गायत्री दिक्षा पाएको तपोभूमिलाई ऐतिहासिक महत्वले आजको परिपेक्षमा पनि उत्तिकै महत्व पाएको छ (योगी, वि.सं. २०१३ पृ २०७) ।

विश्वामित्र, नेमुनी ऋर्षि, लगायत महर्षिहरुले तपस्या गरी सिद्धी प्राप्त गरेको यो पवित्र पुण्यभूमिमा सत्य, त्रेता, द्धापर, युग सम्ममा ज्ञानी, ध्यानी, ऋषि महर्षि, साधु सन्तहरु आएर तपस्या गरि प्रसस्तै शुभ फल प्राप्त गरेका थिए भनी हिमवत्खण्ड पुराणमा उल्लेखित छ ।

कुशेश्वरलाई आदिनाथका नामले पनि चिनिन्छ । पहिले नेमुनिले विरूपाक्षलाई यसको महिमा बताएका थिए भन्ने चर्चा केही पौराणिक ग्रन्थहरूले समेत गरेका छन् । तसर्थ धार्मिक रूपमा कुशेश्वर महादेव निकै महत्वपूर्ण तीर्थका रूपमा रहेको छ । यी शिवजीको बारेमा अनेक प्रकारका किंम्बदन्ती र लोकोक्तिहरू पाइन्छन् । यस तीर्थमा आएर स्नान गरी प्रसादमात्र खानाले पनि पापीहरू पापमुक्त भएका कथाहरू जनजिब्रोमा प्रचलित छन् । यसैगरी विश्वामित्र (कौशिकी) ले पुजित भएकाले यिनलाई कुशेश्वर भनिएको भन्ने तर्क पनि दिइन्छ । साथै कोशीको छेउमा रहेकाले यिनलाई कुशेश्वर भनिएको हुन सक्ने कुरा ज्यादा भरपर्दो छ (खतिवडा, वि.सं. २०७४ पृ २३३) ।

राजा कुशेश्वरको कहानी नेपालको सिरहा भेगमा पाइने गर्दछ । सिरहाको लहानदेखि करिब ५ किमी उत्तरमा कन्चनगढ नामको एउटा ढिस्का छ, जसलाई कुशेश्वरको राजधानीको अवशेष मानिन्छ । अघि कुशेश्वरका एकजना कामदारको नाम सलहेस तियो, जसलाई मोरङका मालिनीले प्रेम गर्दथे भन्ने जनविश्बास छ । हाल पनि सलहेश थानमा कुशेश्वर र मालिनीको पनि स्मरण गर्ने गरिन्छ । सिरहाको लहान नजीकै सलहेस बगैचा छेउमा नै सलहेस र कुशेश्वरका मन्दिरहरु रहेका छन् (खतिवडा, वि.सं. २०७४ पृ २३४) ।

श्रीस्वस्थानी व्रतकथामा भने यस तीर्थको उत्पत्तिका सम्बन्धमा अलि फरक प्रसँग पाइन्छ ।यस कथामा उल्लेखित विवरण अनुसार ‘श्रीमहादेवले सतिदेवीको मृत शरीर बोकेर यत्रतत्र विचरण गर्ने क्रममा यहाँ आइपुग्दा सतिदेवीको केश पतन भएकाले कुशेश्वर महादेवको उत्पत्ति भएको हो’ । कुशेश्वर महादेव एवं कुशेश्वर तीर्थको उत्पत्तिका सम्बन्धमा माथि उल्लेखित प्रसँगहरूको सत्यता एवं तिनीहरु बीचको तादात्म्यता बारेमा निर्क्यौल गर्ने कुनै आधारहरु छैनन् नत त्यसमा अविश्वास गनुपर्ने कुनै खास आधारहरु नै भेटिन्छन् । यति हुँदा हुँदै पनि यो तीर्थको उत्पत्ति हजारौं वर्ष पहिले नै भएको कुरा विभिन्न

परम्पराहरुले मात्र होइन विभिन्न ऐतिहासिक श्रोतहरु बाट पनि प्रमाणित हुन्छ (ईन्टिग्रेड डेभलपमेण्ट एण्ड रिसर्च प्रतिवेदन, वि.सं. २०६४ पृ १) ।

माथि उल्लेखित तथ्यहरूवाट पौराणिककालमै यस तीर्थको महत्व र प्रसिद्धि व्यापक भइसकेको संकेत थाहा पाउन सकिन्छ । हिमवत्खण्डमा कौशिकीको प्रेरणाबाट कोशीतटमा आदिलिङ्ग उत्पन्न भएको र सो लिङ्ग कुशेश्वर महादेवको नामबाट प्रसिद्ध भएको कुरा उल्लेखित पाइन्छ । यति मात्र होइन, हिमवत्खण्डकै ४१औं अध्यायमा शुम्भ निशुम्भ नामका दैत्यहरुले यस तीर्थमा आइ तपस्या गरेको र उनीहरुले महादेवबाट "स्त्रीजाति बाहेक अरुले मार्न नसकुन्" भन्ने वरदान पाएको कुरा उल्लेख गरेको पाइन्छ । शुम्भ निशुम्भले यस्तो वरदान पाएपछि देवताहरु पनि यसै तीर्थमा आई भगवतीको आराधना गरेकाले भगवती प्रकट भई ती दैत्यहरुको वध गरेको कुरा पनि उल्लेख गरिएको छ (योगी, वि.सं. २०१३ पृ २०५) । हिमवत्खण्डमा र श्रीस्वस्थानी व्रतकथामा पाइएका उपर्युक्त प्रसँगहरुले पौराणिककालमै यस तीर्थको स्थापना मात्र होइन यसको महत्व र प्रसिद्धि पनि व्यापक भइसकेको कुरा ऐतिहासिक प्रमाणको आधारमा थाहाँ पाउन सकिन्छ ।

प्रारम्भिक ऐतिहासिक कालमा यस क्षेत्रको आवादी बारे प्रकाश पार्ने कुनै प्रमाणहरु हालसम्म पाइएका छैनन् । लिच्छवीकालमा आइपुग्दा भने यो क्षेत्र आवाद थियो भन्ने कुरा यस तीर्थको नजिकै दुम्जा गाउँमा प्राप्त लिच्छवि अभिलेख प्रमाणित गर्दछ (वज्राचार्य, वि.सं. २०३० पृ ३७७) ।

पछिल्लो लिच्छविकालतिर आइपुग्दा हालको काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुली जिल्लाका सुनकोशी आसपासका क्षेत्रहरूमा मानव बसोबास विकसित भइसकेको र पलाञ्चोक भगवती,तिमाल नारायणस्थान, कुशेश्वर महादेव र शैलुङ्गेश्वर महादेव जस्ता तीर्थहरुको विकास र प्रसिद्धिले व्यापकता पाइसकेको थियो । कुशेश्वर प्राङ्गणमा भेटिने प्राचीन मूर्तिका अवशेषहरुले पनि यिनै कुराहरुलाई संकेत गर्दछ । काठमाडौं उपत्यकाका बासिन्दाहरु मध्ये डंगोलहरु लिच्छविकाल देखिका बासिन्दा हुन् । यिनै डंगोलका विभिन्न समुहमध्ये एउटा समुहले आफ्नो कूलदेवताको रुपमा कुशेश्वर महादेवलाई मान्ने गरेको पाइन्छ । यस परम्पराले यो तीर्थ नेपालका प्राचीन जातिसँग पनि सम्बन्धित देखिएको छ (बज्राचार्य, वि.सं. २०३० पृ ३७७) ।

पूर्व मध्यकालमा आइपुग्दा सिमरौनगढमा शक्तिशाली डोयराज्य (तिरहुत राज्य) को स्थापना भएको थियो । यता काठमाडौं उपत्यकामा लिच्छविहरुको पतनपछि यहाँको शासन व्यवस्था कमजोर भएको थियो । यति हुँदा हुँदै पनि यी दुई राज्यका बीच व्यापारिक आदानप्रदान मात्र होइन तीर्थयात्रीहरुको आवागमन उत्तिकै बृद्धि भएको थियो । अझ बेला बेलामा शैनिक अभियान पनि हुने गर्दथ्यो । यस्तो सबै खाले आवागमन यही कुशेश्वर तीर्थ अर्थात दुम्जावेसी हुदै सिन्धुली भएर हुने गर्दथ्यो । वंगालबाट समसुद्दिनको सेना यसै मार्ग भएर काठमाडौं उपत्यका पसेका थिए भने सिमरौनगढका कर्णाटवंशी राजाहरुले पनि पटक पटक यही बाटो भएर काठमाडौं प्रवेश गरी आक्रमण गरेका थिए । यसरी पहाड मधेश आवत

जावत गर्ने मुख्य मार्गमा अवस्थित यस तीर्थको महत्व अझ बढ्नु स्वभाविकै थियो (क्षेत्री र रायमाझी, वि.सं. २०६० पृ २११-२१४)।

मल्लकालमा यस तीर्थको महत्व अझ बृद्धि भएको दखिन्छ । मल्लकालका विभिन्न अभिलेखहरूले यस कुरालाई पुष्टि गर्दछन् । नेपाल संम्वत् ८९१ मा भक्तपुरे राजा जगञ्जयमल्लले श्री कुशेश्वरनाथको भक्तिभाव गरेको सिद्धिबाट राज्य सिंहासन पाए । राजा भएपछि श्री कुशेश्वरको पछिसम्म पूजा चलाउन विभिन्न दण्डी बाबा मार्फत झाँगाझोली खहरेको सिम्लेबु भन्ने खेत १४० रोपनी (५६० मुरी र फलफूल बारीको विभिन्न हाल सन्यासी गाउँको बारी र पाखो समेत गुठी ताम्रपत्र समेत गरिदिए । सो ताम्रपत्र बमोजिमको गुठी कमाई नित्यपुजा चलाउन गिरी खानदानका बाजे बलभद्र गिरीलाई जिम्मा लगाइदिए । पछि वि.सं १८६२ मा २०० मुरी खेत रेर्कड भयो, वि.सं. १९१३ मा २२० मुरी खेत सुनकोशीले बगायो । भूमिसुधारको समयमा फलफूल बारी बलभद्र गिरीकै सन्तानले आफ्नो नाममा दर्ता गरे, अहिले झाँगाझोलीमा गुठी खेत १४० मुरी बाँकी छ । हाल नदीबाट खेत २२० मध्ये केही उकास हुन आएको छ । त्यसबारे कारवाही चलिरहेको छ । यस बाहेक ती मल्ल राजाले ढुङ्गाको जस्तो खम्बा माथि ढुङ्गाकै बसाहा राखि श्री कुशेश्वर महादेव स्थानमा अर्पण गरेका थिए । उनले चाँदीका मुकुट र गहना चढाएका थिए, यो कुरा शिलालेख (शिलापत्र) मा देखिन्छ । यसरीराजाले मन्दिरको वरपर गिर्जा क्याम्पा र सानो धर्मशाला पनि बनाएका थिए (डंगोल, वि.सं. २०७४ पृ ३ ) ।

शाहकालमा पनि यस तीर्थको महत्व बढ्दै गएको देखिन्छ । वि.सं. १८३६ मा शाहवंशीय श्री ५ राजेन्द्रलक्ष्मी देवी शाहबाट भक्तिभाव राखि कुशेश्वर नाथमा चाँदीका बेलपत्रको र धतुरा पुष्पको माला पनि चढाएको कुरा शिलालेखमा लेखिएको देखिन्छ (डंगोल, वि.सं. २०७४ पृ ४) ।

जनस्तरमा पनि देवभक्ति देखियो । दुम्जकी विर्तावाला श्री ५ पृथ्वी वीर विक्रमकी बुबधाई जनक कुमारी कोइरालाले वि.सं. १९४५ मा रूद्राक्षको माला जडिएको ठूलो चाँदीको चदुवा तावाको जलारी चढाई एउटा धर्मशाला बनाइन् । त्यसै गरी वि.सं. १९९६ सालमा श्री १०८ परहंस बाबा गोपाल दाशज्यू विर्घटन गर्दै श्री कुशेश्वर स्थान दुम्जा आउनु भयो । यहाँले अवनति तर्फ झर्न लागेको गुठीको अवस्था देखि दुम्जामा नै १०० मुरी खेत गुठीको व्यवस्था मन्दिरको जिर्णेद्धार यज्ञशालाको निर्माण, बगैचा व्यवस्था, पूजारी सुसारे तर्धचेकको बन्दोबस्त गरिदिनु भयो । उहाँले नै शिवलिङ्गमुनि ढुंगाका खापैखाप लागेका अनेक जलहरी भएको कुरा मन्दिरको जिर्णेद्धारको समयमा पत्ता लगाउनु भयो । भिक्षाटन गरेर एउटा यज्ञशाला, तीनवटा धर्मशाला, एउटा शिवमन्दिर, एउटा भैरब मन्दिर, एउटा सरस्वती मन्दिर बनाई दिनुभयो । त्यसपछि रूद्रमहायज्ञ गराई आफ्नो चेला नारायण दाशलाई मठ जिम्मा लगाई वि.सं. २०१८ मा समाधिस्वर हुनुभयो । नारायण दाशको देहान्त भयो । हाल कुशेश्वर महादेवस्थान संरक्षण समिति द्धारा खटाएका पुजारिबाट कुशेश्वर महादेव मन्दिरको पूजा-आजा संचालन गर्ने व्यवस्था मिलाईएको छ (डंगोल, वि.सं. २०७४ पृ ४-५)

## २.५ आदिलिङ्ग श्री कुशेश्वर महादेवको उत्पति तथा स्थापनाबारे किंवदन्तीहरु

आदिलिङ्ग श्री कुशेश्वर महादेवको सन्दर्भमा जनज्ञानले तीनवटा यस्ता अवस्थाको चित्रण गरेर चकित पारेको छ । तीनै वटा अवस्थामा लौकिक अज्ञानता देखिएको छ । अलौकिक शक्तिले लौकिकलाई आश्चर्य पारेको छ । यसरी जनज्ञान बनेर बसेका किंवदन्तीहरु यस प्रकर छन् ।

(क) परापूर्व कालमा एउटा व्याधा शिकार खेल्न वनमा गएछ । शिकारको खोजी गदागदै वनमा नै रात परेको र बाघ, सिंह आदि वन्यजन्तुका डरको कारणले एउटा बेलको बोटमा चढ्न पुग्छ । बस्न सजिलो बनाउदाँ बेलको हाँगा भाँची एउटा ढुंगामाथि पर्छ । वन्यजन्तुको आवाज र रूखबाट खसिने डरले त्यो व्याधा रातभर सुत्न सकेन । बेलको फेदमा श्री कुशेश्वरको मूर्ति रहेको कुरा त्यस व्याधालाई थाहा थिएन । संयोगबस शिवरात्रीको रात र बेलपत्रको अपूर्ण पूण्यले गर्दा उसलाई श्री कुशेश्वर नाथबाट दर्शन मिल्छ ।दर्शनको पूण्यबाट  व्याधाको आज्ञावर दुर्वेशन रहेछ । उ शिवभक्ति बन्यो जंगलफाडी मन्दिर बनाई त्यसै भक्तद्धारा प्रचार प्रसार र नित्यपूजा लियो भन्ने कथा स्थानिय जनमानसमा अमिट भएर बसेको छ (डंगोल, विसं. २०७४ पृ २) ।

(ख) नेपाल (काठमाडौँ) जाने वटुवाहरु त्यही बेलको बोटमुनि बास बसेछन् । एउटा गाढिएकै ढुंगो कायम राखी दुइवटा अरुपनि चम्का बनाई भात पकाउन थाल्छन् । स्वयं गाढिएको ढुंगो हल्लिएर भात पोखिदाँ बटुवा रिसाएर पन्यले हिर्काउदाँ त्यस चम्काको चोइटो झरी रगत बग्छ । बटुवाले महादेव सम्झी पूजा गर्छ र क्रमशः प्रचार गर्दै जनमानसमा पुग्यो भन्ने किंवदन्ती छ (डंगोल, वि.सं. २०७४ पृ २) ।

(ग) परापूर्व कालमा महादेव क्षेत्रको जंगलमा गोठालाहरुले गाई चराउने क्रममा एउटी धेरै दुधालु कैली गाईले गोठमा दुध दुहुन जादाँ फाँचो ठुलो हुदाँ- हुदै पनि दुध एक थोपा पनि नआएकोले गोठालाले जंगलमा त्यो गाईको चियो गरिरहन्छन् । गाई गोठबाट जंगलमा जानासाथै एक ठाउँमा दौडेर गई उभिने वित्तिकै सो गाईले चारै थुनबाट दुधको सहश्र धारा झाडीमा झार्दोरहेछ । त्यसपछि गोठालाहरु मिलेर त्यो ठाउँमा  खनेर हेर्दा शिवलिंग फेला परेको हुदाँ सो स्थानमा सफासुग्घर गरी पूजा चलाएको पनि किंवदन्ती छ (डंगोल, वि.सं. २०७४ पृ २) ।

माथिका किंवदन्तीहरुले लौकिक अज्ञानता देखाएको छ । व्याधामा अज्ञानता छ, बटुवामा अज्ञान छ, गोठालो अज्ञान छ तर तिनैथरीमा भक्ति छ । समर्पित व्यक्तित्वले जात अवजातमा देव दर्शन पाउँछ भन्ने सन्देश छ । त्यसै तीनै थरिको किंवदन्तीमा अलौकिक शक्ति देखिएको छ । पहिलो किंवदन्तीमा देव दर्शन भएको छ । दोश्रोमाश्री कुशेश्वर महादेव मानिएको शिलाबाट रगत बगेको छ । तेश्रोमा गाईको थुनबाट आफ से आफ दुध झरेको छ ।

## २.६ डंगोल परिवारको कुल देवता

तत्कालिन राजा महेन्द्र मल्लको समयमा राजालाई काठमाडौँ उपत्यका भित्रका जग्गाहरू विभिन्न क्षेत्रमा विभाजन गराउने मनसाय राखी नापी सरू गरियो तर नापी गर्न सिक्री समाउने व्यक्तिहरू भकाभक मर्न थालेपछि यस कुराले राजा महेन्द्र मल्ललाई पीर परेर निन्द्रा लाग्न छाडी विरामी हुनुभयो । राजा महेन्द्र मल्ल पशुपतिको दर्शन नगरि जल समेत ग्रहण गर्दैनथे । यस प्रकारलेविरामी हुँदै जाँदा राजाउठ्नपनि सकेनन्,त्यस्तैमा एक रात राजालाई पशुपतिनाथले सपनामा दर्शन दिई अवउपरान्त तिमी मलाईदर्शनगर्न यहाँ सम्म आउनु पर्दैन, मखनमै पशुपति स्थापना गरी उत्तर-पश्चिम तर्फको ईसान कोणमा रहेको झ्यालबाट दर्शन गर्ने गर्नु भन्ने आज्ञा भई तिमीलाई यो क्षेत्र विभाजन गर्न ईच्छा भए गर तर नापी कार्यको लागि दुम्जा महादेव स्थानका पुजारीले खटाएको व्यक्तिबाट मात्र गर्नु भने पश्चात् राजाले दूत पठाई दुम्जाबाट पुजारीले खटाएका चार जना दाजु-भाई आई पशुपति क्षेत्र, पाँन्चाल क्षेत्र आदि छुट्याई दिए वापत मौजा आदि प्रदान गरी बसोबास गराउने सर्न्दभमा पशुपति क्षेत्रमा एकजना, त्रिशूलीमा एकजना तथा ब्रम्हटोलमा दुईजना दाजु-भाईलाई बसोबास गराएको तथ्य टेकु पचलीस्थित आदिलिङ्ग भगवान् कुशेश्वर महादेवस्थानमा रहेको शिलापत्रमा नरेन्द्र राज र किजाम्ह (भाई) मिलेर यो कुलदेवता स्थापना गरेको नेपाल संवत ७४० भनी अंकीत छ । कुल देवताको आशनमा ने.सं. ५६० र गुठीको सर-सामानहरुमा सो भन्दा पहिलेकै सम्वतहरु लेखिएको सर-सामानहरुबाट पुष्टि हुन्छ । पुशुपति जात्रामा चार काजी मध्ये एक काजी जयबागेश्वरीस्थित डंगोल काजी भई जात्रामा सम्मिलित खट्मा फित्ता लगाएर विराजमान भएर जात्रा चलाउदै आएको तथा त्रिशूली भैरबको मुख्य जात्रामा धामी (देउता चढ्ले) व्यक्ति पनि डंगोल,, नै कायम रही भैरबको पुजारी (आचार्य) पनि उही व्यक्ति रहेको अध्यावधी छदैछ । यस विसयमा केही पुष्टि हुने कुरा पशुपतिनाथ मन्दिरको दक्षिणतर्फको ठूलो घण्टामाथिको ढुंगामा कुदिएको छ । त्यस्तै डंगोल (दगु) खलकहरु केही हाँगामा घटस्थापना गर्नु पर्दैन किन कि पचली भैरब जात्रासंग आवद्ध हुनुपर्ने भएको कारण (कः न्हा स्वाँ) एक प्रकारको हरियो फूलबाट पूजा गरी वडा दशैं मान्ने चलन अध्यावधी चलिआएको छ । दगु खलकले प्रतिनिधित्व गरी खजान्चीको रुपमा रही आएको छ । कहावत अनुसार पचली भैरब नाथको नृत्य (१२ वर्षे मेला) पनि दगु खलकले चलाउँदै आएको र यदि नापी आदिको कारण अन्य गण (गुथ) मालीहरूलाई सुम्पिएको यथार्थ ४०० चार सय वर्ष अघि पचली भैरब (धल-पौ) मा उल्लेख गरिएको व्यहोराले जनाउँदछ (डंगोल, वि.सं. २०७४ पृ ६, ७) ।

टेकूस्थित कुलदेवता हुने डंगोलहरुले भगवान् श्री कुशेश्वर महादेवलाई कुल देवताको रुपमा मान्दै आएका छन् । यहाँको निवासी डंगोलहरुले भगवान् कुशेश्वर महादेव दुम्जाको निवासमा यथेष्ट चासो देखाई दुम्जाको विकासको लागि गुरु योजना बनाई सम्बन्धित निकाएमा पुऱ्याई निर्माणलाई तिब्र रुपमा अघि बढाउन खोजेका छन् । त्यस्तै भगवान् दुम्जा महादेवस्थानको पूर्वतर्फ १२X४० फिटमा दुई तल्ला भएको पुरातत्विक झल्कनेगरी सतल (पाटी) निर्माण गराई सो क्षेत्रमा सौर्यउर्जाको पनि व्यवस्था गरिएको छ ( डंगोल, वि.सं. २०७४ पृ ७) ।

## २.७ टेकुमा अवस्थित कुशेश्वर मन्दिर

राजा महेन्द्र मल्लको समयमा दुम्जाबाट नेपाल आइपुगेका डंगोलहरु सबै मिली देवालीको लागि वैशाष शुक्ल चौथीको दिन दुम्जा गई देवाली मनाउने परम्परा चलि आएकोमा कुनै समयको देवालीमा एक जना बच्चा आमाले बाबाले लग्नुभयो होला, बाबाले चाही आमाले बच्चा लग्यो होला, भन्ने ठानी जादा बच्चा घरमै छुटेको र ७ (सात) दिन पछि फर्केर आउदा बच्चाको मृत्यु भैसकेको अवस्थामा फेला परेपछि त्यस घटना पश्चात कुशेश्वरलाई नेपालमण्डल (काठमाडौँ)मा आहावान गरी टेकू स्थित (मटुली) मचली स्थानमा भगवान् कुशेश्वर महादेवलाई स्थापना गरी देवाली मनाउदैआएको कुरा त्यहाँ अवस्थित शिलालेख अनुसार नरेन्द्र राज र भाई मिली सो मन्दिर स्थापना गरी देवाली मनाउदै आएको कुरा कुशेश्वर महादेवको आषन मुनि राखिएको शिलापत्रमा लेखिएको मिति ने. सं. ७४० उल्लेख गरिएको छ भनी कुशेश्वर क्षेत्र सम्पदा संरक्षण प्रतिष्ठान टेकूका उपाध्यक्ष डंगोलका बताउनु हुन्छ ।

वास्तुकलाको दृष्टिकोणले हेर्दा यो मन्दिर एक तहको पेटीमाथि निर्माण गरिएको छ । एक तल्लामा निर्माण गरिएको यो मन्दिरको गर्भगृमा कुशेश्वर महादेवको प्रतिक स्वरूप शिला राखि त्यस प्रतिक माथि नागको प्रतिमा राखिएको छ । माथि जलधारा लगाउनको निमित्त चदुवा राखिएको छ । यसबाहेक गर्भगृहमा गणेशको सानो मूर्ति स्थापना गरिनुको साथै वरिपरि विभिन्न देवीदेवताका प्रतिमा स्वरूप शिला (प्रस्तर) राखिएको छ । प्रवेशद्धार अगाडी सानो प्रस्तरको नन्दी पश्चिम देखि पूर्व फर्काएर राखिएको छ । मन्दिर प्रवेशको लागि पश्चिम दिशामा एउटा मात्र ढोका रहेको छ भने उत्तर दिशामा एउटा सानो आँखी झ्याल रहेको देखिन्छ । मन्दिर प्रवेशद्धारको दायाँ-वायाँ छेउमा द्धारपालका रूपमा सिंहको आकृति राखिएको छ भने ढोकाको चौकोस सँगै दुवै तर्फ चाँदिको पातामा सुनको मोलम्बा लगाइएका चन्द्र र सूर्य अंकित झण्डा राखिएको छ । प्रदक्षिणपथको किनारामा वरिपरि बत्ति बाल्नको निमित्त दियाहरू राखिएको देखिन्छ । यस मन्दिरको ढोकामा आकर्षक कालिगढी पाइन्छ भने ढोकाको शीर्ष भागमा तोरण जडान गरिएको छ । काष्ठकला बाट निर्माण गरिएको तोरणको मध्ये भागमा शिव दायाँ पावती र वायाँ गणेशको मूर्ति अंकित गरिएको छ भने तोरणको अन्य भागमा शिवको गणहरूको साथै फूल बुट्टा लहरा, हिमालयको दृश्य र तोरणको शीर्ष भागमा छेपुले सर्पलाई खादै गरेको चित्र अंकित गरिएको छ ।

यस मन्दिरको टुँडालमा बनेका आकृतिहरूमा आकर्षक कालिगढीका नमुना देख्न सकिन्छ । मन्दिरको चारकुनामा रहेका चारवटा टुँडालहरूमा ठूला आकारका व्यालहरूको आकृति कुँदिएको छ तर मध्ये भागका अरू टुँडालहरूमा फूलबुट्टा, लहरा, पात र लौकिक जीवनसँग सम्बन्धित दृश्यहरू अंकित गरिएको छ । यस मन्दिरको छानामा झिगटी लगाइएको छ भने किनारामा वरिपरि स-साना घण्टीहरू झुन्ड्याइएको छ । मन्दिरको छाना माथि आमलक सहितको गजुर राखिएको छ जसमाथि पितलको छत्र रहेको छ । यस बाहेक छानामा त्रिशूल, डमरू, परशु जस्ता आयुधहरू ठड्याइएको देख्न सकिन्छ । मन्दिर निर्माणमा इट्टा, चुन, सुर्की र काठको प्रयोग बाट गरिएको छ भने मन्दिरको दायाँ-वायाँ ठूल-ठूला घण्टाहरू राखिएको छ (प्रत्यक्ष अवलोकन) ।

यस मन्दिरमा वैशाष शुक्ल चौथीका दिन डंगोल परिवारको देवाली पर्ने हुँदा विशेष प्रकारको पूजा हुन्छ। दुम्जाको कुशेश्वर मन्दिमा बली प्रथालाई पूनः रूपमा बन्देज गरिएता पनि टेकुमा आवस्थित कुशेश्वर महादेवको प्रतिक शिला छेउमा रहेको गणेशको मूर्तिमा बली दिने चलन रहेको छ।

यसबाहेक नित्य पूजामा मन्दिर रेखदेख गर्न समितिबाट खटाइएका एकजना व्यक्तीले दैनिक रूपमा विहान र साँझ (सन्ध्या) मा सामान्य पूजा गर्दै आएका छन्।

## २.८ कुशेश्वर क्षेत्रमा मनाइने परम्परागत लिङ्ग यात्रा

कुशेश्वर क्षेत्रमा मनाइने परम्परागत लिङ्ग यात्रालाई क्रमै सँग यस प्रकार व्याख्या गरिएको छ।

श्री कुशेश्वर आदिलिङ्ग, श्री भीमेश्वर ज्योतिर्लिङ्ग, श्री काफीश्वर महालिङ्ग, श्री कश्यपेश्वर ज्योतिर्लिङ्ग, श्री स्फटिकेश्वर सिद्धलिङ्ग, श्री चण्डेश्वर ज्योतिर्लिङ्ग, श्री धनेश्वर ज्योतिर्लिङ्ग, श्री विकटेश्वर स्वयम्भू लिङ्ग, श्री इन्द्रेश्वर महालिङ्ग, श्री भालेश्वर ज्योतिर्लिङ्ग, श्री गुप्तेश्वर ज्योतर्लिङ्ग, श्री तिलेश्वर महालिङ्ग, श्री चम्पकेश्वर ज्योतिर्लिङ्ग, श्री रामेश्वर ज्योतिर्लिङ्ग, श्री कालेश्वर सिद्धलिङ्ग, श्री नटारम्भेश्वर स्वयम्भू लिङ्ग, श्री उद्दालकेश्वर सिद्धलिङ्ग, श्री गोपालेश्वर स्वयम्भू लिङ्ग, श्री चम्पेश्वर स्वयम्भू लिङ्ग, श्री उन्मत्तेश्वर स्वयम्भू लिङ्ग, श्री नन्दीकेश्वर स्वयम्भू लिङ्ग, श्री गोखुरेश्वर स्वयम्भू लिङ्ग, श्री पाण्डुकेश्वर महालिङ्ग, श्री कुटेश्वर स्वयम्भू लिङ्ग, श्री असितेश्वर सिद्ध लिङ्ग, श्री भैरवेश्वर स्वयम्भू लिङ्ग, श्री ब्रह्मेश्वर सिद्धलिङ्ग, श्री स्कन्देश्वर सिद्धलिङ्ग, श्री शतरूद्रेश्वर स्वयम्भू लिङ्ग, श्री काकेश्वर स्वयम्भू लिङ्ग, श्री मणिचूडेश्वर स्वयम्भू लिङ्ग, श्री वज्रयोगिनी योगेश्वर महालिङ्ग, श्री नारायणेश्वर स्वयम्भू लिङ्ग, श्री ज्योतिर्लिङ्गेश्वर स्वयम्भू लिङ्ग, श्री रत्नचूडेश्वर सिद्धलिङ्ग, श्री वागीश्वर सिद्धलिङ्ग, श्री कीलेश्वर स्वयम्भू लिङ्ग, श्री वाल्मीकेश्वर सिद्धलिङ्ग, श्री मङ्गलेश्वर सिद्धलिङ्ग, श्री विमलेश्वर स्वयम्भू लिङ्ग, श्री अनन्तलिङ्गेश्वर स्वयम्भू लिङ्ग, श्री विश्वरूपेश्वर स्वयम्भू लिङ्ग, श्री सोमलिङ्गेश्वर स्वयम्भू लिङ्ग, श्री गोभराटेश्वर सिद्धलिङ्ग, श्री भृङ्गारेश्वर स्वयम्भू लिङ्ग, श्री त्रिलिङ्गेश्वर स्वयम्भू लिङ्ग, श्री कुपितेश्वर स्वयम्भू लिङ्ग, श्री सर्वेश्वर महालिङ्ग, श्री गोलोकेश्वर महालिङ्ग, श्री चन्दन भराटेश्वर स्वयम्भू लिङ्ग, श्री यक्षेश्वर (आदेश्वर) सिद्धलिङ्ग, श्री चण्डिकेश्वर महालिङ्ग, श्री धर्मेश्वर महालिङ्ग, श्री गोकर्णेश्वर महालिङ्ग, श्री कोटेश्वर स्वयम्भू लिङ्ग, श्री वाणेश्वर सिद्धलिङ्ग, श्री ज्ञानेश्वर महालिङ्ग, श्री पर्वतेश्वर सिद्धलिङ्ग, श्री जलेश्वर महालिङ्ग, श्री गुह्येश्वर सिद्धेश्वर महालिङ्ग, श्री किराँतेश्वर सिद्धलिङ्ग, श्री भष्मेश्वर सिद्धलिङ्ग, श्री भुवनेश्वर सिद्धलिङ्ग, श्री रूद्रागारेश्वर सिद्धलिङ्ग, (सुवेदी र खनाल, वि.सं. २०६७ पृ ५२-२१८)।

माथि उल्लेखित ६४ शिवलिङ्ग रहेका छन् यी लिङ्गहरूको क्रमैसँग परिक्रमा गर्ने क्रममा दुम्जाको आदिलिङ्ग कुशेश्वर बाट सुरू गरेर पशुपतिको रूद्रागारेश्वरमा आएर लिङ्गयात्रा समापन गरिने कुरा माथि उल्लेखित शिवलिङ्गहरू बाट थाहाँ पाउन सकिन्छ।

# तेस्रो अध्याय
# कुशेश्वर मन्दिरमा हुने पूजाविधि तथा पर्व पूजाहरु

## ३.१ कुशेश्वर मन्दिरमा गरिने पूजाविधि

कुनै पनि देवी देवताको पूजा, आरती र दर्शनको आफ्नै नियम हुन्छ । त्यस्तै कुशेश्वर महादेवको मन्दिरमा पनि पुजारी द्वारा वैदिक सनातन धर्म अनुसार सोडषो पचारले पूजा आरधना संञ्चालन गरिन्छ । आदिलिङ्ग कुशेश्वर महादेवको विशेष गरेर दुई प्रकारको नित्य र नैमीत्य पूजा हुन्छ । आदिकालमा ब्रह्माले विश्व सृष्टिको लागी तपस्या गर्दा उत्पन्न भएको शिवलिङ्ग भएकाले यस महाँन उद्भव लिङ्गको वैदिक विधि बाट पूजा गरिन्छ ।

श्री कुशेश्वर महादेवलाई सबैले आदिलिङ्ग कुशेश्वर महादेव भन्दछन । उहाँको नित्य नैमित्य एवं जात्रा पर्वको सबै पूजा वैदिक सनातनविधिबाट गरिन्छ । यद्यपि आदिलिङ्ग कुशेश्वर महादेवको पूजा विधानलाई वैदिक सनातन नै भन्न सकिन्छ । किन भने आदिलिङ्ग कुशेश्वर महादेवको नित्य देखि चाडपर्वसम्मको पूजामा वैदिक पूजा नै अनिवार्य छ ।

### ३.१.१ नित्य पूजा

आदिलिङ्ग कुशेश्वर महादेवको दैनिक नित्य पूजा गर्नको लागी मन्दिरका पुजारी दैनिक रुपमा विहानको ४:०० बजे सम्ममा गंगामा स्नान गरि गंगाबाट जल लिएर आए पश्चात मन्दिर परिसरका सबै देवीदेवतालाई क्रमैसंग यस प्रकार जल चढाउछन् ।

तुलसाको मठमा (तुलासा भवानि)
गोपालदास बाबाको समाधि स्थलमा
बढानिलकण्ठ नारायणको मूर्तिमा
बटुक भैरबको मूर्तिमा
यज्ञशालामा (अखण्डदीप)
ठूलो चौताराको पिपलमा
रुद्राक्षको वृक्षमा
बासुकी नागको शिलामा
१०८ शिवलिङ्गमा
गणेशको  साधा शिलाखण्डमा
राम,सिता, लक्ष्मण, हनुमान सहितको मूर्तिमा
लक्ष्मी, सरस्वती, गणेशाको मूर्तिमा

स्वामिको वृक्षमा

राधा कृष्णको मूर्तिमा

दुर्गा भगवतीको मूर्तिमा

बेलको वृक्षमा

चन्द्रमामा

सूर्यनारायणको मूर्तिमा

हनुमानको मूर्तिमा

मन्दिरको पूर्वी द्धारमा स्थापना गरिएको प्रस्तरको नन्दीमा

मन्दिर अगाडीको ठूलो घण्टामा

सतलभित्र स्थापित सबै भगवानको मूर्तिमा

विश्वामित्र ऋषिले तपस्या गर्दाको शिलामा

बाराही स्वरुपसाधा शिलाखण्मा

चन्द्र सूर्य मानिएको साधा शिलाखण्डमा

मन्दिरको पश्चिम द्धारमा स्थापाना गरिएको पितलको ठूलो नन्दीमा

वरको वृक्षमा

मन्दिको उत्तर तर्फको पिपलमा

सनी देवताको मूर्तिमा (पिपलको फेदमा स्थापाना)

विश्वकर्माको मूर्तिमा

कल्कि भगवानको मूर्तिमा

मन्दिर वाहिरको उत्तर दिशाको त्रिशुलमा

झम्केश्वरी देवी र राकस देवीमा (काठमाडौँका डंगोलहरुले मान्दै आएका)

भगवानको शिलाको शंखमा

पुरानो शिलाकै गजुरमा (प्राचिन)

हलेसी महादेव स्थापना मूर्तिमा

नाग स्थापनामा

शौलुङ्गेश्वर सानो र ठूलो दुईवटा लाई  सम्झेर जल अर्पण गरिन्छ ।

मन्दिर परिसरका सम्पूर्ण देवी देवतालाई जल अर्पण गरिसकेपछि मूल मन्दिरमा आएर भगवान संग माफी मागेरपछि मूल मन्दिर भित्र प्रवेश गरिन्छ , पूजाको भाँडा सफा गरेर मन्दिरभित्र सफा गरिसकेपछि मन्दिर भित्रका चारै दिशा (कुनामा) रहेका देवी देवतालाई क्रमैसंग जल अर्पण गरिन्छ ।

गणेश भगवानलाई मूर्तिमा

दुर्गा भगवतीको मूर्तिमा

नाग सम्झेर नाग देवतालाई

दत्तात्रयलाई

अखण्ड दीपमा (मन्दिर भित्रको)

सूर्य नारायणको मूर्तिमा

सत्यनारायणको मूर्तिमा

शालीग्राम भगवानमा

मुख्य शिवलिङ्ग कुशेश्वर महादेवमा

यति गरिसकेपछि मन्दिर भित्र र वाहिरका सम्पूर्ण देवी देवतालाई जल चढाउँने कार्य समाप्त हुन्छ । त्यसपछि पूजा सामान तयार गरिन्छ र मन्दिर भित्रका देवी देवताको पूजा गर्नुअघि सुरुमा,

कर्मपात्रो स्थापना गरिन्छ।

अर्गपूजा गरिन्छ ।

तिलानी पूजा गरिन्छ ।

शंखको  पूजा गरिन्छ ।

घण्टको पूजा गरिन्छ ।

कमण्डलुको पूजा गरिन्छ ।

अखण्ड दीपको पूजा गरिन्छ (मन्दिर भित्र स्थापना) ।

गणेशको पूजा गरिन्छ ।

कलशको पूजा गरिन्छ ।

दुर्गा भगवतीको पूजा गरिन्छ ।

सूर्य नारायणको पूजा गरिन्छ ।

सत्य नारायणको पूजा गरिन्छ ।

शलीग्राम भगवानको पूजा गरिन्छ ।

नन्दीको पूजा गरिन्छ (जलहरिको छेउमा) ।

वीरभद्रको पूजा गरिन्छ ।

कुम्भेश्वरको पूजा गरिन्छ ।

कार्तिके कुमारको पूजा गरिन्छ ।

कृर्तिमुख भैरबको पूजा गरिन्छ ।

नाग-नागिनीको पूजा गरिन्छ ।

माथी उल्लेखित देवी देवताहरुको पूजा गरिसकेपछि  पुजारीले आफ्नो कुल देवताको पूजा गर्ने गर्दछन् ।

मन्दिर भित्रको चारै दिशामा भएका देवी देवताको पूजा सम्पन्न भएपछि अन्तिममा पूजा सामग्री तयार गरेर मुख्य शिवलिङ्गमा १) गाईको दूधले स्नान गराइन्छ ,त्यसपछि जलले स्नान गराइन्छ २) गाईको दहीले स्नान गराइछ , फेरी  जलले स्नान गराइन्छ ३) गाईको ध्यू ले स्नान गराइन्छ , फेरी जलले स्नान गराइन्छ ४) मंहले स्नान गराइन्छ , फेरी जलले स्नान गराइन्छ ५) सख्रले स्नान गराइन्छ ,फेरी जलले स्नान गराइन्छ ६) पंञ्चामृतले स्नान गराइन्छ , फेरी जलले स्नान गराइन्छ ७) सरशिउँको तेलले स्नान गराइन्छ , फेरी जलले स्नान गराइन्छ । त्यसपछि शिवलिङ्गलाई राम्रो संग सफा गरेर कपडाले पुछेर शिवलिङ्गमा गाईको ध्यू धसिन्छ , फेरी जलले स्नान गराइन्छ , फेरी कपडाले पुछेर प्रधान देवता आदिलिङ्ग कुशेश्वर महाँदेवलाई वस्त्र, फूल, जनै, सुपाडी, उपवस्त्र (अर्को कपडा) चढाइन्छ । त्यसपछि शिवलिङ्गमा शृखण्ड चन्दन लेपन गर्ने, पंञ्चमुखमा, तामाको नागमा, शिवलिङ्ग संगैको त्रिशुलमा, शृखण्ड लेपन गरिसकेपछि भगवानको (उर्भ) सम्भ्केर शिरमा चन्दनले पूजा गरिन्छ ।

त्यसपछिक्रमै संग भस्मले शिवलिङ्गको पूजा गरिन्छ । (सर्वप्रथम, भस्मको लेप लगाइन्छ) ।
पश्चिम तर्फको मुखमा भस्मको लेप लगाएर पूजा गरिन्छ ।
उत्तर तर्फको मुखमा भस्मको लेप लगाएर पूजा गरिन्छ ।
दक्षिण तर्फको मुखमा भस्मको लेप लगाएर पूजा गरिन्छ ।
पूर्व तर्फको मुखमा भस्मको लेप लगाएर पूजा गरिन्छ ।

इसान कोण (बीचमा) भस्मले ॐ कार लेखेर शिवलिङ्गमा भस्मकै माला बनाइन्छ । त्यसपछि पश्चिम, उत्तर, दक्षिण, पूर्व, इसान, पाँचै दिसाको मुखमा चन्दनले पूजा गरिन्छ । (पंञ्च बक्त्रम पूजनमं) त्यसपछि शिवलिङ्गमा जै, तील, चढाउने, तुलसीपत्र, बेलपत्र, स्वामीको पत्त, दुबो, पखालेर चढाउने, फूल चढाइन्छ । शिवलिङ्ग साथै रहेका नाग देवतालाई पनि जै, तील, फूल, दुबो, बेलपत्र, तुलसीपत्र, स्वामिपत्ता, चढाइन्छ । त्यसपछि शिवलिङ्गमा रुद्राक्षको माला लगाउने, फूलले रुद्राक्षको मालाको वरिपरी फूल सजाइन्छ । मुकुटको पूजा गरेर चाँदीको चन्द्रमा र चाँदीकै पत्तामा रहेको शंखको आकृति भएको गहना पहिराएर पुष्पानजली अर्पण गरिन्छ । त्यसपछि आरत्तीको लागी गाईको ध्यू मा भिजाएको वत्तीमा कपुर हालेर धुप वत्ती बालेर सबैजना वरिपरी बसेर आरत्ती गर्ने साथमा शंख, घण्ट, डम्बरु, बजाइन्छ । वत्तीलाई चम्मरको (कुचोले) हम्कदै सबैजना मिलेर एकै स्वरमा भगवान शिवजीको आरत्ती मंन्त्र गाउदै वत्ती घुमाइन्छ । आरत्ती गरिसकेपछि सुरुमा बनाएको कुश सहितको तिलानी र अर्ग शिवलिङ्गमा चढाएर शिवलिङ्गमा शुद्ध जलले स्नान गराइन्छ । बाँकि रहेको अर्गलाई मन्दिर वाहिरको सूर्य नारायणलाई चढाइन्छ । त्यसपछि मन्दिर परिसरमा रहेका विहान जल चढाएका सम्पूर्ण देवी देवता र वृक्षलाई क्रमैसंग (१-३८) नम्बर सम्म चन्दन, जै, तील, फूलले पूजा गरिन्छ । संम्पूर्ण देवी देवताको पूजा सकेर यज्ञशालामा गएर गाईको ध्यू मा जै, तील, मोलेर हवन् गरेर प्रसाद चढाइ रुद्री र चण्डी पाठ गरेर सकेपछि विहानको नित्य पूजा सम्पन्न हुन्छ । विहानको नित्य पूजा सम्पन्न  हुन (४ बजे देखि १०बजे) सम्म लाग्छ ।

### ३.१.१.१ मध्यान्हको पूजा

मध्यान्हको पूजा ठीक १२:०० बजे बाट सुरु हुन्छ , मध्यायनको पूजा सुरु गनु अघि सर्वप्रथम गंगामा गएर चोखो जल ल्याइन्छ । त्यसपछि विहान चढाएको सम्पूर्ण पूजा वस्तु हटाएर शिवलिङ्ग, जलहरी सबै सफा गरेपछि शिवलिङ्गमा जलले स्नान गराएर गाईको ध्यू घसीन्छ , शिवलिङ्गमा रुद्राक्षको माला धारण गराएर रुद्राक्षमालाको वरिपरीबाट फूल सजाइन्छ । त्यसपछि बेलपत्र, तुलसीपत्र, स्वामी पत्ता, दुबो, फूल,प्रसाद क्रमैसंग चढाइन्छ । यति गरिसकेपछि विहानको आरत्ती जसरी गरिएको हो मध्यायनको आरत्ती पनि त्यही विधिले गरिन्छ ।

मध्यान्हको आरत्ती सकेपछि आदिलिङ्ग कुशेश्वर महाँदेवलाई भोग लगाउने गरिन्छ । जुन भोग (प्रसाद) पुजारी स्वयमले गाईको दूधमा बनाउँनु पर्ने हुन्छ । जुन प्रसाद (खिर) बनाउँनको लागी छुट्टै चुलो रहेको छ , त्यो प्रसाद तयार गर्दा कसैले हेर्न र छुन समेत हुदैन । मध्यायनको आरत्ती सकेपछि त्यो प्रसाद छोपेर मन्दिर भित्र लगीन्छ , मन्दिरको चारै ढोका बन्द गरेर पुजारीले भगवान शिवलाई भोग लगाएपछि निकालेर सबैलाई प्रसाद बाड्ने गरिन्छ । यति गरेपछि मध्यायनको पूजा समाप्त हुन्छ । त्यसपछि मात्र पुजारीले खाना खाने गर्दछन ।

### ३.१.१.२ सन्ध्या पूजा

सन्ध्याको पूजा साँझको ६:०० बजे सुरु हुन्छ । पूजा सुरु हुनुअघि सर्वप्रथम पुजारीले गंगामा गएर चोखो जल ल्याएपछि मध्यायनमा चढाएका सम्पूर्ण पूँजा सामान हटाएर शिवलिङ्गको वरिपरी सफा गरिन्छ । शिवलिङ्गमा जलले स्नान गराइन्छ , गाईको ध्यू घसिन्छ , रुद्राक्षको माला धारण गराइन्छ , रुद्राक्षमालाको वरिपरीबाट फूल सजाइन्छ । त्यसपछि बेलपत्र, तुलसीपत्र, स्वमीपत्ता, दुबो पखालेर चढाइन्छ , फूल प्रसाद चढाउँदै साथमा शिवजीको पूजा सम्बन्धी मंत्र उच्चारण गदै पूजा सकेपछि विहान र मध्यायनमा जसरी आरत्ती  गरिएको हो त्यसरी नै सन्ध्या (साँझको) आरत्ती गरिन्छ ।

यसरी दैनिक रुपमा दिनको ३ प्रहारमा आदिलिङ्ग कुशेश्वर महादेको नित्य पूजा आरधना गर्ने गरिन्छ ।

## ३.२ कुशेश्वरमा मनाइने पर्वपूजाहरू

आदिलिङ्ग कुशेश्वर महादेव स्थान एउटा महाँन तीर्थ स्थल भएको र यस तीर्थमा आइ स्नान पूजा गर्नाले सम्पूर्ण पाप र रोग बाट समेत मुक्त हुनुको साथै यस तीर्थमा आएर पिण्ड दान श्राद्ध गर्नाले एकाइस पुष्ता सम्मले मुक्ती पाउने भएकाले आदिलिङ्ग कुशेश्वर महादेव स्थानमा प्रायजसो वर्षभरी नै विभिन्न पर्वपूजाहरु सम्पन्न गर्ने गरिन्छ ।

### ३.२.१ वार्षिक पर्वपूजाहरू

आदिलिङ्ग कुशेश्वर महादेव स्थानमा मनाइने वार्षिक पर्वपूजाहरु यस प्रकार रहेका छन् ।

आदिलिङ्ग श्री कुशेश्वर महादेव स्थलमा मनाइने पर्वपजाहरू प्राय शिवको महिमा संग सम्बन्धित पर्वहरु नै संञ्चालन हुने गर्दछन् जुन पर्वपूजाहरू क्रमैसंग यस प्रकार रहेका छन् ।

#### ३.२.१.१ हरिशयनी एकादशी

असार महिनामा कुशेश्वर महादेवको नित्य पूजाको साथसाथै हरिशयनी एकादशीको दिनबाट एकादशी चर्तुमास ब्रत प्रारम्भको रुपमा मान्ने गरिन्छ । तुलसाको मठहरुमा तुलसी रोप्ने दिन भएकाले यस दिनलाई हिन्दु धर्मावलम्बिहरुले हरिशयनी एकादशी भन्ने गर्दछन् । त्यस्तै कुशेश्वरमा पनि यस दिन तुलसी रोप्नु भन्दा अघि गंगातीर्थमा इस्नान गरेर कुशेश्वर महादेवको दर्शन गरेपछि कुशेश्वर परिसरमा रहेको तुलसाको मठमा तुलसी रोपिसकेपछि मात्र भक्तजनहरुले आ-आफ्नो घरमा रहेका तुलसाको मठमा तुलसी रोप्ने गर्दछन् ।

#### ३.२.१.२ साउने सोमवार

साउन महिनामा पनि दैनिक रुपमा वैदिक सनातन धर्म अनुसारकै नित्य पूजा संञ्चालन हुन्छ । साउने सोमबार महिना भरी नै मेला लाग्नुको साथै साउन महिनामा कुशेश्वर महादेवमा सप्ताहाको समेत आयोजना गरिन्छ । अन्य समएको तुलनामा साउन महिनामा भक्तजनको घुइँचो लाग्ने गर्दछ । सिन्धुली, रामेछाप, काभ्रे, काठमडौं लगाएतका ठाउँबाट भत्तजनहरु आउने गर्दछन् । वीपी राजमार्गको निर्माण संगै तराइका जिल्ला लगाएत भारत देखि समेत भक्तजनहरु आउने क्रम बढ्दै गएको छ । विशेष गरेर साउने सोमबारको ब्रत बस्नेहरुमा महिलाको संख्या बढी हुने भएकाले कुशेश्वर महादेव स्थानमा पनि साउनको सोमबार महिलाहरुको उपस्थिति बाक्लो हुन्छ ।

भदौ महिनामा पनि दैनिक रुपमा आदिलिङ्ग कसशेश्वर महादेवको नित्य पूजा नै हुन्छ । विशेष गरेर भदौ महिनामा पर्ने पर्वहरुमा तीज, जनै पूर्णिमा, कुशे औँशीमा यस स्थानमा विशेष मेला लाग्ने गर्दछ ।

#### ३.२.१.३ हरितालिका तीज

आदिलिङ्ग कुशेश्वर महादेव स्थानमा तीजको दिन विशेष मेला लाग्ने गर्दछ । अन्य शिवालयहरूमा झै यस स्थानमा पनि मेला लाग्ने भएकाले टाढाँ-टाढाँ बाट दिदी वहिनीहरु आएर आदिलिङ्ग कुशेश्वर महादेवको पूजा आरधना साथै नाचगान गरेर रमाइलो गरेर तीजलाई उल्लासमय बनाउछन् ।

### ३.२.१.४ जनै पूर्णिमा

हिन्दु धर्मावलम्बिहरूको विभिन्न पर्वहरु मध्ये जनै पूर्णिमा पनि एक महत्वपूर्ण पर्व हो । यस दिन पनि आदिलिङ्ग कुशेश्वर महादेवको मन्दिरमा वैदिक सनातन धर्म अनुसारकै नित्य पूजा हुन्छ भने मन्दिर नजिकै रहेको दूर्गा तीर्थमा सिन्धुली, रामेछाप, काभ्रे जिल्ला लगाएत वरिपरी बाट मानिसहरू जम्मा भएर दूर्गा तीर्थमा स्नान गरि ब्राह्मण बाट जनै लगाएर रक्षा बन्धन बाधेर गुरु दक्षिणा दिएर यो पर्व मनाइन्छ भने यस दिन आ-आफ्नो घरमा नौ थरिको गेडागुडी लाइ उमारेर क्वाटी खाएर जनै पूर्णिमा मनाउने गर्दछन् ।

यस दिन दूर्गा तीर्थमा मानिसहरूको चाप बढी हुन्छ । तीथी अनुसार जनै पूर्णिमाको दिन दूर्गा तीर्थमा श्राद्ध गर्न मानिसहरु आउने गर्दछन् । दूर्गा तीर्थ अथवा दूर्गा धाममा आएर आफ्ना पितृहरूको श्राद्ध गर्नाले २१ पुष्ता सम्मले पुण्डे पाउँने विश्वासले पनि यस तीर्थमा टाढाँ-टाढाँ बाट आएर दूर्गा धाममा श्राद्ध गर्ने चलन रहेको पाइन्छ ।

### ३.२.१.५ कुशे औंशी

आदिलिङ्ग कुशेश्वर महाँदेवको उत्पति त्यस स्थानको कुशको गरिमा भएकाले आदिलिङ्ग महादेवको नाम नै आदिलिङ्ग कुशेश्वर महादेव रहेको कुरा विभिन्न धर्मग्रथबाट थाहाँ पाउन सकिन्छ ।

कुशे औँशीको दिन पनि आदिलिङ्ग कुशेश्वर महकदेवको दैनिक रुपमा नित्य पूजा नै संञ्चालन हुन्छ । मन्दिर नजिकै रहेको दूर्गा धाममा आफ्ना बाबु नहुनेहरु आएर स्नान गरि बाबुको नाममा श्राद्ध गरेर तर्पण दिने चलन रहेको छ । नेपालका महत्वपूर्ण तीर्थस्थलहरु मध्येको एक महत्वपूर्ण र ६४ शिवलिङ्ग मध्येको आदिलिङ्ग कुशेश्वर महादेव भएकाले यस क्षेत्रमा आइ श्राद्ध गर्दा एकाइस पुष्ता सम्मले पूण्य पाउने जनविश्वासले पनि यस दिन भक्तजनहरुको उपस्थिति बाक्लो हुन्छ ।

### ३.२.१.६ विजया दशमी

विशेष गरेर असोज महिनामा हिन्दु धर्मावलम्बिको महाँन पर्व दशैं पर्ने भएकाले आदिलिङ्ग कुशेश्वर महाँदेव स्थानमा रहेको दूर्गा मन्दिरमा घटसथापनाको दिन जमरा राख्ने गरिन्छ । असोज महिनामा पनि आदिलिङ्ग कुशेश्वर महादेवको वैदिक सनातन धर्म अनुसारकै नित्य पूजा हुने गर्दछ । कुशेश्वर महादेवको विशेष पूजा नभए पनि मन्दिर परिसरको दूर्गा मन्दिरमा जमरा राखेर दैनिक रुपमा नौ दिन सम्म पूजाआजा र चण्डीपाठ गर्ने गरिन्छ । आदिलिङ्ग कुशेश्वर महादेव स्थानमा बली प्रथालाई पूर्ण रुपमा रोक लगाइएकाले दशैंमा  दूर्गा मन्दिरमा पनि नरिवल मात्र चढाएर अष्टमी, महानवमीमा पूजा गर्ने चलन रहेको कुरा स्थानिय माधव प्रसाद न्यौपाने बताउनु हुन्छ ।

कुशेश्वर क्षेत्रको दूर्गा मन्दिरमा राखेको जमरा दशमीको दिन पूजा गरेर आदिलिङ्ग कुशेश्वर महादेवलाई चढाएपछि बाँकी रहेको जमरा वरपरका स्थानिय बासीहरुले आ-आफ्नो घर लगेर घरको जमरामा मिसाएर टीका जमरा लगाउने चलन रहेको कुरा न्यौपाने बताउनु हुन्छ ।

### ३.२.१.७ ठूली एकादशी

कार्तिक महिनामा पनि कुशेश्वर मन्दिरमा दैनिक रुपमा नित्य पूजा नै संञ्चालन गरिएता पनि ठूली एकादशीमा त्यस क्षेत्रमा एकादशी माहात्मेमा ठूलो मेला लाग्ने गर्दछ । ठूली एकादशीमा दूर्गा तीर्थमा स्नान गरेर चोखो जल लिएर मन्दिरमा आएपश्चात  मन्दिर देखि पूर्व दिशामा रहेको तुलसाको मठमा आई मठ वरिपरी लिपपोत गरि मठको पूर्व दिशातर्फ ३ ओटा र पश्चिम दिशातर्फ २ ओटा गरि जम्मा ५ ओटा उखु तथा बाँसको पात सहितको लिङ्गो गाढी माथि लिङ्गको टुप्पाहरु एकै ठाउमा जम्मा गरेर चोखो रातो वस्त्रले बेरी गजुँर जस्तो बनाइ सयपत्री फूलको माला लगाई, सजिसजावट गरि सात पटक जलले मठलाई परिक्रमा गरि जल चढाइ तुलसीको जल खाए पश्चात जौ, तील, अबिर, केशरी र फूलले पूजा गरिविभिन्न पकवान कन्दमुलहरु चढाइ धुप दिप बाली आरत्ती गरेपछिविहानको पूजा समाप्त हुन्छ ।

त्यसपछि मन्दिर परिसरमा भक्तजनहरु भेला भई दिनभर भजनकृतन गर्ने गर्दछन् । भक्तजनहरु दिनभर ब्रत बसेर बेलुका घाँम डुबे पछि मुख्य मन्दिरमा आरत्ती गरे पश्चात तुलसाको मठमा आएर बत्ती बाली शंख, घण्ट, डम्बरु बजाइ आरत्ती गरेपछि पूजा समाप्त हुन्छ

### ३.२.१.८ बालाचर्तुदशी

सधाफै मंसीर महिनामा पनि दैनिक रुपमा कुशेश्वर महादेव मन्दिरमा वैदिक सनातन धर्म अनुसारको नित्य पूजा नै गरिन्छ । नित्य पूजा बाहेक मंसीर महिनामा पर्ने बालाचर्तुदशीको दिन विशेष गरेर आफ्ना आफन्त मृतकको नाममा मन्दिरमा बत्ती बाल्ने गरिन्छ । टाढाँ-टाढाँ बाट आउने भक्तजनहरु त्रियोदशी दिन नै आएर गंगामा स्नान गरि साँझ परेपछि मृतकको नाममा बत्ती बालेर रातभर जागरम बसेर भोलिपल्ट चर्तुदशीको दिन गंगामा स्नान गरि बालेको बत्ती गंगामा लगेर सेलाए पश्चात दूर्गा धाम देखि आदिलिङ्ग कुशेश्वर मन्दिर क्षेत्रसम्म सदवीज छरेर घर फर्कने गर्दछन् ।

पहिलो वर्ष र दास्रो वर्ष आफ्ना आफन्त मृतकको नाममा बत्ती बाल्दा केहि गनु पर्दैन तर तेस्रो वर्षको बत्ती बालेर सदवीज छरेपछि मन्दिर क्षेत्रमा जग्य बनाएर धान, चामल राखेर बीचमा अग्नी जगाएर ब्राह्मण द्धारा हवन् गरेर विधिविधान अनुसार पूर्णपात्रो गरेर सिदा दिइन्छ । त्यसपछि अन्तिममा आफ्ना पुरोहितलाई भुएसी दक्षिणा (छुटपुट लागी) दिएपछि कार्य सम्पन्न हुन्छ ।

### ३.२.१.९ मकर मेला

माघ महिनामा पनि कुशेश्वर मन्दिरमा दैनिक रुपमा वैदिक सनातन धर्म अनुसारको नित्य पूजा संञ्चालन गरिएता पनि यस क्षेत्रमा रहेको दूर्गा तीर्थ वा दूर्गाक्ष घाममा माघ महिना भर मकर मेला लाग्ने गर्दछ । दूर्गा तीर्थमा गई स्नान गरेर कुशेश्वर महादेवको दर्शन पूजा गरेमा सम्पूर्ण पाप बाट मुक्त भई मनोकाङच्छा पुरा हुने भएकाले मकर मेलामा टाढाँ-टाढाँ देखि भक्तजनहरु उपस्थित भएर दूर्गा तीथमा स्नान गर्ने, पितृको नाममा तीथी अनुसार श्राद्ध गरेर तर्पण दिने, तथा कुशेश्वर महादेवको दर्शन पूजा गर्ने गर्दछन् । कतिपय भक्तजन, साधु-सन्तहरु माघ महिना भरी त्यस क्षेत्रमा बसेर दैनिक रुपमा स्नान गरि कुशेश्वर महादेवको पूजा आरधना गर्ने गर्दछन् । माघ महिना भर कुशेश्वर क्षेत्रमा भजन कृतन संञ्चालन हुने भएकाले हिन्दु धर्मावलम्बिहरुको उपस्थिति बाक्लो रुपमा हुने गरेको पाइन्छ ।

६४ लिङ्ग मध्येको पहिलो आदिलिङ्ग कुशेश्वर महादेव भएको र संगै दूर्गा तीर्थ भएको कारणले गर्दा मकर मेलामा उपस्थित भई यस तीर्थमा स्नान गरि पूजा गर्नाले संपूर्ण पाप र रोग बाट समेत मुक्त हुने विश्वासले पनि माघ महिनाको मकर मेलामा भक्तजनहरुको घुइचो लाग्ने गरेको पाइन्छ ।

### ३.२.१.१० शिवरात्री

आदिलिङ्ग कुशेश्वर महादेवमा विशेष गरेर शिवरात्रीको दिनमा सात प्रहारको पूजा हिन्छ । वहान, मध्यायन र साँझको पूजा सधा झै नित्य पूजा विधिबाट सम्पन गरिन्छ भने साँझको आरत्ती पछि रातमा चार प्रहारको पूजा हुन्छ ।

साँझको आरत्ती पछि रातको चार प्रहारको पूजा साँझको ६:०० बजे बाट सुरु हुन्छ । पूजा सुरू गर्नुअघि पुजारीले गंगामा गएर जल लिएर आएपछि शिवलिङ्ग जलहरि सबै सफा गरि पूजा सामान तयार गरेर शिवलिङ्गमा जलले स्नान गराइन्छ । त्यसपछि क्रमैसंग

शिवलिङ्गमा गाईको दूधले स्नान गराएर जलले स्नान गराइन्छ ।
शिवलिङ्गमा गाईको दहीले स्नान गराएर जलले स्नान गराइन्छ ।
शिवलिङ्गमा गाईको ध्यू ले स्नान गराएर जलले स्नान गराइन्छ ।
शिवलिङ्गमा मंहले स्नान गराएर जलले स्नान गराइन्छ ।
शिवलिङ्गमा सख्ख्रले स्नान गराएर जलले स्नान गराइन्छ ।
शिवलिङ्गमा पंञ्चामृतले स्नान गराएर जलले स्नान गराइन्छ ।
शिवलिङ्गमा सरशीउको तेलले स्नान गराएर जलले स्नान गराइन्छ ।

त्यसपछि भगवानलाई राम्रो संग सफा गरि कपडाले पुछेर शिवलिङ्गमा गाईको ध्यू धसिन्छ । जलले स्नान गराएर कपडाले पुछेर प्रधान देवता आदिलिङ्ग कुशेश्वर महादेवलाई पहेलो वस्त्र, फूल, जनै, उपवस्त्र (

अर्को कपडा) चढाइन्छ । शिवलिङ्गको पाँचै मुखमा शृखण्ड चन्दन लगाइन्छ । तामाको नागमा र शिवलिङ्ग संगैको त्रिशुलमा पनि चन्दनले पूजा गरिन्छ । त्यसपछि भगवानको शिर सम्झेर माथितिर चन्दनले पूजा गरिन्छ ।

चन्दनले पूजा गरिसकेपछि शिवलिङ्गको पंञ्चमुखमा भस्मको लेप लगाइन्छ । सर्वप्रथम १) शिवलिङ्गको पश्चिम दिशाको मुखमा भस्मको लेप लगाइन्छ २) शिवलिङ्गको उतर दिशाको मुखमा भस्मको लेप लगाइन्छ ३) शिवलिङ्गको दक्षिण दिशाको मुखमा भस्मको लेप लगाइन्छ ४) शिवलिङ्गको पूर्व दिशाको मुखमा भस्मको लेप लगाइन्छ ५) इसान कोण शिवलिङ्गको (बिचमा) भस्मले ऊँ कार लेखेर भस्मकै माला बनाइन्छ । त्यसपछि शिवलिङ्गको पंञ्चमुखमा चन्दनले पूजा गरिन्छ । (पञ्चबक्त्रम पूँजनमं) शिवलिङ्गमा जै, तीलचढाइन्छ , बेलपत्र, तुलसीपत्र, स्वामी पत्ता, दुबो, फूल पखालेर चढाइन्छ । शिवलिङ्ग साथै रहेका नाग भगवानलाई पनि जै, तील, बेलपत्र, तुलसीपत्र, स्वामी पत्ता, दुबो, फूल चढाइन्छ । त्यसपछि शिवलिङ्गमा रुद्राक्षको माला धारण गराइन्छ , रुद्राक्ष मालाको वरिपरीबाट फूलले सजाइन्छ । मुकुटको पूजा गरेर चाँदीको चन्द्रमा र चाँदीकै पत्तामा भएको शंखको आकृति (गहना) लगाइदिएर पुष्पानजली अर्पण गरिन्छ । रुद्राभिशेषक गरिन्छ गाईको दूधमा जल मिसाएर जलधारा लगाइन्छ साथमा रूद्री पाठ गरिन्छ ।

रूद्री पाठ गरिसकेपछि आरत्तीको लागी सामग्री तयार पारिन्छ । गाईको ध्यू मा भिजाएको बत्तीमा कपुर राखिन्छ, धुप बत्ती बालेर बत्तीलाई चम्मरको कुञ्चोले हम्कदै आरत्ती बत्ती घुमाइन्छ , साथमा शंख् , घण्ट, डम्बरु बजाउदै सबै भक्तजनहरु बसेर महादेवको आरत्ती भजन गाउँदै आरत्ती गरिन्छ । आरत्ती गरिसकेपछि सुरुमा बनाएको कुश सहितको तिलानी र अर्ग शिवलिङ्गमा चढाइन्छ । त्यसपछि शिवलिङ्गमा शुद्ध जलले स्नान गराएपछि बेलुका ६:०० बजेको पहिलो प्रहारको पूजा समाप्त हुन्छ ।

रातको ९:०० बजे दोस्रो प्रहारको पूजा हुन्छ । दोस्रो प्रहारको पूजामा पनि सबै पूजा विधि पहिलो प्रहारकै पूजा विधि अनुसार गरिन्छ । तर प्रत्येक पल्टको पूजाको लागी गंगामा गएर चोखो जल ल्याएर मात्र पूजा गर्ने गरिन्छ ।

रातको १२:०० बजे तेस्रो प्रहारको पूजा हुन्छ । तेस्रो प्रहारको पूजामा पनि सबै पूजा विधि पहिलो दोस्रो प्रहारको पूजा विधि अनुसारकै पूजा हुन्छ फरक यति मात्रकी प्रत्येक पल्टको पूजाको लागी गंगामा गएर जल ल्याउनु अनिवार्य हुन्छ ।

विहानको ३:०० बजे चौथो प्रहारको पूजा हुन्छ । चौथो प्रहारको पूजामा पनि सबै पूजा विधि पहिलो, दोस्रो, तेस्रो प्रहारको पूजा विधि अनुसारकै पूजा हुन्छ । सबै पूजा विधि एकै भए पनि चारै प्रहारको पूजामा गंगाबाट जल ल्याएर मात्र पूजा गनुपर्ने हुन्छ ।

अन्य दिनको तुलनामा शिवरात्रीको दिन भक्तजनहरुको उपस्थिति बाक्लो हुन्छ । शिवरात्रिमा टाढाँ-टाढाँ देखि भक्तजन, साधु सन्तहरु आउने गर्दछन । यस दिन सबै भक्तजनहरु जागाँराम बसेर भजन कृर्तन गर्ने गर्दछन भने चार प्रहारको पूजा पनि रातभर नै चलिरहन्छ । एक प्रहारको पूजा सकाएर सबै सरसफाइ गरेर पूजा भाँडा सफा गर्दा, पूजा सामग्री ठीक पारी गंगाबाट जल ल्याउँदा अर्को प्रहारको पूजा गर्ने समय हुन्य भएकाले शिवरात्रीको दिन महादेवको रात भरि नै पूजा हुन्छ ।

शिवरात्रिलाई शिवजिको विशेष दिन मानेर सम्पूर्ण शिवालय मन्दिरहरुमा यस दिन मेला लाग्ने गर्दछ । त्यस्तै आदिलिङ्ग कुशेश्वर महादेव पनि नेपालका प्रसिद्ध ६४ शिवलिङ्ग मध्येको पहिलो आदिलिङ्ग भएकाले यस क्षेत्रमा शिवरात्रीको दिन ठूलो मेला लाग्ने गर्दछ । शिवरात्रिको दिनमा गरिने ७ प्रहारको पूजामा विहान, मध्यान्न र साँझमा गरिने पूजा नित्य पूजा विधिबाट गरेता पनि रातको ४ प्रहारको पूजा नैमित्य पूजा विधिबाट गरिन्छ । विहान र रातिको पूजा गर्ने विधि एकै भए पनि रातिको चारै प्रहारको पूजामा शिवलिङ्गमा जल धारा लगाएर रुद्रीपाठ गर्ने गरिन्छ । शिवरात्रीमा नेपाल लगाएत भातर बाट समेत भक्तजन, साधु, सन्त, जोगी बाबाहरु आउने गर्दछन् । यस दिन सबै भक्तजनहरु रातभर जाँगाराम बसेर भजन कृर्तन गरेर शिवरात्रि पर्व मनाउने गर्दछन् ।

### ३.२.१.११ रामनवमी

विर्षिक रुपमा पर्ने विभिन्न मासिक पर्वहरुमा विभिन्न किसीमका पर्वहरु यस क्षेत्रमा मनाइएता पनि कुशेश्वर महादेवमा दैनिक रुपमा वैदिक सनातन धर्म अनुसारको नित्य पूजा नै संञ्चालन हुन्छ । विशेष गरेर चैत महिनामा पर्ने रामनममी मा आदिलिङ्ग कुशेश्वर महादेवको दर्शन पूजा र दूर्गा तीर्थमा स्नान गर्नको लागी भक्तजनहरुको उपस्थिति हुने गर्दछ । साथै तीथी अनुसार दूर्गा तीर्थमा आफ्ना आफन्त पितृको नाममा श्राद्ध गर्न पनि टाढाँ-टाढाँ देखि मानिसहरु यस क्षेत्रमा उपस्थित भई श्राद्ध गर्ने भएकाले रामनममी मा पनि यस तीर्थमा भक्तजनहरुको बाक्लो उपस्थिति रहन्छ । यस्ता विशेष पर्वहरुमा मात्र आदिलिङ्ग कुशेश्वर महादेव क्षेत्रमा सनातन हिन्दु धर्मावलम्बि भक्तजनहरु उपस्थित भएर भजन कृर्तन गर्ने गर्दछन् । यस्तै समय- समयमा आउँने विभिन्न पर्वहरुको कारणले गर्दा यस क्षेत्रको महत्व अझ बढ्दै गएको पाइन्छ ।

### ३.२.२ बाह्र वर्षे मेला

आदिलिङ्ग कुशेश्वर महादेव क्षेत्रमा १२ वर्षे कुम्भ मेला पनि लाग्ने गर्दछ । १२ वर्षमा एक पटक आउँने कुम्भ मेला चैत शुक्ल प्रतिपदा बाट सुरु भएर वैशाष शुक्ल त्रितिया सम्म कुम्भ मेला लाग्ने गर्दछ । आदिलिङ्ग कुशेश्वर महादेव क्षेत्रमा आजभन्दा सात वर्ष अगाडि मात्र कुम्भ मेला सम्पन्न भएको थियो । २०७० साल चैत १६ गते देखि मारकण्डे पुराण (नवाहा) सुरु गरि, २०७० साल चैत १७ गते (चैत शुक्ल प्रतिपदा) देखि २०७१ साल बैशाष १९ गते (बैशाष शुक्ल अक्षय तृतिया) सम्म कुशेश्वर महादेवमा कुम्भ

मेला स्नानको आयोजना गरिएको थियो । उक्त सुनकोशी र रोशीको संगममा कुम्भ स्नान गरि शिवहरुका शिवमहाँशिवकुशेश्वर महादेवमा जल चढाई पितृ श्राद्ध तर्पण आदि गरेमा पुस्तौ पुस्ता र आफु समेत पाप बाट मुक्त भई मोक्ष प्रात हुने कुरा हिमवत्खण्डमावर्णन गरिएको छ ।

### ३.२.३ अर्धकुम्भ मेला

आदिलिङ्ग श्री कुशेश्वर महादेव क्षेत्रमा ६ वर्षे अर्ध कुम्भ मेला पनि लाग्ने गर्दछ । ६ वर्षमा एक पटक आउने अर्धकुम्भ मेला चैत्र शुक्ल प्रतिपदा बाट सुरु भएर बैशाष शुक्ल त्रितिया सम्म कुम्भ मेला लाग्ने गर्दछ ।

आदिलिङ्ग कुशेश्वर महादेव क्षेत्रमा पहिलो पटक तत्वावधानमा अर्धकुम्भमेला पर्यटन महोत्सव वि.सं. २०७६-०७७ सालमा लाग्ने तयारी भए पनि कोरनाभाइरसको कारणले गर्दा अर्धकुम्भ मेला स्थकित भयो ।

### ३.२.४ कोटी होम

आदिलिङ्ग कुशेश्वर महादेवमा २०५६ साल चैत ८ गते कोटिहोम सम्पन्न भएको थियो । सनातन धर्म सेवाँ समिति सिन्धुली शाखाको आयोजनामा योगी नरहरिनाथ लाई लगेर कोटिहोम सम्पन्न गरिएको थियो भने २०५६ साल चैत २ गते बटुकहरुको सामूहिक ब्रतबन्ध सम्पन्न भएको थियो । सिन्धुली, रामेछाप र काभ्रेबाट हजारौँको संख्यामा मानिसहरुको उपस्थितिको साथ कोटिहोम सम्पन्न भएको थियो ।

### ३.२.५ सप्ताह

क) आदिलिङ्ग कुशेश्वर महादेव स्थान तथा गंगा कौशिकीको पावन तट श्री कुशेश्वर महादेव स्थानमा विक्रम संम्वद २०५२ साल फाल्गुन ७ गते सोमबार देखि फाल्गुन १७ गते सम्म अनुभवी पण्डितबाट सप्ताहव्यापि श्री तुलसीकृत रामायण तथा १०८ वटुकहरूको ब्रतवन्ध एंव एकाह नारायण महायज्ञ प्रवचन सम्पन्न भएको छ । यस कार्यक्रम सनातन धर्म सेवा समितिश्री कुशेश्वर महादेव स्थान दुम्जा शाखा, सिन्धुलीको आयोजनामा सम्पन्न गरिएको थियो । यस क्षेत्रमा कार्यक्रम आरम्भ भए देखि नै प्रत्यक साँझ भजन, कीर्तन भएको थियो ।

ख) आदिलिङ्ग कुशेश्वर महादेवस्थानमा सप्ताहाव्यापी श्रीमद्भागवत ज्ञान महायज्ञ २०७१ साल चैत १३ गतेदेखि अध्यात्मिक चिन्तनद्धारा श्री कुशेश्वर महादेवस्थानको भौतिक संरचना सुधारका लागि वाचन वाल तपश्वी पं. श्री उत्तम भट्टजी महाराज ज्यूको मुखारविन्दबाट सम्पन्न भएको थियो ।

ग) गायत्रि पुरस्चरण महायज्ञ २०५४ साल फाल्गुन महिनामा स्व-टेक बहादुर रायमाझी (अन्चलाधिस) को पहलमा सहयोगी समाजसेवी अध्यात्मिक चितन स्व- चुडामणी भण्डारी, स्व-शेरबहादुर खड्का,

स्व-डम्बर बहादुर खड्का, स्व पुण्य प्रसाद कोइराला, स्व-बामदेव पौडेल, लगाएत सिन्धुली, रामेछाप, र काभ्रे ३ वटै जिल्लाको मानिसको उपस्थिति र सहयोग बाट गायत्री पुरस्चरण महायज्ञ सु-सम्पन्न भएको थियो ।यस बाहेक वि. सं. २०४२, २०४४, २०४५, २०४६, २०४९, मा यस तीर्थमा यज्ञहरु सम्पन भएका थिए ।

## ३.३ लिङ्गयात्रा

शिवको साकार स्वरुप (शिव तथा उमामहेश्वर) भन्दा निराकार स्वरुप अर्थात् लिङ्ग स्वरुपको बढी पूजाआजा गर्ने परम्परा छ । यसलाई टोलटोल, मठ, मन्दिर, खुल्ला चौर र ढुङ्गेधारा भेगमा असंख्य सङ्ख्यामा पाइने शिवलिङ्गहरुले पुष्टि गर्छन् । लिङ्गहरुमध्ये चौसठ्ठी शिवलिङ्ग यात्राको धार्मिक महत्वको बारेमा हिमवत्खडपुराणमा वर्णन गरिएको पाइन्छ । पूर्वजन्मको पापबाट मोक्ष प्राप्त गर्नका निम्ति विरुपाक्षले नेमुनिको सल्लाहअनुसार उनक साथ तीर्थस्नान गरी चौसठ्ठी शिवलिङ्गको दर्शन तथा पूजा गरेको कुरा उक्त पुराणमा वर्णन गरिएको छ (खनाल, वि.सं. २०७७ पृ ४७४) ।

त्यसैले चौसठ्ठी लिङ्गमध्ये प्रत्येक लिङ्ग रहेको स्थानमा अवस्थित तीर्थमा स्नान गरी त्यहाँका लिङ्गको पूजा गरेमा विभिन्न पापबाट मुक्ति पाई मानिसले मोक्ष प्राप्ति गर्ने, रोगव्याधि नाश भई आयु, आरोग्य र ऐश्वर्य प्राप्त हुने कुरा हिमवत्खण्डकोअध्याय-८९ देखि १५७ सम्म वर्णन गरिएको देखिन्छ । उक्त पुराणमा तिनको पूजा गर्ने विधि र आवश्यक सामग्री आदिको सविस्तार वर्णन गरिएको छ । यो यात्रा माघ कृष्ण मघा नक्षत्र चतुर्दशीका दिनदेखि गर्ने परम्परा छ (खनाल, वि.सं. २०७७ पृ ४७४) ।

ने.सं. ८४८ को राजा जगज्जय मल्लले आगमघरका पुजारी शम्बसदाशिव भट्टका नाममा गरिदिएको ताम्रपत्रमा आगमघरका पुजारीले तीर्थगुरु नेमुनी बनेर लिङ्गयात्रा गराउने आदेश गरिएको देखिन्छ । परम्परगत रुपमा आधा शताब्दी अगाडिसम्म लिङ्गयात्रा गर्ने चलन रहेको बुझिन्छ । पशुपतिनाथको पूजा तथा परिक्रमा गरेर चाबहिल गणेशको पूजा गरी सुरु गरिने उक्त यात्रा अन्त्यमा रुद्रागारेश्वरमा आएर समाप्त गर्ने परिपाटी छ । प्रत्येक तीर्थमा बाटोमा पर्ने प्रमुख देवीदेवताका मठमन्दिरकोदर्शन र पूजाआजा गदै हिँड्ने तथा साँझमा वासवस्ता पनि तीर्थ महात्म्य सुन्ने परिपाटी रहेको छ । लिङ्ग यात्रामा दर्शन गरिने लिङ्गहरु निम्नलिखित रहेका छन् (सुवेदी र खनाल, २०६७ पृ ५२-२१८) ।

चौसठ्ठी लिङ्गको नाम र स्थान निम्न अनुसार रहेको छ ।

| लिङ्गको नाम | स्थान |
|---|---|
| १. श्री कुशेश्वर आदिलिङ्ग | दुम्जा |
| २. श्री भीमेश्वर ज्योतिर्लिङ्ग | दोलखा |
| ३. श्री काफीश्वर महालिङ्ग | सुनकोशी, भोटेकोशी सङ्गम |

| | |
|---|---|
| ४. श्री कश्यपेश्वर ज्योतिर्लिङ्ग | मण्डन काभ्रे |
| ५. श्री स्फटिकेश्वर सिद्धलिङ्ग | फटकशिला |
| ६. श्री चण्डेश्वर ज्योतिर्लिङ्ग | बनेपा |
| ७. श्री धनेश्वर ज्योतिर्लिङ्ग | पनौती |
| ८. श्री विकटेश्वर स्वयम्भू लिङ्ग | बनेपा जाने बाटो |
| ९. श्री इन्द्रेश्वर महालिङ्ग | पनौती |
| १०. श्री भालेश्वर ज्योतिर्लिङ्ग | कलातीभुमे डाँडा |
| ११. श्री गुप्तेश्वर ज्योतिर्लिङ्ग | भारदेउ |
| १२. श्री तिलेश्वर महालिङ्ग | लेले |
| १३. श्री चम्पकेश्वर ज्योतिर्लिङ्ग | लेले |
| १४. श्री रामेश्वर ज्योतिर्लिङ्ग | टीका भैरव |
| १५. श्री कालेश्वर सिद्धलिङ्ग | टुङ्गुन |
| १६. श्री नटारम्भेश्वर स्वयम्भू लिङ्ग | मकवानपुर |
| १७. श्री उद्दालकेश्वर सिद्धलिङ्ग | फर्फिङ |
| १८. श्री गोपालेश्वर स्वयम्भू लिङ्ग | दक्षिणकाली |
| १९. श्री चम्पेश्वर स्वयम्भू लिङ्ग | चित्लाङ्ग |
| २०. श्री उन्मत्तेश्वर स्वयम्भू लिङ्ग | टिष्टुङ्ग |
| २१. श्री नन्दीकेश्वर स्वयम्भू लिङ्ग | टिष्टुङ्ग |
| २२. श्री गोखुरेश्वर स्वयम्भू लिङ्ग | गोतीर्थ, टिष्टुङ्ग |
| २३. श्री पाण्डुकेश्वर महालिङ्ग | पालुङ्ग |
| २४. श्री कुटेश्वर स्वयम्भू लिङ्ग | पालुङ्ग |
| २५. श्री असितेश्वर सिद्धलिङ्ग | धादिङ्ग |
| २६. श्री भैरवेश्वर स्वयम्भू लिङ्ग | नुवाकोट |
| २७. श्री ब्रह्मेश्वर सिद्धलिङ्ग | नुवाकोट |
| २८. श्री स्कन्देश्वर सिद्धलिङ्ग | नुवाकोट |
| २९. श्री शतरुद्रेश्वर स्वयम्भू लिङ्ग | काठमाडौं बुढानीलकण्ठ |
| ३०. श्री काकेश्वर स्वयम्भू लिङ्ग | डाँछी, आलपोट |
| ३१. श्री मणिचूडेश्वर स्वयम्भू लिङ्ग | साँखु |
| ३२. श्री वज्रयोगिनी योगेश्वर महालिङ्ग | वज्रयोगिनी साँखु |
| ३३. श्री नारायणेश्वर स्वयम्भू लिङ्ग | लप्सीफेदी, साँखु |
| ३४. श्री ज्योतिर्लिङ्गेश्वर स्वयम्भू लिङ्ग | साँखु |
| ३५. श्री रत्नचूडेश्वर सिद्धलिङ्ग | नगरकोट |

| | |
|---|---|
| ३६. श्री वागीश्वर सिद्धलिङ्ग | वागेश्वरी भक्तपुर |
| ३७. श्री कीलेश्वर सिद्धलिङ्ग | चाँगु |
| ३८. श्री वाल्मीकेश्वर सद्धलिङ्ग | जगाते, भक्तपुर |
| ३९. श्री मङ्गलेश्वर सिद्धलिङ्ग | नासमना, भक्तपुर |
| ४०. श्री विमलेश्वर स्वयम्भू लिङ्ग | शिपाडोल, भक्तपुर |
| ४१. श्री अनन्तलिङ्गेश्वर स्वयम्भू लिङ्ग | गुण्डु भक्तपुर |
| ४२. श्री विश्वरुपेश्वर स्वयम्भू लिङ्ग | ठिमी |
| ४३. श्री सोमलिङ्गेश्वर स्वयम्भू लिङ्ग | कौशलटार, भक्तपुर |
| ४४. श्री गोभराटेश्वर सिद्धलिङ्ग | लुभु, ललितपुर |
| ४५. श्री भृङ्गारेश्वर स्वयम्भू लिङ्ग | सुनाकोठी, ललितपुर |
| ४६. श्री त्रिलिङ्गेश्वर स्वयम्भू लिङ्गेश्वर स्वयम्भू लिङ्ग | महापाल, ललितपुर |
| ४७. श्री कुपितेश्वर स्वयम्भू लिङ्ग | मङ्गलबजार, पाटन |
| ४८. श्री सर्वेश्वर महालिङ्ग | कुम्भेश्वर, पाटन |
| ४९. श्री गोलोकेश्वर महालिङ्ग | नैकाप |
| ५०. श्री चन्दन भराटेश्वर स्वयम्भू लिङ्ग | थानकोट |
| ५१. श्री यक्षेश्वर (आदेश्वर) सिद्धलिङ्ग | सीता पाइला, स्वयम्भु |
| ५२. श्री चण्डिकेश्वर महालिङ्ग | टोखा |
| ५३. श्री धर्मेश्वर महालिङ्ग | लिवीकोट टोखा |
| ५४. श्री गोकर्णेश्वर महालिङ्ग | गोकर्ण |
| ५५. श्री कोटेश्वर स्वयम्भू लिङ्ग | कोटेश्वर |
| ५६. श्री वाणेश्वर सिद्धलिङ्ग | बानेश्वर |
| ५७. श्री ज्ञानेश्वर महालिङ्ग | ज्ञानेश्वर |
| ५८. श्री पर्वतेश्वर सिद्धलिङ्ग | देउपाटन |
| ५९. श्री जलेश्वर महालिङ्ग | गुह्येश्वरी |
| ६०. श्री गुहयेश्वर सिद्धेश्वर महालिङ्ग | गुह्येश्वरी मन्दिरभित्र पीठसँगै |
| ६१. श्री किराँतेश्वर सिद्धलिङ्ग | किराँतेश्वर, पशुपति |
| ६२. श्री भष्मेश्वर सिद्धलिङ्ग | भष्मेश्वर घाट, पशुपति |
| ६३. श्री भुवनेश्वर सिद्धलिङ्ग | भुवनेश्वरी, देउपाटन |
| ६४. श्री रूद्रागारेश्वर सिद्धलिङ्ग | रुद्रागारेश्वर, पशुपति |

(सुवेदी र खनाल, वि.सं. २०६७ पृ ५२-२१८)।

एतिहासिक लिङ्गयात्रा दुम्जाको कुशेश्वर लिङ्गबाट सुरु गरी अन्तिममा पशुपतिनाथको रुद्रागारेश्परमा समापन गर्ने गरिन्छ । लिङ्गयात्रामा सहभागी हुनेहरुले लगाएका कुशकोऔंठी खोलेर संकल्प गदै बिसर्जन गर्ने, विरुपाक्षलाई दही च्युरा चढाउने, प्रायश्चित्त गोदान गर्ने, तीर्थ गुरुलाई दक्षिणा, भेटी र यथाशक्य दान गरी विधिवत् यात्राको समापन गरेर तीर्थगुरुलाई घरसम्म पुऱ्याई विदा गर्ने गरिन्छ । लिङ्गयात्रामा सहभागी हुनेहरुले उक्त यात्रा गरेपछि आ-आफ्ना इष्ट देवता र कुल देवताको दर्शन गर्ने चलन रहेको छ । लामो समयदेखि बन्द भएको लिङ्गयात्रा पुनः सुरु हुने प्रयास भइरहेको छ (खनाल, वि.सं. २०७७ पृ ४७७) ।

चौसठ्ठी लिङ्गयात्रा परिक्रमा गर्ने क्रममा लिङ्गयात्रा सुरुवात गरिने दुम्जाको आदिलिङ्ग कुशेश्वर र लिङ्गयात्रा समापन गरिने पशुपतिनाथको रुद्रागारेश्वर शिवलिङ्गको विवरण यस प्रकार रहेको छ ।

पौराणिक मान्यतामा आधारित तथा राजा जगज्जय मल्लको पालामा सुरूवात गरिएको ऐतिहासिक लिङ्गयात्रा गर्ने क्रममा पशुपतिनाथको पूँजा तथा परिक्रमा गरेर चाबहिल गणेश मन्दिरको पूजा गरी दुम्जाको श्री कुशेश्वर आदिलिङ्ग बाट लिङ्गयात्रा सुरू गरेर अन्तिममा पशुपतिनाथको रूद्रागारेश्वरमा आएर लिङ्गयात्रा समापन गर्ने गरिन्छ (खनाल, वि.सं. २०७७ ४७४–४७७) (चित्र नं. १) ।

रूद्रागारेश्वर ज्योतिलिङ्ग पशुपतिनाथको उत्तरतर्फ काभ्रोको बोटमुनि पर्दछ । यहाँ रूद्रस्नानोदक कुण्ड छ । हाल यो कुण्ड काभ्रोको रूखसंगै जराहरू पनि बढ्दै गएको र माटोभरीदै जाँदा नदेखिने भएको छ । यस कुण्डको जल आँखामा लगाउनाले नेत्ररोग निवारण हुनुको साथै आँखा तेजीलो हुन्छ । रूद्रागारेश्वरको विधिवत् पूजनादि गर्नाले अतुल ऐश्वर्य प्राप्त हुनुको भक्ति–मुक्ति प्राप्त हुन्छ (सुवेदी र खनाल, वि.सं. २०६७ पृ २१९) ।

यो लिङ्ग साक्षात् रूद्र आफैले एकान्त सुखको इच्छाले शयनकक्षको निमित यस लिङ्गको स्थापना गर्नुभयो । त्यसैले यस लिङ्गको नाम रूद्रागारेश्वर भएको हो । आफ्ना भक्तले चाहेको पुऱ्याइदिने र भुक्ति–मुक्ति नै छिटै दिनेमा यो लिङ्गले लोकप्रसिद्धि कमाएको छ (मधुसूदन र खनाल, वि.सं. २०६७ पृ २१९) ।

लिङ्गयात्रा समापन गरिने रूद्रागारेश्वर परिसर खुल्ला अवस्थामा जमिनबाट करिब २० फिटको गहिराइमा रहेको छ । यो स्थानलाई पशुपति नाथको शयन गर्ने ठाउँ पनि मानिन्छ (पोखरेल, वि.सं. २०७७ पृ १३१) । (चित्र नं. २)

# चौथो अध्याय
# कुशेश्वर मन्दिरको कला वास्तुकला

## ४.१ कला

कुशेश्वर मन्दिरको कलाको बारेमा वर्णन गनुभन्दा पहिला कला भनेको के हो ? भन्ने बुझ्नु आवश्यक देखिन्छ । कला भनेको एउटा मानवीय अनुभूति तथा परिकल्पना हो, जुन मानवले आफ्नो मनमा भएको कुरा खुल्दुली व्यक्त गर्नको लागि जुन माध्यम प्रयोग गर्छ, त्यो नै कला हो । ढुङ्गे युगका मानवले आफ्नो मनको कुरा आफ्नो परिवार, साथीभाइलाई अभिव्यक्त गर्नको लागि आफ्नो वासस्थान गुफाहरुमा आफूले दिनभरी गरेका क्रियाकलापलाई चित्रहरु बनाई आफ्नो भावना अभिव्यक्त गर्ने गरेका थिए, त्यो अभिव्यक्तिहरु नै चित्रका माध्यमबाट व्यक्त गर्न सफल भयो त्यो नै कला हो । यसरी आफ्नो भावनालाई चित्रको माध्यमबाट अभिव्यक्त गर्दा मानवले आफ्नो जीवनयापन गर्दा व्यवस्थित रुपमा अगाडि बढाउदै नयाँ युगमा जान सफल भयो । ढुङ्गे युगमा मानिसले जुन कला सिक्यो आफू बाँच्नको लागि सिक्यो । यस कलामा मानिसहरुले विविध किसिमको ढुङ्गेऔजार अर्थात् पाषण उपकरणहरु प्रयोग गरी जीवजन्तुको शिकार गऱ्यो, कृषि प्रयोजनको लागि समेत औजारहरु बनाउन सफल हुनु नै त्यस युगको कलाको औचित्य देखिन्छ । यस्तो कला जुनसुकै विधासँग सम्बन्धित भए पनि अमूर्त विषयलाई मूर्त स्वरुप दिन मद्धत गर्दछ । यसबाट चित्रकला, वास्तुकला, मूर्तिकला, काष्ठकला, आदिको समेत विस्तारै विकास हुँदै आजको अवस्थासम्म आइपुगेको देखिन्छ ।

कलाको विकासको समयलाई अध्ययन गर्दा पाषण युगको मानिसहरुले आफ्नो भावना अभिव्यक्ति गर्नका लागि कोरेका ती गुफाहरुको चित्रकला र उनीहरुले प्रयोगमा ल्याएका विविध उपकरण तथा विकास गरेको कलासम्म पुग्न सकिन्छ । यसरी प्राग-मानवले सिर्जना गरेको कलाको माध्यमबाट नै आजको अवस्थामा विद्यमान रहेको कला आज एक परिष्कृत कलाको रुपमा रहेको देखिन्छ । यसरी विकास भएको विभिन्न कला मध्ये मर्तिकला पनि एक हो । नेपालमा पनि विभिन्न कालका विभिन्न मूर्तिहरु यत्र-तत्र रहेका छन् । कुनै मूर्तिको स्वरुप हुन्छ भने कुनै साधारण शिला लाई नै कुनै देवताको स्वरुप मानि पूजा गर्ने प्रचलन प्राचीनकाल देखि नै रहेको छ , जसमध्ये सिन्धुली जिल्लामा अवस्थित ६४ शिवलिङ्ग मध्ये एक महत्वपूर्ण लिङ्ग हो । जसमा कुशेश्वर महादेवको कुनै मूर्ति नभई साधारण लिङ्ग मात्र रहेको छ । यो मन्दिरको परिसरमा धातु , मृण्मय र प्रस्तरका विभिन्न देवीदेवताका मूर्ति पनि रहेका छन् ।

## ४.२ कुशेश्वर शिवलिङ्ग

कुशेश्वर लिङ्ग स्वयम्भुव लिङ्ग हो । स्वयम्भुव लिङ्ग आफै उत्पति भै अनादिकालदेखि अस्थित्वमा रहेका हुन्छन् , जुन कालक्रमले जिर्ण भएमा तिनमा अग्नी पशु आदिका कारण क्षति पुगेमा, नदीको वहावको कारण खिइएमा वा कुनै पनि कारणले क्षति पुग्न गएमा तिनको जिर्णोद्धार गर्न आवश्यक नभइ केवल

सामान्य संस्कार गरे पश्चात पूजा योग्य हुन्छन् (राव, १९९७ पृ ८१-८२) । विविध प्रकारका लिङ्गहरू मध्ये स्वयम्भु लिङ्गलाई उत्तम लिङ्ग मानिएको छ ।

कुशेश्वर शिवलिङ्ग प्राकृतिक रूपमा चोइटियर केही मात्रामा पश्चिमतिर ढल्किएको अवस्थामा सानो चिल्लो कालो प्रस्तर लिङ्ग सहित रहि विशाल वेसर (गोलाकार) शैलिको जलहरिमाथि रहेको छ । कुशेश्वरको लिङ्ग स्वयम उत्पति भएको वा प्राकृतिक उत्पति भएको स्वरूपमा यथावत रहेता पनि तिनको जलहरि भने मानव निर्मित रहेको छ ।

## ४.३ कुशेश्वर क्षत्रको चारै दिशामा रहेका देवी देवताहरु

**पश्चिम दिशातर्फ** :- (वारुणी पलाञ्चोके देवीले रक्षा गरीएको)

भोटेपाटी गाईखुरा ढुङ्गामा गाईको पछाडिको खुर र बाघको पछाडिको पञ्जा चिन्ह प्रष्ट भएको, अगाडिको खुर तथा पंञ्जा दुम्जा काफ्लेचौर शिरमा रहेको विश्लेश्वर महादेव शिलामा प्रष्ट छ । यस कथन बारे प्रष्ट पारिने छ ।

तिमल नारायण स्थान डाँडा नजीक भोटेपाटी नजीकै कामधेनु गाई उत्पति भईन त्यसै समयमा बाघ निस्केर गाईलाई झम्टदा गाई उफ्रेर गाईखुरा महादेव महाभारत जहाँ विश्लेश्वर महादेव शिला छ, सोही ठाउँमा अघिल्लो खुरको पद्चिन्ह छाडी गाई अलप भईन । बाघले झम्टदा उक्त गाई चिन्ह माथि बाघको पञ्जा अध्यावधी अगाडीका खुर र पंञ्जा काफ्लेचौर शिलामा र पछाडिका बाघ र गाईको पंञ्जा तथा खुरको पद्चिन्ह भोटेपाटी माथी गाईखुरा तिमाल नामले चिनिन्छ ।

तिमल डाँडा कालिका देवी, मेच्छे-वच्छला देवी, पौव-शिवजी र देवर भाउजु, नारायण स्थान - पलाञ्चोके भगवती, लुभुघाट-मत्स्य गन्ध उत्पति, परासर-मत्स्यगन्ध मिलन भै वेदव्यासको जन्म भै त्यहीबाट व्यास गुफामा गै तपस्या गरेको सिन्धुरेटार दह दुई बाँझ बिच झगडा भई वृर्य खस्दा माच्छीले खाएको ठाउँ त्यसै स्थानमा माछा जालमा परी माछाको पेटबाट उत्पति भएकाले मच्छेगन्धा नाम रहयो । परासर ऋषि र मच्छेगधा बिच लुभु घाटमा संर्म्सग भै वेदव्यासको जन्म (उत्पति) भएको स्थान लुभु घाट नामले चिनिन्छ ।

**पश्चिम उत्तर दिशातर्फ** :- (वायब्यमा सिंह वाहिनी देवीले रक्षा गरीएको)

सत्यपुराण-ऋषि मत्स्यगन्धको मिलन भै वेदब्यासको जन्म भएको लुभु (नवु) घाटमा अहिले पनि बेलाबेलामा कुहिरो लाग्द्छ । द्धापर युगमा महाँराज सन्तनु र सत्यवती बीच भेटघाट देवदानवले भिष्म प्रतिज्ञा गरी सन्तनुको विवाह गरेको माझी गाउँ, चापडी जङ्गल, कन्व ऋषिको तपोवन, विश्वामित्र

गुफामा स्वर्गकी अप्सरा मेनका संग भोग गरी सकुन्तलालाई जन्म दिई छाडेको ठाउँ, दुष्यन्त संग गन्धर्व विवाह गरी सकुन्तलाको कोखमा भरतको गर्भ रहेको यसै ठाउँमा हो ।

**उत्तरतर्फ** :- कौवेरी देवीले रक्षा गरीएको (कालीका)

कोशिकिको कमाण्डमा निम्न अनुसार देवी देवताहरु जस्तै सुनपति देवी, सौलुङ्गेश्वर महादेव, सौलुङ्गेश्वरी देवी, दोलखा भिमेश्वर, कालिञ्चोक भगवती, विश्वामित्र गुफा, जलदेवी खनियापानी, भोटन देवी आदि रहेका छन् ।

**दक्षिणतर्फ** :- (वाराहि देवीले रक्षा गरीएको)

वाराहिको कमाण्डमा देवी स्थान घारी, भालु खोलाकी सेती देवी, सीम्लेकी देवी, खोपकी देवी, कल्देरीकी देवी, अर्चलेकी देवी, सीमलचौरकी मल्लीका देवी, दोबाटोको शिवशर्मा पार्वती गुफा, (मझथोक) दारीमबोटकी देवी, खोलापारी देवी, ज्यामीरेको ताङ्गलो महाँकाली देवी, पञ्चकन्या (हाइगाउँ) की देवी, सातकन्या उद्रेकोटकी देवी, विश्लेश्वर गाईखुरा महादेव आदि देवी देवताहरु रहेका छन् ।

**दक्षिण-पश्चिम दिशातर्फ** :- (नैरित्य कोणमा)

खड्ग धारिणीको अगुयायीमा निम्न देवताहरु देवी स्थान माथिल्लो बेसी, बसेरी गणेश भिमसेन स्थान माम्ति, तीनपिप्ले महाँकाली देवी, केराबारी जलकन्या, भिमेश्वरी अम्बिकेश्वर, सुन्दर देवी, ने मुनिको तपोभुमी नेपालथोक टोपकी देवी, आदि रहेका छन् ।

**उत्तर-पूर्व दिशातर्फ** :- (इसान कोण)

सुलधारणी देवीको नेत्रित्वमा दुर्गा तीर्थ, दुर्गाक्षघाट, देवी दुर्गाले सुम्म निसुम्मको वध गरी खाडो पखालेको ठाउँ, (दुर्गा घाम) कुशेश्वर आदिलिङ्ग देखि २०० धनु पूर्व नदी किनारामा दुर्गाको र सुम्म निसुम्मको आकृति भएका शिला, त्यस भन्दा माथि करिब २०० मीटर पश्चिम सम्म ३३ कोटी देवता, नाग, शंख आदि आकृति भएका शिलाहरु देख्न सकिन्छ । प्रत्येकको दर्शन गनुहोला, खाडो खाड्देवी डाँडामा गाडी देवी कालिञ्चोक गई अलप भएको थानपति महादेव (स्वच्छ रुपबाट दर्शन गर्दा मागेको सम्पूर्ण कुरा पुऱ्याउने देवता) प्रयागेश्वर पकरबास भीर पानीको साद डाँडामा छन् ।

**पूर्व दिशातर्फ** :- (इन्द्रायणी देवीले रक्षा  गरीएको)

इन्द्रायणी देवीको अगुयायीमा निम्न अनुसार देवी देवताहरु रहेका छन् । देवी दुर्गाले प्रयोग गरेको भयानक पेटारे ढुङ्गा छ , गजुरी दह, गुप्त गंगा, नाग ढुङ्गा, बोकेथुम्का देवी, चुन्याकी देवी, मजुवाकी काली र लाटी देवी, साधी पुछारमा सेती देवी, झाक्री गुफा र प्रागऐतिहासीक कालीन विभिन्न अवशेष र

देउराली थुम्काहरु छन् । प्रतापेश्वर महादेव, रामगंज स्थान, पलधुरी मुकुटेश्वरी, गणेश थान झाँगाझोली रातमाटा, सुलथुम गणेश, नर्वदेश्वर त्रिवेणी महादेव, भिमेश्वर खुर्कोट, हिर्दिङग विन्देश्वर दुधेश्वर महादेव, कोथब्बे पूर्व नजीकै झम्केश्वरी देवी, काली देवी, पंञ्चकन्या देवी छन् । घोर्मादेवी, कीरातेश्वर महादेव गोठा पानी, बाल्मीकेश्वर गुफा, सर्हस धाराबाट बगाएर हाल मुलकोट स्थितमा स्थापना गरिएको छ ।

**पूर्व-दक्षिण दिशातर्फ** :- (आग्नेय कोण)

अग्नि देवताले रक्षा गरेका छन् । कोट गाउँ सिद्ध गुफा, ताम्लिङग भवानी सती अलप भएकी ताम्लिङग साधन बोट बिच, महाँकाल स्थान, सर्हस धारा, काशी नदी, भोटे खोला, रक्तमाला आरुबोट, बालकन्या गौरीगाउँ, भीमेश्वरी नाङ्गे डाँडा, पञ्चकाली भोटेखोला, कालीमाई अमारे, गरमकाली सार्किछाप, भद्रकाली, मजुवाकालीमाई, नागी गजुरा देवी, चालिसे हिरादेवी, वच्छुटार ठाकुरापुरी, गउँखर्क महाँकाल र पुष्पकल गढी डाँडा बाघ भैरबी सिद्धबाँबाँ चपौली, जलकन्या देवी, जयमान देवी, डाली चण्डी देवी, भद्रकाली, कालीमाई, कमलामाई, आदि वरिपरी भएका देवी देवताको घेरा भित्र रही १८ हात भएकी सिंह वाहिनी भगवती देवी दुर्गाले माथीपट्टी उभो दिशामा ब्रह्मायणीले, तलतिर उधो दिशामा वैष्णवीले रक्षा गरीएको ब्रह्मा, विष्णु, महेश्वर साथै इन्द्र समेत सम्पूर्ण देवताको शक्ति पुञ्ज लिई आदिलिङ्ग कुशेश्वर, उत्तर पश्चिम विश्वामित्र गुफा, निकट सुर्वण कौशिकी (सुनकोशी) नदी बाट उत्पति भई देवीको पेटारो राखी चारै दिशा मात्र नभई दशै दिशातर्फ देवी देवतालाई पहराको रुपमा राखेर मुकुट फुकालेर मुकुटेश्वरमा राखी सर्हस धारामा स्नान गरी मुलकोट पल्धुरी देवी पश्चिम दुम्जा माथील्लो बेसी देखि पूर्व, देवी दुर्गा र सुम्म निसुम्मको युद्ध भई देवी दुर्गा बाट बध गरी उसै बेला देखि मार्कण्डे ऋषि आदिलिङ्गमा आई तपस्या गर्दा चीरनजीबि हुने वरदान देवादी देव महादेव बाट प्राप्त भएको पितृ श्राद्ध दुर्गा घाममा गरेपछि पितृ आर्षिस समेत प्राप्त गरेर यसै कुशेश्वर बाँबाँको आर्शिवाद प्राप्त गरी मार्कण्डे पुराण, देवी भागवत चण्डीको रचना यसै पवित्र तपोभुमी बाट नै भएको धार्मिक तथ्य हिमवत्खण्ड उपपुराणको (योगी, वि.सं. २०७१ पृ १८९-१९०) अनुसार पुष्टि हुन्छ ।

जसरी आदिलिङ्ग कुशेश्वर महादेवलाई बिचमा राखी चारै दिशातर्फबाट विभिन्न देवी देवताहरुले रक्षा गरेका छन् । त्यस्तै मन्दिर वरिपरी बाट पनि विभिन्न देवीदेवताहरुले आदिलिङ्ग महादेवको रक्षा गरेका छन् । जस्तै हनुमान, गणेश, उमामहेश्वर, सरस्वती, राम सिता लक्ष्मण, राधा कृष्ण, दुर्गा, सूर्यनारायण, सत्यनारायण, लक्ष्मी, नाग आदि देवी देवताले रक्षा गरी राखीएको छ ।

### ४.४ कुशेश्वर मन्दिर परिसरमा स्थापित विभिन्न मूर्तिहरू

कुशेश्वर मन्दिर परिसरमा कुशेश्वर शिवलिङ्गको साथै अन्य विभिन्न देवीदेवताको मूर्तिहरू स्थापना गरिएका छन् । कुशेश्वर प्राङ्गणमा खुल्ला रूपमा कुनै भुइँमा, कुनै भित्तातर्फको पर्खालमा मूर्तिहरू राखिएका छन् । त्यहाँ भएका मूर्तिहरू विवरण यस प्रकाररहेका छन् :

### ४.४.१ हनुमानको मूर्ति

मुख्य मन्दिरको दक्षिण पूर्वी दिशामा हनुमानको मूर्ति स्थापना गरिएको छ । मन्दिर निर्माण संगै मन्दिरको संरक्षकको लागि हनुमानको मूर्ति स्थापित गरेको देखिन्छ । वि.सं. २०७५ सालमा स्व. पिता उदय बहादुर कोइरालाको स्मृतिमा छोरा नरेन्द्र बहादुर कोइराला द्धारा यो हनुमानको मूर्ति कुदेर श्री कुशेश्वर महादेवलाई समर्पित गरिएको हो प्रत्यक्ष अवलोकन (चित्र नं. ३) ।

### ४.४.२ पितलको ठूलो नन्दी

मन्दिरको पश्चिम द्धारमा पश्चिम देखि पूर्व फर्काएर एउटा ठूलो नन्दी प्रतिस्थापन गरिएको छ । स्व. बुवा हजुर बुवा, श्री ललितवम रायमाझी तथा स्व. आमा हजुर आमाहरु लाल कुमारी रायमाझी तथा रत्न कुमारी रायमाझीको स्मृतिमा सिन्धुली जिल्ला सुनकोशी गाउँपालीका वडा नं. १ देवीस्थान गाउ निवासी श्री तीर्थ बहादुर रायमाझी, ज्ञान बहादुर रायमाझी, नैन बहादुर रायमाझी तथा सम्पूर्ण रायमाझी परिवार भै वि.सं. २०७४ साल वैशाष १६ गते श्री कुशेश्वर महादेवमा समर्पित गरिएकोमा प्रमुख सेनानी राजेद्र क्षेत्री द्धारा उद्घाटन गरिएको विवरण नन्दी सँगै राखिएको शिलामा उल्लेख गरिएको छ (चित्र नं. ४) ।

### ४.४.३ डंगोल परिवारको कुल देवता

काठमाडौं टेकू स्थित ब्रम्हटोल १२ निवासी डंगोल परिवार द्धारा वि.सं. २०७१ माघ महिनामा पुनः निर्माण गरिएको कुल थान संगै एक डवलीको निर्माण समेत डंगोल परिवार बाट सम्पन्न भएको छ । यस डवलीमा वर, पिपलका वृक्ष र विभिन्न टुटे फुटका मूर्तिहरू राखिएको छ (चित्र नं. ५) ।

### ४.४.४ गोपालदास बाबाको समाधी स्थलमा रहेको शिवलिङ्ग

१००८ परमहंस स्वामीश्री गोपालदास बाबा (१९५१ २०१८) साल आचार्य कुलदीप स्वामी गोपालदास बाबा तनहुंको रम्धामा जन्मनुभई आठ वर्षको उमेरमा उहाँको ब्रतबन्ध भएपछि घर छोडी बाल ब्रम्हचारी बन्नु भएका उहाँ भारतको हरिदवारमा योग विधिले सन्यासी बन्नु भएपछि ब्रम्हज्ञान आर्जन गरी उहाँले विभिन्न ठाउँका मठ, मन्दिर र पीठको दर्शन गनुभयो । तत्पश्चात सुनसरीको बराहक्षेत्रमा रामधुनी लगाउनु भयो । खोटाङ्गको हलेसी महादेवको दर्शन पश्चात विक्रम सम्वत् १९९६ सालमा आदिलिङ्ग श्री कुशेश्वर महादेव स्थन दुम्जामा आइपुग्नु भएको विवरणको उल्लेख शिलालेखमा गरिएको छ ।

स्वामी गोपालदास बाबाले नेमुनि, विश्वामित्र, मार्कण्डेय र कुशिक ऋषिहरुको तपोस्थल देवी दुगाले शुम्भ र निशुम्भलाई मुक्ति दिएको पवित्र स्थल, कौशिकी (सुनकोशी) र रोसमति (रोसी) को संगमस्थल र नागहरुको पेटारो राख्ने भण्डार स्थल दुम्जा बेसीमा आफनो, बाँकी जिवन बिताउनु भयो ।

२०१८ सालमा रूद्रयज्ञको साङ्गे हुनुभन्दा दुइ दिन अघि आदिलिङ्ग श्री कुशेश्वर महादेव स्थानमै स्वामी गोपालदास बाबाले समाधि लिनुभयो, कैलाश मदिर नजिकै उहाँको समाधिस्थल रहेको छ (प्रत्यक्ष अवलोकन) ।

आध्यात्मशिक्षा, स्वास्थ र समाजसेवामा १००८ परंहंस स्वामी गोपालदास बाबाको यस क्षेत्रमा अतुलनीय योगदान रहेको छ । यसका लागि हामी सबै बाबा प्रति मरणोपरान्त आभारी छौँ ।

उँहाको यस क्षेत्रमा ब्रह्मचार्यश्रम खाल्ने अधुरो सपनालाई वर्तमान पुस्ताले साकार पार्दै वि.सं. २०७४ साल वैशाष ४ (चार) गतेबाट गुरुकुल विद्यालय संञ्चालन गरि पठन पाठन गर्ने व्यवस्था गरिएको छ ।

यस गुरुकुल आश्रममा तीन वर्षको अवधिमा २८ जना शिष्यहरुले ज्ञान आर्जन गरिरहेका छन् । यस गुरुकुल आश्रम जिल्ला शिक्षा कार्यलय सिन्धुली बाट सुकृत्ती लिई संञ्चालन गरिएता पनि हालसम्म नेपाल सरकारबाट कुनै पनि किसीमको आर्थिक सहयोग भएको छैन् । अहिले सम्म मन्दिरको भेटीले गुरुकुललाई खानको लागि पुगीराखेको छ । गोपालदास बाबाको समाधि स्थलमा शिवलिङ्ग स्थापना गरी बाबाको नाममा दैनिक पूजा गर्ने गरिन्छ (चित्र नं. ६)।

### ४.४.५ उमामहेश्वरको मूर्ति

यस कुशेश्वर तीर्थमा भएका मूर्तिहरु मध्ये सबै भन्दा पुरानो र महत्वपूर्ण प्रस्तर मूर्तिको रुपमा यो उमामहेश्वरको मूर्ति पाइन्छ । मूर्तिकलाको दृष्टिबाट हेर्दा यो मूर्ति ८,९ औं शताब्दि तिरको देखिन्छ । दुम्जा गाउँमा पाइएको लिच्छवि अभिलेख र यस तीर्थमा रहेको यो उमामहेश्वर मूर्तिले लिच्छविकालमै यस क्षेत्रको महत्व र प्रसिद्धि फैलिसकेको बुझिन्छ । यस उमामहेश्वर मन्दिरमा कुशेश्वर महादेव मन्दिरका पूजारीबाट दैनिक रुपमा पूजा गर्ने गरिएको छ भने मन्दिरको हेरचाह र रेखदेख कुशेश्वर महादेवस्थान संरक्षण समितिले गरेको छ ।

वि.सं. २०७२ साल वैशाष १२ गते आएको महाभुकम्पबाट पुरै क्षेतिग्रस्त भएको मन्दिरलाई भक्तपुर नगरपालिका निवासी श्री सुरेश बहादुर धौबन्जार र श्रीमती इन्दिरा धौबन्जारबाट आफ्ना पिता स्व. श्री रत्न बहादुर धौबन्जार र माता स्व. पूर्ण माया तथा स्व. रूपकेशरी धौबन्जारको पुण्य स्मृतिमा मन्दिरको जगैदेखि पुनः निर्माण गरी जिर्णोद्धार मिती वि.सं. २०७३ फागुण महिनाको ४ गते बुधवारका दिन सम्पन्न गरियो भनी शिलालेखमा उल्लेख गरिएको छ  प्रत्यक्ष अवलोकन (चित्र नं. ७ को क र ख) ।

### ४.४.६ बुढानिलकण्ठ नारायण

श्री कुशेश्वर दुम्जा वडा नं. ३ भन्ज्याङ्ग निवासी श्री हरिप्रसाद कोइराला श्रीमती अम्बिका कोइरालाद्धारा हजुरबुवा स्व. अर्कलाल कोइराला हजुरआमा स्व. शर्मरेखा कोइराला स्व. पिता सुवीदार गोविन्द प्रसाद कोइराला स्व. आमा इन्द्र कुमारी कोइराला  र दाजु स्व. चिन्तामणि कोइरालाको धार्मिक आस्था प्रति

समर्पित भई श्री विष्णु बुढानिलकण्ठ नारायणको मूर्ति स्थापना मिति वि.सं. २०७२,११,१ मा सम्मपन्न भयो प्रत्यक्ष अवलोकन (चित्र नं. ८)।

### ४.४.७ बटुक भैरव

यस कुशेश्वर तीर्थमा रहेको अर्को महत्वपूर्ण मूर्तिको रूपमा बटुक भैरबको मूर्ति रहेको छ। मूर्तिकलाको दृष्टिकोणबाट हेर्दा उमामहेश्वरको मूर्ति पछि दोस्रो महत्वपूर्ण मूर्तिको रुपमा देखिन्छ । सम्भवतः काठमाडौँबाट तिरहुत र वंगालतिर जाने बाटोमा पर्ने यो तीर्थमा काठमाडौँका कलकार लगेर मूर्ति निर्माण गराइएको हुनसक्ने कारणवश निर्माणकार्य नसकिदै कलकार हिड्नु परेको वा मृत्यु भएको कारणले मूर्तिको निर्माणकार्य अपूर्णनै रहेको हुने जनविश्ववास रहेको पाइन्छ।

उक्त मन्दिर वि.सं. २०३० सालमा स्व. पिता हर्कबीर दोङ तामाङ तथा माता च्याङबा रानी ल्बोन तामाङले कुशेश्वर तीर्थमा बटुक भैरबको लागी सानो सामान्य खालको मन्दिर निर्माण गराएर त्यस मन्दिर भित्र भैरबलाई प्रतिस्थापन गरिदिएका थिए भन्ने कुरा त्यही स्थित शिलालेदबाट थाहाँ पाउन सकिनछ (प्रत्यक्ष अवलोकन)।

उक्त मन्दिर वि.सं. २०७२ साल वैशाष १२ गते गएको महाभुकम्पबाट पूर्ण रुपमा क्षति भएको हुँदा स्व. हर्कवीर दोङ तामाङका परिवार लगाएत रोसी पारीका समस्त दोङ परीबार बाट वि.सं. २०७३ साल भाद्र ९ गते बिहिबारका दिन मन्दिर पूर्ण निर्माणको कार्य सम्पन्न भएको थियो (प्रत्यक्ष अवलोकन)।

बटुक भैरवलाई कुशेश्वर परिसरमा प्रतिस्थापन गर्नुको मुख्य कारण यस प्रकार रहेको छ। ब्रह्मा र विष्णुको बीचमा को ठूलो भन्ने कुरामा प्रतिस्पदा भयो दुवै जना त्यो विवादबाट कैलाशमा पुगेपछि महादेव सहित तीनै जना हालको कुशेश्वरमा आएर अब तल फेदमा को जाने भन्दा ब्रह्मा तल पातालतिर जानुभयो, विष्णु माथी जानुभयो । धेरै वर्षपछि उनीहरु महादेव समक्ष आए । विष्णुले टुप्पो पत्ता लगाउन नसकेको कुरा बताउनु भयो, ब्रह्माले मैले फेद पत्ता लगाए भनेर कुश लिएर आउनु भयो । महादेवले यो होइन तिमिले झुटो बोल्यो अबदेखि तिम्रो पूजा हुदैन, इलाहवाद तीर्थमा रहेको तिम्रो मूर्ति यथावत रहने छ भन्नुभयो, तत्पश्चात कुशेश्वर महादेवको उत्पति भयो । त्यसै स्थानमा शुम्भ निशुम्भको अत्याचारलाई निमूल पार्न पार्वतीले कालीको रूप धारणगरी शुम्भ निशुम्भलाई त्यस क्षेत्रमा वद गरी दुर्गा घाटको स्थापना गनुभयो । दुर्गा घाटको पारीपट्टी खड्ग विर्षजन गर्दा पनि कालीको रिष सान्त नभएपछि त्यहाँ हाँहाँकार मच्कियो । त्यसपछि सारा ब्रह्मा, विष्णु, महेश्वर लगाएत सारा देवताहरु जम्मा भै मिलेर महादेवको स्तुती गर्न थाल्नुभयो । त्यस पश्चात महादेवले सानो वटुकको रूप धारण गरी काली सम्मुख पर्नुभयो । कालीको नजर वटुकभैरव माथि परेपछि रिष सान्त भै बटुकभैरवलाई अंगालो मार्नुभयो । त्यसै स्थानमा कुशेश्वर महादेवको उत्पति भयो र बटुकभैरवको रूप पनि त्यसै स्थानमा यथावत रहेको छ भनी कुशेश्वर क्षेत्र सम्पदा संरक्षण प्रतिष्ठान टेकूका उपाध्यक्ष डंगोलका बताउनु हुन्छ (चित्र नं. ९)।

### ४.४.८ १०८ शिवलिङ्ग

आदिलिङ्ग श्री कुशेश्वर मा श्रीखण्पुर लासंकोटोल निवासी स्व. शेरबहादुर प्रधान र स्व. जयमाया प्रधानको स्मृतिमा उहाँका छोरा सानुकाजी प्रधान र बुहारी हरिमाया प्रधानको तर्फबाट श्री कुशेश्वर महादेव मन्दिर परिसरमा १०८ शिवलिङ्गको स्थापना गरेर बिच भागमा चतुर्मुख शिवलिङ्गको स्थापना गनुको साथै चतुर्प्रष्ठी शिवलिङ्ग प्रतिस्थापन कार्य सम्पन्न गरी वि.सं. २०७१ फागुन ११ शुक्ल पक्ष पञ्चमी तिथिको दिन श्री कुशेश्वर महादेवलाई समर्पण गरिएको थियो । यस चतुर्प्रष्ठी शिवलिङ्गमा दैनिक रुपमा विहान कुशेश्वर महादेव मन्दिरका पूजारी बाट मुख्य मन्दिको पूजापछी चतुर्प्रष्ठी शिवलिङ्गको पनि पूजा गरिदै आएको छ प्रत्यक्ष अवलोकन (चित्र नं. १०) ।

### ४.४.९ शिलाको बासुकी नाग (विष्णु पाञ्चायन)

आदिलिङ्ग श्री कुशेश्वर महादेव मदिरको पूर्व दक्षिण दिशा र १०८ शिवलिंगको छेउमा एउटा ठूलो प्रस्तर रहेको छ । त्यो प्रस्तरमा नागको आकृति भएकाले पहिले देखि नै त्यस प्रस्तरलाई बासुकी नागको रुपमा पूँजा गर्ने गरेको कुरा मन्दिरका पूजारी बाट थाहाँ पाउन सकिन्छ । त्यो ठूलो प्रस्तरमा प्रष्ट सँग नागको आकृति देख्न सकिन्छ । हाल आएर मन्दिरमा बस्ने एक जना बाबा ले त्यो ठूलो प्रस्तरलाई खोपेर विष्णु पाञ्चायन नाम राखि (गणेश, सूर्य नारायण, दुर्गा, शिव, विष्णु, ब्रह्मा) आदिको चित्र र हिमलको दृर्स्यलाई समेत एउटै प्रस्तरमा उर्तान सफल हुनु भएको छ प्रत्यक्ष अवलोकन (चित्र नं. ११) ।

### ४.४.१० राम, सिता, लक्ष्मण, हनुमान सहितको मूर्ति

आदिलिङ्ग श्री कुशेश्वर महादेव मन्दिर परिसरमा स्व. पिता डिल्ली प्रसाद सापकोटा र स्व. माता डण्ड कुमारी सापकोटाको स्मृतिमा उहाँका छोरा बुहारीहरु १) दामोदर, दिपा सापकोटा २) इश्वरी, इन्दु सापकोटा ३) मधुसुदन, आशा सापकोटा ४) बैकुण्ठ, निलम सापकोटा को तर्फबाट आदिलिङ्ग श्री कुशेश्वर महादेव मन्दिरको मूलद्धारमा मन्दिर निमार्ण गरी श्रीराम, सीता, लक्ष्मण र हनुमानको मूर्ति प्रस्तरमा निमार्ण गरी वि.सं. २०७० साल वैशाष ६ गते शुक्रबार रामनवमीको दिन प्रतिस्थापन गरिएको थियो । यस मन्दिरमा पनि कुशेश्वर महादेका पूजारी बाट विहान दैनिक रुपमा पूँजा गर्ने गरिएको छ प्रत्यक्ष अवलोकन (चित्र नं. १२) ।

### ४.४.११ गणेश, लक्ष्मी, सरस्वती सहितको मूर्ति

आदिलिङ्ग श्री कुशेश्वर महादेव मन्दिर परिसरमा एउटा रिद्धि सिद्धि गणेशको मन्दिर निमार्ण गरी बिचमा गणेश, वायाँ लक्ष्मी र दायाँ सरस्वतीको मूर्ति प्रतिस्थपन गरी नरेन्द्र कोइरालाले आदिलिङ्ग श्री कुशेश्वर महादेवको नाममा चढाउनु भएको थियो । यहाँ मिति उल्लेख गरिएको छैन् मूर्तिकलाको दृष्टिकोणबाट हेर्दा वि.सं. २०७०,७१ साल तिर निमार्ण भएको देखिन्छ । यस मन्दिरमा पनि मुख्य मन्दिरका पूजारीले दैनिक रुपमा विहान पूँजा गदै आइरहनु भएको छ प्रत्यक्ष अवलोकन (चित्र नं. १३) ।

### ४.४.१२ राधाकृष्णको मूर्ति

कुशेश्वर महादेव परिसरमा हरि प्रसाद कोइरालाले वि.सं. २०६२–६३ सालमा मन्दिर निमार्ण गरी राधाकृष्णको प्रस्तर मूर्ति प्रतिस्थापन गरी आदिलिङ्ग श्री कुशेश्वर महादेवको नाममा चढाउनु भएको थियो । राधाकृष्णको दायाँ बायाँ मन्दिर परिसरमै रहेका पुराना दुइ मूर्ति पनि त्यहि मन्दिरमा राख्नु भएको छ । यस मन्दिरमा पनि पुजारी बाट विहान दैनिक रुपमा पूजा गर्ने गनुभएको छ प्रत्यक्ष अवलोकन (चित्र नं. १४) ।

### ४.४.१३ दुर्गा भगवतीको मूर्ति

कुशेश्वर महादेव मन्दिर परिसरमा एउटा सरस्वतीको मन्दिर स्थापना भएता पनि धेरै समय अगाडी सरस्वतीको मूर्ति चोरी भएपश्चात मन्दिर खाली भएपछि वि.सं. २०६५,४,२२ गते स्व. पिता अर्कलाल कोइराला र स्व. माता शर्मारिखा कोइराला एवं स्व. पती मुरारी शर्मा खतीवडा ज्यूको अमर स्मृतिमा उहाँको छोरी, पत्नी विन्दु कोइरालाको तर्फबाट आदिलिङ्ग श्री कुशेश्वर महादेव स्थलमा एक दुर्गाको प्रस्तर मूर्ति र मन्दिरको मुल द्वारमा एक थान ढोका समेत निमार्ण गरी चढाउनु भएको थियो । यस मन्दिरमा पनि पुजारी बाट दैनिक रुपमा पूँजा गरिदै आइएको छ । यो मन्दिर वि.सं. २०७२ वैशाष १२ गते गएको महाभुकम्पले पुर्ण रुपमा जिर्ण भएको हुदा यस मन्दिरको पुनः निमार्ण तत्काल गनुपर्ने देखिन्छ प्रत्यक्ष अवलोकन (चित्र नं. १५) ।

### ४.४.१४ त्रिशूलहरु

कुशेश्वर मन्दिरमा गोपालदास बाबाले दुई वटा त्रिशूल राख्नु भएकोमा मन्दिरको पूर्वी दिशामा रहेको चन्द्र, सूर्य, बन्चरो अंकित गरिएको त्रिशूल २० फिट उच्चाइको रहेको छ । अर्को उत्तर दिशामा रहेको सानो त्रिशूलमा डम्बरु र बन्चरो अंकित गरिएको छ प्रत्यक्ष अवलोकन ।

कुशेश्वर मन्दिरको उत्तर दिशामा अर्को एक ठूलो डम्बरु सहितको त्रिशूल रहेको छ । जुल त्रिशूलको उच्चाई १५ फिट रहेको छ । काठमाडौं निवासी शिवभक्त श्री कुमार उप्रेति द्वारा वि.सं. २०७४ सालको साउनको पहिलो सोमबार शिवजिको लागि गहना चढाउनु भएको थियो ( चित्र नं. १६ को क र ख) ।

## ४.५ वास्तुकला

समाजको विकासक्रममा कलाको साथै वास्तुकलाको पनि विकास भएको देखिन्छ । मानिस प्रारमिभक चरणदेखि हालसम्म विभिन्न चरण पार गदै आजको अवस्थासम्म आईपुगेको हो । समयको परिवर्तनसंगै मानव समाजको लागि आवश्यक पर्ने विभिन्न पक्षको विकास भएको देखिन्छ । अन्य पक्षको साथै स्थाइ बसोबासको क्रममा ओडार, गुफा, झुपडी आदिलाई बसोबास स्थलको रुपमा प्रयोग गदै आए । यसबाट उनीहरुले प्राकृतिक घटनाहरुबाट सुरक्षित रहन सफल रहेको देखिन्छ । संस्कृत भाषाको ‘वस्’ धातुबाट

वास्तु शब्द जन्मेको हो । जसको शाब्दिक अर्थ बासस्थान सम्बन्धि हुन्छ ।वास्तुकलाको विकासको रुपमा मानिसहरुको बासस्थान मात्र नभई देवीदेवताहरुको मन्दिर, स्तुप, चैत्य, गुम्वा, मस्जिद समेतको विकास हुँदै गयो । समयको प्रभावसँगै नवपाषणकालदेखि वैदिक  युगसम्म आइपुग्दा वास्तुकलाको इतिहास झन-झन उत्कृष्ठ हुन पुग्यो । यस प्रकार वैदिक युगदेखि नै वास्तुकलाको स्वरुप देखा पर्न थालिसकेको देखिन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने नेपालमा विस्तारै समयको कालक्रमसंगै किराँतकाल, लिच्छविका, मल्लकाल, शाहकाल हुदै आजसम्म आइपुग्दा वास्तुकलाको विकास उत्कृष्ट रुपले भएको देखिन्छ । यीविभिन्न प्रकारका वास्तुकला शैलीको विकास भएको पाइन्छ । जस्तो नेपाली शैली, शिखर शैली, गुम्बज शैली आदि, विकास भएको देखिन्छ  (क्षेत्री र रायमाझी, वि.सं. २०६० पृ २५२, २५३) ।

यी विकास भएका वास्तुशैली मध्ये कुशेश्वर महादेवको मन्दिर पनि आफ्नै वास्तुशैलीमा निर्माण भएको छ ।

## ४.६ कुशेश्वर मन्दिर

यो मन्दिर कुशेश्वर तिर्थको सबै भन्दा महत्वपूर्ण स्मारक हो । यहाँ भएको पुरानो मन्दिर कसले निर्माण गराएको भन्ने कुनै प्रमाण नभेटिएता पनि वि.सं. १९९६ सालमा गोपालदास बाबा तीर्थयात्राको क्रममा आदिलिंग श्री कुशेश्वर महादेव स्थल आइपुग्दा मन्दिरको अवस्था धराशायी देखेर यिनै गोपालदास बाबाको सकृयतामा वि.सं.१९९६-९७ सालमा विभिन्न दाताहरुबाट चन्दा एंव सामग्री जुटाएर मन्दिर निर्माण गराएका थिए । यसरी सहयोग गर्ने दाताहरुमध्ये काभ्रेपलाञ्चोक जिल्लाको भोर्ज्याङ बेसीका दाता श्री बद्रीनाथ मैनालीले सुवर्ण गजूर वि.सं. १९९७ साल फागुन १२ मा चढाएको व्यहोरा यस मन्दिरको भित्तामा रहेको ताम्रपत्रमा उल्लेख गरिएको छ ।

सो मन्दिरको चार कुनामा गजूर सहितका चारवटा घटहरु छन् । मुख्य गुम्बज माथि आमलक सहितको गजूर रहेको छ । गर्भगृहमा तामाको जलहरी सहितको शिवलिङ्ग रहेको छ । मन्दिर प्रवेशको लागी काठका चौकोस सहितका चारवटा मुख्य ढोकाहरु रहेका छन् । ढोकाहरुमा साधारण किसीमका फूलबुट्टहरु कुदिएको देख्न सकिन्छ तर झ्यालहरु छैनन् । आदिलिङ्ग कुशेश्वर महादेव प्रसिद्ध ६४ शिवलिङ्ग मध्यको प्रथम र महत्वपूर्ण शिवलिंग भएता पनि मन्दिर निमार्ण साधारण किसीमबाट गराइएको पाइन्छ (चित्र नं. १७) ।

गुम्बज शैलीमा ईट्टा सुर्कीको गारोमा चुना सुर्कीले प्लाष्टर गरेर बनाईएको यस मन्दिरको आकार प्रकार यस प्रकार छ :

उच्चाई : १३' ०"
लम्बाई : १३' ०"
चौडाई : २५' ०"

### ४.७ कुशेश्वर मन्दिरको हालको अवस्था

नेपालका प्रसिद्ध मन्दिरहरु मध्य सिन्धुली जिल्लाको कुशेश्वर महादेवको मन्दिर पनि एक हो । यहाँ भएको पुरानो मन्दिर वि.सं. २०७२ साल वैशाष १२ गते गएको महाभुकम्पले पूर्ण रुपमा क्षति गस्त भएपछि यो मन्दिरको पूर्ण निर्माण कार्य पुरातत्व विभागद्धारा वि.सं. २०७५ सालमा सम्पन्न भएको थियो । यस अर्थमा यो मन्दिर आधुनिक युगमा बनेको शिखर शैलीको मन्दिर हो । यो मन्दिर एक तहको प्रस्तर पेटीमाथि निर्माण गरिएको छ । त्यही पेटी सँगै जोडेर मन्दिरको वरिपरी ३६५ वटा बत्ती बाल्ने पाला मेनकुमारी पण्डित तथा वकिल बहादुर रायमाभ्मीद्धारा वि.सं. २०७६ साल फागुन १६ गते कुशेश्वर महादेव मन्दिरमा चढाइएको जानकारी प्राप्त भइको छ । यो मन्दिरको गर्भगृहको मूल ढोका पश्चिमाभिमुख रहेको छ । यो मन्दिरको मुख्यद्धार सम्म पुग्न यस अगाडि प्रस्तरको १३ वटा सिंढी निर्माण गरिएको छ । मुख्य द्धारको दायाँ-वायाँ प्रस्तरका स्तम्भहरु बीच ठूल-ठूला घण्टाहरु समेत भ्मुन्डायाइएका छन् । यस मन्दिरको मुख्य द्धार अगाडि धातुको ठूलो नन्दि बनाई पश्चिम बाट पूर्व फर्काएर राखिएको छ । यो नन्दि तीर्थ बहादुर रायमाभ्मीका तीन दाजुभाइ द्धारा स्व. बुवा हजुर बुवा, तथा आमा हजुरआमाहरुको स्मृतिमा वि.सं. २०७४ साल वैशाष १६ गते कुशेश्वर महादेव मन्दिरमा समर्पित गरिएको कुरा सँगै रहेको शिलालेख बाट थाहा पाउन सकिन्छ । यस मन्दिरको गर्भगृहको चार दिशामा रहेका ढोकाहरु माथि बर्गाकार रुपमा चारैट्टि साढे ९ फिटमा बुर्जाहरु बनाइएको छ । बुर्जाहरुको शर्स्ष भागमा घण्टा, आमलक, गजुर निर्माण गरिएको छ । चार दिशामा बनाइएका यी बुर्जाहरुको मध्ये भागमा धनुषाकार खापाहरु बनाई त्यस भित्र पश्चिम गणेश, पूर्व कुमार, उत्तर शिव, दक्षिण भगवती, को मूर्ति स्थापना गरिएको छ । यस मन्दिरको गारोको चौडाई ४ फिट बाक्लो रहेको छ भने बीचमा सालको काठ हालेर सपोट गरिएको छ । गर्भगृहमाथि बुर्जाहरुको बीचबाट मास्तिर चुलिदै गएको शिखर बनाइएको छ । यस शिखरको स्वरुप पिरामिड आकृतिको नभएर यसको बीचको भाग थोरै मात्रामा गुम्बज आकृतिको बनाइएको देखिन्छ । यस गुम्बज आकृतियुक्त शिखरको शीर्ष भागमा घण्टा, दुई तहका आमलक त्यस भन्दा मास्तिर धातुको गजुर राखिएको छ । यो गजुर मेच्छे गाउँपालीका वडा नं. ८ भोर्ज्याङ्ग निवासी लक्ष्मी नारायण मैनालीका सम्पूर्ण नातीहरुले पुरातत्व विभागद्धारा निर्मित शिखर शैली मन्दिरमा पुरानो मन्दिरमा बद्रीनाथ मैनालीले चढाएको पुरानो गजुरलाई मर्मत संहार गरी त्यसैमा धातु थपेर वि.सं. २०७५ साल मंसिर ३ गते मन्दिरमा पूर्ण स्थापना गरिएको थियो ।

शिखर शैलीमा ईट्टा सुर्कीको गारोमा चुन सुर्कीले प्लाष्टर गरेर बनाईएको यस मन्दिरको आकार प्रकार यस प्रकार छ :

उच्चाई : ५२ फिट

लम्बाई : साढे ११ फिट

चौडाई : साढे ११ फिट

कुशेश्वर महादेवको यो मन्दिर शिखर शैली अन्तर्गत त्रीरथ पद्धतिबाट निर्माण गरिएको छ । यस मन्दिरको गर्भगृहको चारै दिशामा काठको चौकोस सहितका आँखी ञ्यालको आकारमा ढोकाहरु रहेका छन् । यस मन्दिरमा ञ्यालको प्रयोग भने भएको देखिदैन् । ढोकाहरुमाथि अर्धगोलाकार तोरण समेत राखिएको देखिन्छ । यस तोरणको मध्य भागमा छेपुले सर्पलाई खादै गरेको आकृति उत्कीर्ण गरिएको छ । तोरणको अन्य भागमा फूलबुट्टा, लहरा आदि उत्कीर्ण गरिएको देखिन्छ । यस मन्दिरको प्राङ्गड्मा वरिपरी हनुमान, गणेश, राम, सिता, लक्ष्मण, राधाकृष्ण, बुढानीलकण्ठ नारायण, दुर्गा भगवती, उमामहेश्वर, आदिका मुर्तिहरु स्थापना गरिएको देखिन्छ । जसले यस मन्दिरको सम्पूर्ण क्षेत्र नै शैव क्षेत्र बनाईएको भान हुन्छ ।

यस मन्दिरको गर्भगृहमा तामाको जलहरि सहितको शिवलिङ्ग सँगै प्रस्तरको सानो नन्दिको मूर्ति रहेको छ भने शिवलिङ्गको चार दिशामा रहेका देवी देवताहरु निम्न अनुसार रहेका छन् ।

१) इसान कोण (पूर्व-उत्तर) बिचमा नारायणको मूर्ति स्थापित गरिएको छ ।

२) आग्नेय कोण (पूर्व-दक्षिण) सूर्यनारायणको मूर्ति स्थापित गरिएको छ ।

३) नैरित्य कोण (पश्चिम-दक्षिण) गणेशको मर्ति स्थापित गरिएको छ ।

४) वायब्य कोण (पश्चिम-उत्तर) सिंहमाथि चढेकी देवी दूगा भगवतीको मूर्ति स्थापना गरिएको छ ।

यी विभिन्न दिशामा रहेका देवीदेवताहरुले हिन्दु धर्म भित्र रहेको पांचायन देवताको अनुभुति गराएको छ । यस गर्भगृमा रहेको मुख्य देवताको माथि चदुवा राख्ने ठाउँमा प्राइबेड्ले कबर गरेर चदुवा राखिएको छ । मन्दिरको वाहिरी भागमा भने चोसाकार, ठाडा तहहरु गर्भगृहदेखि माथिसम्म नै बनाईएको देखिन्छ प्रत्यक्ष अवलोकन (चित्र नं. १८) ।

## ४.८ कुशेश्वर मन्दिर परिसरमा रहेका वास्तुकला

कुशेश्वर मन्दिर परिसरमा कुशेश्वर मन्दिरको साथै वरपर अन्य वास्तुकलाहरू पनि रहेका छन् । त्यहाँ भएका अन्य वास्तुकलाहरूको विवरण यसप्रकार रहेका छन् :

### ४.८.१ तुलसीको मठ

कुशेश्वर महादेव मन्दिर परिसरमा रहेको यो तुलसाको मठ कहिले र कसको समयमा निर्माण गरिएको भन्ने विषयमा थाहा पाउन नसकियता पनि गोपालदास बाबा आउनु अगाबै त्यस क्षेत्रमा तुलसाको मठ रहेको र ठूली एकादशीका दिन त्यहा ठुलो मेला लाग्दै आएको कुरा जानकारहरु बताउनु हुन्छ । हालको तुलसाको मठ गोपालदास बाबाका चेला नारायणदासले पुनः निर्माण गराउनु भएको हो प्रत्यक्ष अवलोकन (चित्र नं. १९) ।

### ४.८.२ कोटीहोम (हवन् कुण्ड)

योगी नरहरि नाथले प्रसिद्ध तीर्थ स्थलहरूमा १०८ कोटीहोम गर्ने क्रममा कुशेश्वर परिसरमा बनाइएका कुण्डहरु मध्ये बचेको एक कुण्डको अवश्यसलाई कुशेश्वर क्षेत्रमा संरक्षित गरी राखिएको छ (चित्र नं. २०) ।

### ४.८.३ यज्ञशाला (अखण्ड दीप)

मुख्य मन्दिको पूर्व दक्षिण दिशामा अवस्थित यज्ञशालाको अखण्ड दिपमा दैनिक रुपमा अग्नि जगाएर होम गर्ने गरिन्छ । यहाँ गोपालदास बाबा आउदा जिर्ण अवस्थामा रहेको यज्ञशालालाई उनै बाबाले विभिन्न दाताहरुको सहयोग बाट मुख्य मन्दिर र यज्ञशाला निर्माण गराउनु भएको थियो । पहिलेको यज्ञशाला कसले निमार्ण गराएको भन्ने कुनै प्रमाण नभेटिए पनि वि.सं. १९९० सालमा आएको महाभुकम्पबाट जिर्ण भएको मन्दिर र यज्ञशालाको पूर्ण निमार्ण गराउनु भएको थियो ।

यज्ञशालामा रहेको अखण्ड दिपमा जहिले देखि मन्दिरमा पूजा सुरु भयो त्यहि समय देखिनै दैनिक रुपमा होम गर्ने उद्देश्यबाट यज्ञशालाको निमार्ण गराएको हुनसक्ने बुढापाकाहरुको जनविश्वास रहेको छ । यो अखण्डदिप जहिले देखि कुशेश्वर महादेवको महिमाको बारेमा जनविश्वासमा जहिले देखि विश्वास बढदै गयो त्यो समय देखिनै अखण्ड दिप रहिरहेको जनविश्वास रहेको छ ।

आदिलिङ्ग श्री कुशेश्वर महादेव मन्दिरका पुजारीका अनुसार त्यो अखण्ड दिप ब्रह्मले विश्वको सृष्टि गर्ने क्रममा आदिलिङ्ग श्री कुशेश्वर महादेवको उत्पति सँगै अखण्ड दिपको पनि उत्पति भएको कुरा हिमत्खण्ड लगाएत विभिन्न धार्मिक ग्रन्थहरुबाट थाहा पाउन सकिन्छ ।

वि.सं. १९९० सालको महाभुकम्पले जिर्ण बनाएको यज्ञशालालाई गोपालदास बाबाले वि.सं. १९९६ सालमा पूर्ण निमार्ण गराउनु भएको थियो । गोपालदास बाबाले निमार्ण गराउनु भएको यज्ञशाला वि.सं. २०७२ सालको महाभुकम्पबाट पुनः रुपमा जिर्ण भएको हुँदा पुरातत्व विभागको सुकृति पाई पूनः निमार्ण भएको छ । यो यज्ञशाला पहिलेको नमुना अनुसार नै दुई तल्लामा निमार्ण भएको छ प्रत्यक्ष अवलोकन ( चित्र नं. २१) ।

### ४.८.४ कुम्भ स्तम्भ

कुशेश्वर मन्दिरको उत्तर दिशामा अर्ध र पूर्ण गरेरदुई वाटा कुम्भ स्तम्भ निर्माण गरिएको छ । यी दुई वटा कुम्भ स्तम्भ मध्ये ६/६ वर्षमा मेला लाग्ने कुम्भ स्तम्भलाई अर्ध कुम्भ स्तम्भ भनिन्छ । यो कुम्भ स्तम्भको उच्चाई जम्मा ९ फिट जमिन माथि रहेको छ भने जमिन मुनि ५ फिट गाडीएको छ ।

त्यस्तै अर्का पूर्ण कुम्भ स्तम्भ १२/१२ वर्षमा मेला लाग्ने कुम्भ स्तम्भलाई पूर्ण कुम्भ स्तम्भ भनिन्छ । यो कुम्भ स्तम्भको उच्चाई जम्मा २१ फिट जमिन माथि रहेको छ भने जमिन मुनि ५ फिट गाडीएको छ प्रत्यक्ष अवलोकन (चित्र नं. २२ को क र ख) ।

जुन प्रदेश शभाको बजेटबाट वि.सं. २०७६-७७ सालमा सम्पन्न गर्ने गरी ५०, लाखको योजनामा २ कुम्भ स्तम्भ, मन्दिर प्रवेश द्वार, मन्दिर प्राङगड् र वि.सं. २०५६ सालमा १०८ ब्राह्मण द्वारा कोटीहोम गरिएको होम कुण्ड समेत मर्मत संम्हार गरिएको कुरा कुशेश्वर महादेवस्थान संरक्षण समिति दुम्जाका वर्तमान सचिव रायकाभ्ही बताउनु हुन्छ ।

### ४.८.५ विश्वामित्र गुफा

आदिलिङ्ग श्री कुशेश्वर महादेव मन्दिर नजिकै सुनकोसी नदी किनारमा रहेको विश्वामित्र ऋषिले तपस्या गर्नु भएको गुफा रहेको छ । यो गुफा कुन समएको भन्ने एकिन नभएपनि सत्य युगमा विश्वामित्र ऋषिले तपस्या गनु भएको गुफा भनेर चिनिन्छ । यो गुफामा विश्वामित्र ऋषिले तपस्या गर्दाको एउटा ठूलो प्रस्तरको डम्मरु बाँकि रहेको पाईन्छ । यो गुफाको अर्को विशेषता भनेको यस गुफा भित्र दियोमा बालीएको बत्ति जत्रोसुकै हावाहुरी र पानी परे पनि निब्दैन भन्ने कुरा कुशेश्वर महादेवका पुजारी विष्णु प्रसाद नराल बताउनु हुन्छ प्रत्यक्ष अवलोकन (चित्र नं. २३ को क र ख) ।

### ४.८.६ पाटी

मन्दिर प्राङ्गणको दक्षिणतर्फ एउटा प्राचिन पाटी रहेको छ । यसै पाटीको ढोकाबाट मन्दिर प्राङ्गडमा प्रवेश गरिन्छ , त्यसैले यस पाटीले मन्दिर प्रवेशको काम पनि गरेको छ । पाटीको अगाडी पट्टी प्रवेशद्धारको दुई साइटमा चौकोस निमार्ण गरिएको छ , यस चौकासमा जोगी योगीहरु बस्ने गर्दछन् । पाटीको पछाडीपट्टी वा मन्दिरको अगाडी एउटा कोठा छ , जुन कोठामा पूजाको सामग्रीहरु राख्ने र पूजाको सर्द्धम तयार गरेर राख्न प्रयोग गर्ने गरिएको छ । यो सतल एक तल्लामा निर्माण भएको भएपनि भुइचालोले खासै छेती नगरे पनि यस पाटीको छाना जीर्ण भएको छ । त्यसको लागी मर्मत सुधारको आवश्यक देखिन्छ, (प्रत्तक्ष अवलोकन) समयमानै यसको जिर्णेद्धार नगरे यस्ता सम्पदाहरु नस्ट भई हाम्रो सामु रहने छैनन् ( चित्र नं. २४) ।

### ४.८.७ सत्तल

मुख्य मन्दिरको छेउमै पूर्वतर्फ काठमाडौंका डंगोल परिवारबाट निर्माण गरिएको दुईतल्ले सतल रहेको छ । यस सतलमा मन्दिर सम्बन्धि विभिन्न कागजपत्र , गुठी सम्बन्धित र मन्दिर व्यवस्थापन संरक्षण समीतिको प्रशासनिक कार्यालय साथै पुस्तकालय पनि यसै सतलमा रहेको छ । वि.सं. २०७२ साल

वैशाष १२ गते गएको महाभुकम्प बाट क्षतिग्रत भएको भवनको जिर्णोद्धार डंगोल परिबारले नै गरेका छन् ।

यस सतलको मूल ढोकाले मन्दिर प्रवेशद्धारको काम पनि गरेको छ । यो सतल पुरानो भएता पनि यस सतलमा प्रयोग भएका झ्याल ढोका र खापाहरुमा कुनै किसिमका इरोटिक्सका चित्रहरु देख्न सकिदैन । सामान्य प्रकारको काष्ठकलाको प्रयोग बाट भवन निमार्ण भएको देखिन्छ । यस सतलको पूर्वदिशातर्फ माथि ४ वटा सामान्य झ्याल बिचको दुईवटा झ्यालको आदि पाटमा आँखिझ्याल बनाईएको छ भने तल प्रवेशद्धारको दायाँ साइटमा दुई वटा साना आँखिझ्याल रहेका छन् ।

यस सतलको पश्चिम दिसातर्फ माथि ५ वटा झ्याल रहेका छन् जस मध्ये बिचमा एउटा सानो आँखिझ्याल छ । दायाँ वायाँका दुइ-दुइ वटा झ्यालको आधा पाटमा आँखिझ्याल बनाइएको छ आधा पाट साधारण किसिमको छ । भुईतल्लामा वायाँ साइटमा दुई वटा साना आँखिझ्याल रहेका छन भने प्रवेशद्धारको अगाडी ६ वटा कलात्मक दलिनको प्रयोग गरिएको छ बिचको ४ वटा दलिनको माथि माछाको चित्र बनाइएको छ भने दायाँ वायाँ साइटका १-१ दलिनमा :: डटको चित्र बनाईएको छ  प्रत्यक्ष अवलोकन (चित्र नं. २५) ।

### ४.८.८ जोर सत्तल

मन्दिरको पूर्वतर्फ अर्को जोर सत्तल रहेको छ । जुन सत्तल डंगोल परिवारले निर्माण गरेको सत्तल देखि पछाडी रहेको छ । झट्ट हेर्दा एउटै जस्तो देखिएता पनि यहाँ दुईवटा सत्तलहरु जोडिएको र दुवै सत्तललाई जिर्णोद्धार गर्दा एउटै छाना लगाइएको देखिन्छ । उतरपट्टीको भाग वि.सं. १९४२ तिर श्री पृथ्वीबीर विक्रम शाहकी धाईबुबु (धाईआमा) जनक कुमारी कोइरालाले यो क्षेत्र विर्ता पाएपछि निजका दम्पत्तिले निर्माण गराएको कुरा स्थानीय बुढापाकाहरु बताउँदछन् । दक्षिणपट्टीको गारोमा देखिने कर्निसको स्थिति हेर्दा यो भाग उत्तरतर्फको गारो भन्दा अझ पुरानो देखिन्छ । तर कसले कहिले निर्माण गरेको भन्ने यकिन हुन सकेन् ।

यो संयुक्त सतल निकै जीर्ण अवस्थामा रहेको छ । वि.सं. २०७२ सालको भुकम्पलेसतलको गारो पूर्ण रुपमा जीर्ण भएको देखिन्छ । माटोको जोडाइमा इट्टाको गारो लगाई बनाइएका यी सतलहरूमा काष्ठकला खास गरी झ्यालहरू र थामहरू महत्वपूर्ण छन् । उत्तरतर्फको सत्तलमा माथि बीचमा कलात्मक तीनमुखे झ्याल रहेको छ भने दायाँ वायाँ १-१ वटा साधारण झ्याल रहेका छन् भुइतल्लामा कलात्मक ४ वटा थाम रहेका छन् । सत्तलको पछाडी पट्टी माथी साना कलात्मक ३ वटा आँखि झ्याल छन् भने भुइतल्लामा कलात्मक ४ वटा थामहरु रहेका छन् ।

दक्षिण तर्फको सत्तलको दास्रो तल्लामा ३ वटा साधा झ्याल रहेका छन् भुइतल्लामा ४ वाटा साधारण थामको प्रयोग भएको छ । सत्तलको पछाडी पट्टी दोस्रो तल्लामा २ वटा र भुइतल्लामा २ वटा साना साधारण किसिमका झ्यालहरुको प्रयोग भएको छ । उत्तरतर्फको सत्तलको उत्तर दिशाको दोस्रो तल्लामा

२ वटा साधा झ्याल र भुइतल्लामा २ वटा आँखि झ्याल रहेका छन् । सत्तलको दक्षिण तर्फको दक्षिण दिशाको दोस्रो तल्लामा २ वटा साना साधा झ्याल रहेका छन्  (प्रत्यक्ष अवलोकन) ।

यस सत्तलमा प्रयोग भएका काष्ठकलाका कतिपय अंगहरु नष्ट भई हराएर लोप भएको देखिन्छ । उदाहरणको लागी उत्तर दिशाको तीनमुखे झ्याललाई लिन सकिन्छ । जसमा बीचको मुखको माथिल्लो भागमा मात्र कलात्मक अंग बाँकी देख्न सकिन्छ । सार्वजनिक स्वामित्वमा रहेको यो धर्मशाला धार्मिक, सामाजिक कार्यमा प्रयोग भएको छ । धर्मशालाको छाना पनि जिर्ण भएको छ भने सत्तलमा प्रयोग भएका काठहरु किराले खाएर नष्ट गरिदिएको छ । यो सत्तल जिर्ण अवस्थामा भएकाले यसको तत्काल जिर्णोद्धार नगरिएमा भत्कन गै त्यहाँ वस्ने पूजारी लगाएत अन्य मानिस दुर्घटनामा पर्न सक्ने भएकाले चाँडो भन्दा चाँडो यसको जीर्णोद्धार गनुपर्ने आवश्क देखिन्छ  प्रत्यक्ष अवलोकन (चित्र नं. २६) ।

### ४.८.९  गुरूकुल आश्रम

जोर सत्तलको पछाडी दुई तल्ले सत्तल निर्माण गरिएको छ , जुन सत्तल वर्तमान समयमा निर्माण गरिएको हो । यस सत्तलमा गुरूकुलका शिष्यहरुलाई खाने र वस्ने व्यवस्था मिलाईएको छ । यो सत्तल वि.सं. २०७१ सालमा निर्माण भएको भएता पनि भुईचालोको कारणबाट यस सत्तलमा पनि सामान्य असर परेको देखिन्छ । यो सत्तल दुईतल्लामा निर्माण गरिएकोमा भुईतल्ला र दोस्रो तल्लामा दुइ-दुइ वटा सामान्य झ्याल र ढोकाको प्रयोग गरिएको छ । दोस्रो तल्लामा अगाडी पट्टी रेलिङ्ग बनाईएको छ । त्यस रेलिङ्गमा गुरूकुलका शिष्यहरुको लुगा सुकाउन प्रयोग भएको देखिन्छ । यो सत्तल वर्तमान समयमा निर्माण गरिएको भएता पनि यसमा कुनै किसिमको इरोटिक्स चित्रहरुको प्रयोग पाइदैन् । सामान्य प्रकारका काठहरुको प्रयोग बाट नै यो सत्तल निर्माण भएको देखिन्छ । सायद कालिगढको अभाव र आर्थिक रकमको कमिको कारण वा गुरूकुलका शिष्यहरु वस्नको लागी मात्र भनेर यस्तो सामान्य सत्तलको निर्माण भएको हुन सक्दछ  (प्रत्यक्ष अवलोकन) ।

आदिलिङ्ग श्री कुशेश्वर महादेव स्थलमा वि.सं. २०७४ साल वैशाष ४ गते बाट गुरूकुल आश्रम संञ्चालन हुदै आएको छ । गोपालदास बाबाको सपनालाई साकार पादै वि.सं. २०७४ सालबाट यस क्षेत्रमा पठनपाठन हुदै आएकोमा ३० जना शिष्यहरु र ३ जना गुरूहरु रहेका छन् । कुशेश्वर मन्दिरको भेटिले अहिले सम्म गुरूकुललाई खान पुगी रहेको छ । गुरूकुललाई खानको लागी मासीक खर्च घटिमा रू ८०,००० हजार र बढीमा रू १,००००० सम्मा खर्च हुने गरेको भन्ने कुरा मन्दिर संरक्षण समितिबाट बुझ्िन आएको छ । यहाँ दैनिक ३५-४० जनाको लागि खानाको व्यवस्था मिलाइएको हुन्छ ।

विभिन्न संस्थाहरूले गुरूकुललाई आर्थिक सहयोग गर्ने भनेता पनि हालसम्म विविध कारण बाट कागजी रुपमा नियम नपुगेकाले ती संस्थाबाट पाउनुपर्ने रकम उपलब्ध हुन सकेको छैन् प्रयास भने जारी रहेको कुरा कुशेश्वर व्यवस्थापन समीतिमा कार्यरत भागवत कोइराला बताउनु हुन्छ  (चित्र नं. २७) ।

# पाँचौ अध्याय
# उपसंहार

## ५.१ सारांश

यस अध्ययनको मुख्य उद्देश्य कुशेश्वर मन्दिरको ऐतिहासिकता र साँस्कृतिक पक्षको अध्ययन गर्नु हो । कुशेश्वर मन्दिरको ऐतिहासिकता र साँस्कृतिक पक्षको विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो । सिन्धुली जिल्लामा भएका मन्दिरहरु मध्ये कुशेश्वर महादेवको मन्दिर विशेष महत्वको रहेको छ । यस कशेश्वर महादेवको ख्याति नेपालमा मात्र नभएर छिमेकी राज्य भारतमा समेत रहेको छ । यस कुशेश्वर महादेवलाई मनोकाङच्छा पुरा गर्ने र पापिलाई मुक्ति दिने देवताको रुपमा लिइन्छ । यस ठाउँमा विभिन्न पर्वपूजा हुँदा कुशेश्वर महादेव स्थानमा आई धार्मिक विश्वास अनुसार पूजाआजा गर्ने गरेको पाइन्छ । यस कुशेश्वर मन्दिर लगाएत दुर्गा तीर्थमा दिनहुँ जस्तो विविध कर्मकाण्डहरू भइ नै रहने र भाकल पूजा, लाख बत्ति बाल्ने, ब्रतवन्ध, विवाह, आदिजस्ता विभिन्न धार्मिक कर्मकाण्डहरू पनि सम्पन्न हुने र काठमाडौँका डंगोल परिवारको कुल देवताको रुपमा कुशेश्वर महादेवलाई मानिने भएकाले यहाँ भोज खाने गरी पूजा गर्न काठमाडौँ देखि भक्तजनहरु आउने गर्दछन् । साथै यस ठाउँमा पिकनिक खाने उद्देश्यले पनि टाढा-टाढा बाट भक्तजनहरु यस स्थानमा दर्शन पूजा गर्न आउने गर्दछन् ।

नेपाल अधिराज्यको प्रदेश नं. ३ मा पर्ने सिन्धुली जिल्ला काठमाडौँ देखि करिब ८३ किलोमिटरको दुरीमा दुम्जा पर्दछ । प्राकृतिक र साँस्कृतिक रुपमा  समुन्द्री सतहबाट ७ सय ५० मिटर देखि ३ हजार ७ सय मिटर सम्मको उच्चाइमा छ । मनोरम हिमश्रृङखलाभन्दा मुनि विभिन्न प्रकारका हावापानीमा  विभिन्न थरीका जातजातीहरु बसोवास गरी विभिन्न प्रकारका धर्म संस्कृति अंगालेका छन् । प्राकृतिक सौन्दयले भरीपूर्ण सिन्धुली जिल्ला ऐतिहासिक, साँस्कृतिक दृष्टिकोणबाट पनि धनी छ । उत्तरी क्षेत्रमा प्राकृतिक एवम् बौद्ध धर्मावलवीहरुको बसोवास रहेको छ भने तल्लो सतहमा हिन्दु धर्मावलम्बिहरूको बसोवास छ । आफ्नो आस्था अनुसार मठ मन्दिर, गुम्बा, चैत्य निर्माण गरी छाडेका कयौ धार्मिक, साँस्कृतिक सम्पदाहरु नेपाल भरी नै प्रसिद्ध छन् । यस जिल्लामा कुशेश्वर महादेव मन्दिर लगाएत अन्य विभिन्न प्रसिद्ध मन्दिरहरु पनि रहेका छन् । सिन्धुलीको बारेमा लिच्छवीकाल वा सो भन्दा प्राचीनकालको इतिहास बारे प्रष्ट पार्ने अभिलेखीय तथा अन्य पुरातात्विक प्रमाणहरुको अभावमा जानकारी पाउन सकिएको छैन । दुम्जा बाट प्राप्त लिच्छवीकालिन अंशुवर्माको अभिलेखको धेरै भाग खण्डीत भै सकेकाले त्यो अभिलेखमा के प्रसंग परेको थियो थाहा पाउन सकिदैन् । लिच्छवीकालमा दुम्जादेखि पूर्वका धेरै राज्य सामन्त शासित क्षेत्र अस्थित्वमा रहेकाले सिन्धुली पनि सामन्त शासित क्षेत्र भित्र नै रहेको देखिन्छ ।

कुशेश्वर मन्दिरको ऐतिहासिकताको अध्ययन गर्ने क्रममा लिच्छवीकाल भन्दा अगाडीको प्रमाणित स्रोतप्रप्त गर्न नसकिएता पनि लिच्छवीकाल देखि यताको कुशेश्वरको इतिहास सम्बन्धि प्रमाणहरू प्राप्त

भएका छन् जस्तै लिच्छवीकालिन अंशुवर्माको अभिलेख खण्डीत भएकाले त्यस अभिलेखमा के प्रसंग परेको थियो थाहाँ पाउन नसकेता पनि लिच्छवीकालमा सिन्धुली पनि सामन्त शासित क्षेत्र रहेको कुरा थाहा पाउन सकिन्छ । पूर्व मध्यकालमा सिमरौनगढमा शक्तीशाली डोयराज्यको स्थापना भएको थियो यता काठमाडौं उपत्यकामा लिच्छवीहरूको पतनपछि यहाँको शासन व्यवस्था कमजोर भएको थियो । यति हुँदा हुँदै पनि यी दुइ राज्यका बीच व्यापारीक आदन प्रदान मात्र होइन तीर्थयात्रीहरूको आवागमनमा पनि यत्तिकै बृद्धि भएको थियो । अझ बेलाबेलामा शैनिक अभियान पनि हुने गदथ्यो । यस्ता सबै खाले आवागमन यही कुशेश्वर तीर्थ अर्थात दुम्जावेसी हुदै सिन्धुली भएर हुने गदथ्यो । वंगालबाट समसुद्धिनको सेना यसै मार्ग भएर काठमाडौं उपत्यका पसेका थिए भने सिमरौनगढका कर्णाटवंशी राजाहरूले पनि पटक पटक यही बाटो भएर काठमाडौं प्रवेश गरि उपत्यकामा आक्रमण गरेका थिए । यसरी पहाड मधेश आवत जावत गर्ने मुख्य मार्गमा अवस्थित यस तीर्थको महत्व बढ्नु स्वभाविकै थियो ।

मल्लकालमा यस तीर्थको महत्व अझ बृद्धि भएको देखिन्छ । मल्लकालका विभिन्न अभिलेखहरूले यस कुरालाई पृष्टि गर्दछन् । नेपाल संम्वत ८९१ मा भक्तपुरे राजा जगञ्जयमल्लले श्री कुशेश्वर नाथको भक्तीभाव गरेको सिद्धबाट राज्य सिंहासन पाए । राजा भएपछि श्री कुशेश्वरको पछि सम्म पूजा चलाउन विभिन्न दण्डी बाबा मार्फत झाँगाझोली खहरेको सिम्लेबु भन्ने ठाउँमा १४० रोपनी खेत गुठी राखि ताम्रपत्र समेत गरिदिएको र सो गुठी ताम्रपत्र बमोजीमको गुठी जग्गा कमाई नित्यपूजा चलाउन गिरी खानदानका बाजे बलभद्र गिरीलाई जिम्मा लगाइएको कुरा यसै ताम्रपत्रबाट थाहाँ पाउन सकिन्छ । शाहकालमा पनि यस तीर्थको महत्व बढ्दै गएको देखिन्छ । वि.सं. १८३६ मा शाहवंशीय श्री ५ राजेन्द्रलक्ष्मी देवी शाहबाट भक्तीभाव राखि कुशेश्वर नाथमा चाँदीका बेलपत्रको र धतुरा पुष्पको माला चढाएको कुरा शिलालेखबाट थाहाँ पाउन सकिनछ ।

जनस्तरमा पनि देवभक्ती देखिन्छ । दुम्जाकी विर्तावाला श्री ५ पृथ्वी वीर विक्रमकी बुबधाई जनक कुमारी कोइरालाले वि.सं. १९४५ मा रूद्राक्षको माला जडीएको ठूलो चाँदीको चदुवा तामाको जलहरि चढाइ एउटा धर्मशाला बनाइन् । त्यस्तै वि.सं. १९९६ सालमा श्री १०८ परहंस बाबा गोपालदास ज्यू विघटन गर्दै श्री कुशेश्वर स्थान दुम्जा आउनु भयो । उहाँले अवनति तर्फ झन लागेको गुठीको अवस्था देखि दुम्जामा नै १०० मुरी धान फल्ने खेत मन्दिरको नाममा राखि गुठी व्यवस्था मन्दिरको जिर्णोद्धार, यज्ञशालाको निर्माण, बगैचा व्यवस्था, पूजारी सुसारेको बन्दोवस्त गरिदिनु भयो । उहाँले नै शिवलिङ्गमुनि ढुंगाका खापैखाप लागेका अनेक जलहरि भएको कुरा मन्दिरको जिर्णोद्धारको समयमा पत्ता लगाउनु भयो । गोपालदास बाबाले निर्माण गराउनु भएको मन्दिर वि.सं. २०७२ साल वैशाष १२ गते गएको भूकम्पले नष्ट भएपछि हाल पुरातत्व विभागले मन्दिरको जगै देखि पुनः निर्माण गरेको छ । आगामी दिनहरूमा पनि पुरातत्व विभागले त्यस क्षेत्रमा भएका साँस्कृतिक सम्पदाहरूको संरक्षण र जिर्णोद्धारका कार्यहरूलाई निरन्तरता दिन्छ भन्ने आशा लिएको छु ।

कुशेश्वर मन्दिरमा दैनिक रूपमा गरिने पूजा विधि र बार्षिक रूपमा मनइने विभिन्न पर्वपूजाहरूले मन्दिरमा हुने नित्य र नैमित्य पूजा विधिको बारेमा जानकारी भएपछि त्यसको संरक्षण र सम्वर्द्धनमाटेवा पुग्ने छ । कुशेश्वर मन्दिर र मन्दिर परिसरको कलावास्तुकलाको अध्ययनले भावी पुस्ताको लागि मार्ग निर्देशन बन्नेछ । साथै कुशेश्वर मन्दिर सँग सम्बन्धित मूर्त र अमूर्त सम्पदाहरूको विस्तृत अध्ययनबाट कुशेश्वरको साँस्कृतिक पक्षको बारेमा प्रकाशनमा नआएका नयाँ विषयवस्तु बारे थप जानकारी पाइनेछ र भावी पुस्तालाई यस क्षेत्रको अध्ययन अनुसन्धान गर्नको लागि यो शोधपत्र मार्ग निर्देशन बन्ने आशा लिएको छु ।

नेपाल एक बहुजाति, बहुभाषिक, धार्मिक र संस्कृति धरोहरको रुपमा विश्वभर परिचित रहेको छ । नेपालमा वर्षैभरी जसो विभिन्न चाडपर्वहरूमा पूजा पाठ लगाएत जात्रा, उत्सवहरु मनाउने गरिन्छ । यसले मानिसको जनजिवनमा ठुलो महत्व राख्दछ । आफ्नो परिवार, साथिसंगीहरू संग रमाइलो तथा भेटघाट गर्ने माध्यमको रुपमा चाडपर्वहरूलाई लिने गरिन्छ । यसै क्रममा हिन्दुधर्मावलम्बिहरूको धार्मिक आस्थाको केन्द्रविन्दुको रुपमा रहेका प्रसिद्ध ६४ शिवलिंङ्गहरू मध्ये नेपालथोकमा अवस्थित आदिलिंङ्ग श्री कुशेश्वर महादेव पनि एक महत्वपूर्ण लिंङ्ग हो ।

नेपालथोक काठमाडौं देखि १८ कोष पर पूर्वी भेगमा रहेको ऐतिहासिक वस्ति हो । जनश्रुति अनुसार नेमुनी ऋषीले त्यस स्थानमा तपस्या गरी वसेको हुँदा यस स्थानलाई नेपालथोक नामकरण गरिएको र कुसिक ऋषीको तपोभुमी भएकाले कुसीकको नामबाट आदिलिंङ्गलाई श्री कुशेश्वर महादेव नामकरण गरिएको जस्ता तथ्यहरु पाउनसकिन्छ ।

विभिन्न स्थानमा रहेका धार्मिक स्थलहरु मध्ये दुम्जा नेपालथोकमा अवस्थित आदिलिंङ्ग श्री कुशेश्वर महादेवको मन्दिर पनि एक हो । आदिलिंङ्ग श्री कुशेश्वर महादेव मन्दिरमा सम्पन्न गरिने पर्वहरु शिवको महिमा अनुसारकै पर्वहरु संञ्चालन हुने गर्दछन् । विशेष गरेर यस मन्दिरमा नित्य पूँजा दिनमा तीन पटक विहानको ६ बजे, मध्यानको १२ बजे, र साझको ६ बजे तीन प्रहारमा पूँजा गर्ने गरेको पाइयो । तीनै प्रहारको पूँजामा दुर्गा तीर्थबाट चोखो जल ल्याएर चढाउने गरिदो रहेछ । प्रायजसो सबै चाडपर्वमा नित्य पूँजा नै संञ्चालन गरीएता पनि नैमीत्य पूँजा वार्षिक पर्वपूजाहरू मात्र गरिदो रहेछ । शिवरात्रीको दिन विहानको तीन प्रहारको पूँजा दैनिक रुपमा गरिएता पनि शिवरात्रीको दिनमा राती चार प्रहारमा पूँजा गरिदो रहेछ । साँझको आरती सकेपछि साँझको ६ बजे, रातको ९ बजे, मध्यानको १२ बजे, विहानको ३ बजे, तीन-तीन घण्टाको फरकमा पूँजा गर्ने गरिदो रहेछ । पूँजा गर्ने विधि सबै नित्य पूँजा को विधिमा गरिएता पनि रातको चार प्रहारको पूँजामा शिवलिंङ्गमा जलधारा लगाएर महाँरूद्री पाठ गर्ने र रातको चार प्रहारको पूँजामा पनि दुर्गा तीर्थ बाट जल ल्याएर चढाउने गरिदो रहेछ । शिवरात्रीमा नेपाल लगाएत भारतबाट समेत जोगी, योगी, सन्यासी लगाएत विभिन्न ठाउँबाट भक्तजनहरूको घुइचो लाग्ने गर्दछ । रातभर सबै जागाराम बसेर भजन कृर्तन, नाचगान गर्ने गर्दछन् । विशेष गरेर शिवरात्री, बालाचर्तुदशी,

तीज, साउने सोमबार, ठूली एकादशीमा विशेष मेला लाग्दछ, भने दुर्गा तीर्थमा जनै पूर्णी, कशेऔशी, रामनवमी, मंर्कर मेला, १२ वर्षे कुम्भ मेला लाग्ने गर्दछ । यस्ता विशेष पर्वहरूमा मात्र यस कुशेश्वर महादेव क्षेत्रमा सनातन हिन्दु धर्मावलम्बि भक्तजनहरू उपस्थित भएर भजन कृर्तन, नाचगान पूँजापाठ गर्ने गर्दछन् । प्रायजसो हरेक चाडपर्वहरूमा मेला लाग्ने भएकाले यस तीर्थको महत्व अझ बढ्दै गएको देखिन्छ ।

नेपालमा भएका विभिन्न प्रसिद्ध मठमन्दिरहरू मध्ये सिन्धुलीको कुशेश्वर महादेवको मन्दिर पनि एक प्रसिद्ध मन्दिर हो । कुशेश्वरको शिवलिङ्ग ब्रह्माले विश्व सृष्टि गर्न तपस्या गर्दा उत्पति भएको भएता पनि प्राचीन मन्दिरको स्थापना कहिले र कसले गरे भन्ने बारे जानकारी दिने प्रमाणित स्रोत हालसम्म प्राप्त भएको छैन् । मन्दिर स्थापनाको बारेमा जानकारी दिने गोपालदास बाबा त्यस ठाउँमा आइपुग्दा मन्दिरको अवस्था धरासयी भएकोले विभिन्न दाताहरुबाट चन्दा संकलन गरेर वि.सं. १९९६-९७ सालमा मन्दिर निर्माण गराएको त्यहाँ प्राप्त शिलालेख र स्थानीय बुद्धिजीवीहरूबाट थाहा पाउन सकिन्छ । यो मन्दिर सिन्धुलीको नेपालथोक बजारको पूर्वोउत्तरमा अवस्थित छ । कुशेश्वर महादेवलाई हालसम्म पनि आदिकालमा उत्पति भएको र मनोकाङच्छा पुरा गर्ने देवताको रुपमा पूजा आराधना गर्ने गरिन्छ । कुशेश्वर महादेव हिन्दु सनातन धर्मावलम्बिहरूको महत्वपूर्ण आकर्षणको केन्द्र रहेको छ ।

कुशेश्वर महादेवलाई मनोकाङच्छा पुरा गर्ने देवता मान्नुको साथै काठमाडौँका डंगोल परिवारको इष्ट देवताको रूपमा पूजा गर्ने प्रचलन रहेको छ । काठमाडौँको टेकूमा कुशेश्वर महादेवको मन्दिर स्थापना गरेपछि भने उनीहरुले टेकूमा पूजा गर्दै आए पनि बेलाबेलामा दुम्जा नै गएर पूजा गर्ने र मन्दिरको संरक्षणमा विशेष ध्यान दिएको पाइन्छ । त्यहाँ साधारण शिवलिङ्ग भए पनि शिवजिको विभिन्न स्वरूप मानि पूजा गर्ने परम्परा रहेको छ । यस मन्दिर परिसरमा धातु, मृण्मय र प्रस्तरका विभिन्न देवीदेवताका मूर्तिहरु पनि रहेका छन् ।

मन्दिर परिसरमा कुशेश्वर महादेवको साथै अन्य विभिन्न देवीदेवताको मूर्तिहरू पनि स्थापना गरिएको छ । कुशेश्वरको प्राङ्गणमा खुल्ला रुपमा कुनै भइँमा, कुनै भित्तातर्फको पर्खालमा र कुनै मन्दिर बनाएर मूर्तिहरु राखिएका छन् । हनुमानको मूर्ति, बुढानिलकण्ठ नारायणको मूर्ति, उमामहेश्वरको मूर्ति, सूर्यको मूर्ति, भैरव मूर्ति, १०८ शिवलिङ्ग, राम सिता लक्ष्मण हनुमान सहितको मूर्ति, लक्ष्मी सरस्वती गणेश सहितको मूर्ति, राधाकृष्णको मूर्ति, दुर्गा माताको मूर्ति, नन्दीको मूर्ति, विश्वकर्माको मूर्ति, कल्कीको मूर्ति, त्रिशुलहरू, त्यस्तै मन्दिर वरिपरि पाटी सत्तल, गुरूकुल आश्रम, र विभिन्न समयका अभिलेखहरू पनि संकलन गरेर राखिएको छ ।

मानिसहरू आफ्नो मनलाई एकाग्र र शान्त पार्नको लागि ईश्वरको भजनकीर्तनमा लाग्ने गर्दछन् । मठ मन्दिर जस्तै शिव मन्दिर, कृष्ण मन्दिर, गणेश मन्दिर नारायण जुनसुकै मठ मन्दिरमा पनि भजनकीतन हुने गर्दछ । जसबाट भक्तजनले आफ्नो मनलाई एकाग्र पारी आफूलाई आनन्दित महसुस गर्दछन् ।

कुशेश्वर महादेव मन्दिरमा पनि शिव सँग सम्बन्धित विभिन्न भजनकीर्तन गाई आरत्ति गर्ने गरिन्छ । यस मन्दिरमा हुले भजनकीर्तनको लागि मन्दिरको दक्षिणतर्फ एउटा पाटी बनाइएको छ । भक्तजनहरु यही पाटीमा दैनिक विहान बेलुका र मध्ययानमा शिवसँग सम्बन्धित कुशेश्वर महादेव र अन्य देवदेवीको भजन गाउने गर्दछन् । यहाँ गाइने भजनहरू नेपाली, संस्कृत र हिन्दी भाषामा रचिएका हुन्छन् । भजन गाउँदा विभिन्न वाद्यवादनहरु पनि बजाइन्छ । वाद्यवादनहरुको रुपमा तवला, हार्मोनियम, ढोलक, खैजडी, झ्याम्टा, बाँसुरी आदि बजाइन्छ ।

कुशेश्वर महादेवको मन्दिर र मूर्ति काठमाडौँ उपत्यकाको टेकूमा कुशेश्वरकै नामकरण गरेर स्थापना गरेको पाइन्छ । काठमाडौँ उपत्यकाका डंगोल परिवारको कुल देवताको रुपमा कुशेश्वर महादेवलाई पुजीने भएकाले पछिल्लो समयमा उपत्यकाका डंगोल परिवारले टेकूमा कुशेश्वर महादेव स्थापना गरेर कुल पूजा गर्दै आएका छन् । काठमाडौमा मन्दिर बनाएर कुल पूजा गरेता पनि दुम्जा स्थित कुशेश्वर महादेवको पूर्ण निर्माण र रेखदेखमा विशेष चासो दिदै आएको पाइन्छ । कुशेश्वरको दर्शन गर्नको लागि टाढा-टाढाबाट भक्तजनहरु आउने गर्दछन् । कुशेश्वर सम्म जान नसक्नेले चाहि सम्झेर भाकल गर्ने गर्दथे, जान नसक्ने भक्तजनहरुका लागि भने कुशेश्वर महादेवकै नाममा कुशेश्वर मन्दिरको स्थापना गरी दर्शन पूजा गर्ने गरेको हुनुपर्छ भनि जानकारहरु बताउँदछन् ।

कुशेश्वर महादेव स्थानमा धरै देवीदेवतासँग सम्बन्धित पर्वपूजा प्रचलनमा रहेका छन् । कुशेश्वरलाई सहस्र अवतारको रुपमा पुजीने भएकाले सहस्र देवता सँग सम्बन्धित चाडपर्व र पूजा यस स्थानमा सम्पन्न गरिन्छ । जस्तो, हरिशयनी एकादशी, साउने सोमबार, जनैपूर्णिमा, कुशे औंशी, तीज, घटस्थापना, विजया दशमी, कार्त्तिक पूणिमा, बालाचतुर्दशी, हरिबोधनी एकादशी, शिवरात्री, रामनवमी, जस्ता पर्वहरूमा विशेष मेला लाग्ने गर्दछ । कुशेश्वर मन्दिरमा गरिने पूजा सनातन हिन्दु धर्म अनुसार रहेको छ । कुशेश्वर महादेव समितिबाट नियुक्त भएका पुजारीले यहाँ पूजा गर्ने प्रचलन छ । यहाँ दैनिक तीन प्रहारमा पूजा हुने गर्दछ , प्रारम्भ पूजा (रूद्री पूजा), मध्ययान्न पूजा, सन्ध्या पूजा गर्ने गरिन्छ ।

विभिन्न स्थानको धार्मिक स्थलहरू मध्ये सिन्धुली जिल्लाको नेपालथोकमा अवस्थित आदिलिंङ्ग श्री कुशेश्वर महादेवको मन्दिरमा वैदिक सनातन धर्म अनुसारको पूँजा हुन्छ । आदिलिंङ्ग श्री कुशेश्वर महादेव मन्दिरमा बली प्रथालाई पूर्ण रुपमा निशेध गरिएको छ ।

नित्य नैमित्यक पूजा पर्व परम्परा आदिको संरक्षण र निरन्तरता कायम राख्न सकिएमा आन्तरिक धार्मिक पर्यटकहरुको आक्रषणको थलो कुशेश्वर महादेव मन्दिर परिसर बन्न सक्दछ । काठमाडौँबाट जम्मा ८३ किलोमिटर पूर्वमा पर्ने यो मन्दिर क्षेत्र उत्तर तथा दक्षिण भारतिय पर्यटकहरुको लागि पनि एक प्रस्थान विन्दु हुन सक्दछ । मन्दिर परिसरमा पूर्णतया बली निशेध गरिएकोले भारतिय धार्मिक पर्यटकहरुले अझ धेरै भक्तिमय सन्तुष्टि प्राप्त गर्दछन् । नेपाल पर्यटन बोडले आफ्नो पर्यटकीय प्रर्वद्धन अन्तरगतका

अनुसन्धान प्रयोजनाहरुमा यो कुशेश्वर महादेव मन्दिरलाई पनि संम्लग्न गराएमा राम्रो नतिजा प्राप्त हुने देखिन्छ ।

## ५.२ सुझावहरू

ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक महत्व रहेको कुशेश्वर मन्दिरको वरिपरी रहेका विभिन्न मन्दिर पाटी सत्तल, र अन्य सम्पदाहरू भुकम्प र अन्य कारणले पुरानो र जीर्ण भएकाले यिनीहरूको उचित सम्भार गनुपर्ने देखिन्छ । मन्दिर वरपर भएका ऐतिहासिक धारा, मठमन्दिर, पाटी सत्तल, गुरूकुल वस्ने भवन, औषधालय भवन आदिको संरक्षण गनुको साथै ठाउँठाउँमा त्यस क्षेत्रको जानकारी दिने सूचना बोडहरु राखे घुम्न आउने पर्यटक, भक्तजनहरूलाई त्यस धार्मिक तीर्थस्थलको जानकारी पाउन मद्धत पुग्नेछ । यस मन्दिरको प्रचार प्रसारमा व्यवस्थापन समितिले ध्यान दिनुपर्ने देखिन्छ । त्यस्तै यस मदिरको इतिहास, संरक्षण, पूजाआजा र वार्षिक रुपमा धार्मिक जात्रापर्व संञ्चालन, संबर्द्धनका लागि राखिएका गुठी जग्गाको खोजी गरेर ती कार्यलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

हिन्दु धर्मावलम्बिहरूको लागी मन्दिर भन्ने विक्तीकै धार्मिक रुपमा रमाइलो हुने भएता पनि पहिलाको जस्तो रौनक नभएको महसुस यहाँका बासिन्दाहरूले गरेको पाइन्छ । पहिला यातायातको सुविधा नभएको समयमा मानिसहरू पैदल हिडेरै एक ठाउँबाट अर्को ठाउँमा पुग्दथे र यस्ता तीर्थस्थलहरूको महत्व पनि बढेर गएको थियो । अहिलेको आधुनिक समयमा यस्ता बिकट र दुर्गम स्थानमा रहेका महत्वपूर्ण तीर्थहरु पनि कतिपय लोप भैसकेका र कतिपय लोप हुने अवस्थामा रहेका छन् । यसको प्रमुख कारण मठ-मन्दिरमा मानिसहरूको सहभागीता कम हुदै गएको र आधुनिकतातर्फ मानिसहरु ढल्केकाले यस्ता परम्परागत मठ-मन्दिरलाई मानिसहरुले महत्व दिन छाडेको आभाष मन्दिरमा उपस्थित भक्तजनहरूको उपस्थितिले जनाउँदछ । यसको कारणले गर्दा मन्दिरको रौनकतामा पनि कमी आएको देखिन्छ । पुराना व्यक्तीहरूको संख्याको कमिले तथा आर्थिक र विविध कारणले यस्ता मन्दिरहरूमा असर पुगेको देखिन्छ । तर्सथ यसको कारण पहिल्याएर मन्दिरमा मनाइने विभिन्न जात्रा पर्वहरुको निरन्तरतातर्फ ध्यान दिनुपर्ने देखिन्छ । गुठिको संञ्चालनमा स्थानियहरूले पहल गनुपर्ने हुन्छ भने मन्दिरको संरक्षणमा स्थानियतह र प्रदेश देखि केन्द्रसम्मको भूमिका अपरिहार्य हुन जान्छ । यस क्रममा संस्कृति प्रेमीहरूको प्रमुख भूमिका अपरिहार्य हुन्छ, यदि यसो हुन नसकेमा मन्दिरमा गरिने पूँजा पाठ लगाएत विभिन्न मेला पर्वहरु संकटमा पर्न जाने देखिन्छ ।

मन्दिर अवलोकनको क्रममा विधिको अवलम्वन हुन नसक्नु, नियम संगत हुन नसक्नु, झारा टार्ने प्रवृत्तिले संस्कृतिको संरक्षण हुन सक्दछ तर जीवन्तता हुन सक्दैन । तसर्थ मन्दिरलाई कायम राखि गरिने पूँजा पाठ लगाएत मेला पर्वहरूको संरक्षण, संबद्धन गर्न स्थानीय बासिदा तथा प्रशासनको प्रमुख भूमिका रहने देखिन्छ ।

मन्दिर भनेको हाम्रो पहिचान हो, यसको संरक्षण सबैले गनुपर्छ भनेर जनचेतना जगाउनु पर्दछ । साथै धार्मिक आस्थालाई पनि जोगाउनु आवश्यक देखिन्छ । मन्दिरमा मनाइने विभिन्न जात्रा चाडपर्वहरूलाई निरन्तरता दिन खडा गरिएका गुठी तथा समितिहरूको पनि उचित संरक्षण गरिनुपर्दछ । विकृति, विसंगतिलाई हटाएर मैत्रीपूर्ण वातावरणमा मन्दिरको संरक्षण गरी दैनिक पूँजा पाठ लगाएत बेलाबखतमा आइपर्ने धार्मिक तथा सास्कृतिक मेला पर्वहरू संञ्चालन गर्ने व्यवस्था स्थानीय समिति तथा पुरातत्व विभागले गरिदिनु पर्दछ ।

यसै गरी युवा पुस्तालाई मठ-मन्दिर, धर्म र परम्पराको महत्वबारे जानकारी दिनु पर्दछ । साथै संरक्षणको लागी युवा पुस्तालाई सहभागी हुन प्रोत्साहन गरिनु पर्दछ । त्यस्तै उचित प्रचार प्रसारको ब्यवस्था गरेर पनि मठ-मन्दिरको संरक्षण गर्न सकिन्छ ।

मठ-मन्दिर, धर्म, संस्कृति र परम्परा हाम्रा धरोहरहरूलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरिन्छ र यस बाट नै सांस्कृतिक परम्पराको संरक्षण र संवर्द्धन हुन्छ । यसमा स्थानीय बासिन्दा स्थानीय तह, प्रदेश र केन्दिय निकाय (पुरातत्वको) अहम् भूमिका हुन्छ । हरेक क्षेत्रले आ-आफ्नो भूमिका निर्वाह गरेर परम्परालाई जोगाउनु पर्दछ । अन्यथा यस्ता महत्वपपूर्ण धार्मिक तीर्थस्थलहरू ओझेलमा परी अस्तित्व नै संकटमा पर्ने देखिन्छ ।

मन्दिर जाने प्रवेशद्धार सँगै वि.पी. राजमार्ग बनेपा बद्धिवास सडकखण्ड रहेको छ । यस सडकको छेउमा सानो सामान्य खालको बोडमा सूचना दिएकोले कयौ धार्मिक पर्यटकहरू त्यस क्षेत्रको धार्मिक महत्वबारे अनबिग्य रहेको पाइन्छ । त्यस सडकको छेउमा कुशेश्वर महादेवको मन्दिर सहित ठूलो सूचना बोड राख्नको लागि सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । कुशेश्वर लगायत अन्य मन्दिरमा हुने जात्रापर्व, धार्मिक पूजाआजा र मन्दिरको संरक्षणको लागि गाउपालीका, नगरपालीका, गुठी संस्थान पुरातत्व विभागले अनुगमन र सहयोग गनुपर्ने देखिन्छ । अन्त्यमा निम्नलिखित सुझावहरु दिन चाहन्छु, जो यस प्रकार छन् :

(क) यस अध्ययनले कुशेश्वर क्षेत्रमा रहेका अन्य सम्पदाको इतिहास, वास्तुकला, र धार्मिक, साँस्कृतिक महत्व सम्बन्धि विस्तृत अध्ययन नगरेकोले ती सम्पदाहरुको अध्ययन गनुपर्ने देखिन्छ ।

(ख) यस अध्ययनले अन्य मठ-मन्दिरमा हुने धार्मिक जात्रापर्वको अध्ययन विश्लेषण नगरिएकोले पर्व पूजाको परम्परा, जात्रापर्व सम्बन्धि गुठी व्यवस्थाको छुट्टै अध्ययन गनुपर्ने आवश्यक देखिन्छ ।

(ग) यस क्षेत्रलाई पर्यटकीय रुपमा चिनाउन निर्माण समिति, गाउँपालीका, नगरपालीका, पर्यटन बोर्ड र सम्बन्धित निकायले मन्दिर र जात्रापर्व सम्बन्धित लेखहरू प्रकाशमा ल्याई यस क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा चिनाउनुपर्ने आवश्यकता रहेको देखिन्छ ।

यसो गरेमा यस क्षेत्रको गरिमा अझ बढ्ने विश्वास गरिएको छ ।

## सन्दर्भ ग्रन्थसूची


१. अर्याल, मदनप्रसाद (मिति छैन). *चण्डी दुर्गा सप्तशती.* बालाजु बाइपास काठमाडौँ : चण्डेश्वरी प्रकाशन प्रा. लि. ।

२. इन्टिग्रेटेड डेभलपमेण्ट एण्ड रिर्सच प्रा.लि. (वि.सं. २०६४). *कुशेश्वर तीर्थ.* काठमाडौँ : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय. पुरातत्व विभाग ।

३. कुशेश्वर महादेव संरक्षण समिति (मिति छैन). आदिलिङ्ग कुशेश्वर तीर्थ : दुम्जा सिन्धुली । (www.kusheshwormahaved.blogspot.com)

४. खड्का, अर्जुन (वि.सं. २०५१). *लिंग तीर्थपरिचय.* रामशाह पथ काठमाडौँ : लालिगुराँस प्रिन्टिङ्ग प्रेस ।

५. खतिवडा,सोमप्रसाद (वि.सं. २०६७). *नेपालका लिपि र मुद्राहरूको परिचय.* काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

६. खतिवडा,सोमप्रसाद (वि.सं. २०७४). *नेपाली संस्कृति विश्वकोष.* काठमाडौँ : जनता प्रसारण तथा प्रकाशन लि. ।

७. टण्डन, गोविन्द (वि.सं.२०५३). *पशुपतिक्षत्रको सांस्कृतिक अध्ययन.* काठमाडौं : पी. यु. प्रिन्टर्स ।

८. डंगोल, शंकरमान (वि.सं. २०७४). *लुमन्ति-पौ.* कुशेश्वर क्षेत्र सम्पदा संरक्षण प्रतिष्ठान. सिद्धिवर काठमाडौँ : प्रिन्टिङ्ग प्रेस ।

९. पोखरेल, निर्मला र खनाल, सन्धया (वि.सं. २०७७). *पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा.(मूर्त र अमूर्त) पशुपति क्षेत्र विकास कोष.* काठमाडौँ : देवपत्तन ।

१०. पोखरेल, निर्मला (वि.सं. २०७७). *पशुपति क्षेत्रका शाक्त कलाकृतिहरु.* त्रिभुवन विश्वविद्यालय. पिएच. डी. अप्रकाशीत शोध पत्र : काठमाडौँ ।

११. बज्रचार्य, धनबज्र (वि.सं. २०३०). *लिच्छविकालका अभिलेख.* काठमाडौँ : एसियाली अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय ।

१२. बज्रचार्य, ज्ञान रत्न (वि.सं.२०११). *श्रीमत्पशुपति पुराणाम.* श्रीवागेश्वर छापाखाना : कान्तिपुर नेपाल ।

१३. बर्नियर, रोनाल्ड एम् (१९७८). *द टेम्पल्स अफ् नेपाल.* न्यू दिल्ली : सुन्तान चन्द्र एन्ड कम्पनी ।

१४. योगी, नरहरिनाथ (वि.सं. २०१३). *हिमवत्खण्ड.* वाराणासी : योगप्रचारिणी गोरक्षटिल्ला काशी ।

१५. राव, टीए गोपिनाथ (१९६८). *इलिमेन्ट अफ् हिन्दु आइकोनोग्राफी.* न्यूयोर्क : प्यारागन बुक्स ।

१६. लामा, मोहन सिंह (वि.सं.२०६६).*सिन्धुली जिल्लाका सांस्कृतिक संम्पदाहरुको सर्वेक्षेण विवरण.* अप्रकाशित : पुरातत्व विभाग ।

१७. वनर्जी, जितेन्द्र नाथ (१९८५). *द डेभलपमेन्ट अफ हिन्दु आईकोनोग्राफी.* न्यू दिल्ली : मुन्सिराम मनोहरलाल पब्लिसर प्रा. लि. ।

१८. संङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय (वि.सं. २०६७). *सिन्धुली स्थित हरिहरपुर गढीको अध्ययन प्रतिवेदन.* काठमाडौँ : पुरातत्व विभाग ।

१९. सुवेदी, मधुसूदन र खनाल, कृष्णप्रसाद (वि.सं.२०६७). *स्वयम्भू सिद्धज्योतिर्लिङ्ग एंव पसुपतिदर्शनमहिमा.* काठमाडौं : परिचित छापाखाना ।

२०. श्रेष्ठ, पुरुषोतम लोचन. (वि.सं.२०७०). *कुशेश्वर महादेवका अभिलेख.प्राचीन नेपाल.* अंक ३१ : राष्टिय अभिलेखालय ।

२१. क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र (वि.सं. २०६०). *नेपाली कला, वास्तुकला र प्रतिमालक्षण.* काठमाडौं : एसिया पब्लिकेसन्स ।

२२. क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र (वि.सं. २०६०). *नेपालको इतिहास.* काठमाडौं : एसिया पब्लिकेसन्स ।

२३. Intensive Study and Research Center (2012). Nepal: Resources & Destinations: Kathmandu Nepal.

# परिशिष्टहरू

## परिशिष्ट (क)

### अन्र्तवार्ता लिइएका व्यक्तिहरुको नामावली

१. आचार्य, बासुदेव. ५५ वर्ष, साँधी २ सिन्धुली ।

२. कोइराला, गंगा प्रसाद. ६५ वर्ष, कुशेश्वर महादेवस्थान संरक्षण समितिको वर्तमान अध्यक्ष, दुम्जा १ सिन्धुली । ९८१८६५९४७९

३. कोइराला, भागवत. ४० वर्ष, कुशेश्वर महादेवस्थान संरक्षण समितिको कार्यलय सचिव, दुम्जा १ सिन्धुली । ९८४४२८५६५९

४. कोइराला, विनोद. ४५ वर्ष, कुशेश्वर महादेवस्थान संरक्षण समितिको पूर्व सचिव, दुम्जा १ सिन्धुली । ९७४१११४४३१

५. गिरी, बासुदेव. ५० वर्ष, साँधी २ सिन्धुली । ९८१५९४४०४५

६. डंगोल, शंकरमान. ७५ वर्ष, टेकु काठमाडौं । ९८४९३०३३७८

७. नराल, विष्णु प्रसाद. ६५ वर्ष, कुशेश्वर महादेवका पुजारी बाज्य ।

८. भण्डारी, उर्मिला. ४५ वर्ष, दुम्जा १ सिन्धुली ।

९. मैनाली, दुर्गा. ६० वर्ष, दुम्जा १ सिन्धुली ।

१०. न्यौपाले, माधव प्रसाद. ७० वर्ष, कुशेश्वर महादेवस्थान संरक्षण समितिको पूर्व अध्यक्ष, दुम्जा १ सिन्धुली ९८४४५१७७१४ (न्यौपाने यो क्षेत्रको विशेष अध्ययन गदै हुनुहुन्छ) ।

११. रायमाझी, तीर्थ बहादुर. ६५ वर्ष, कुशेश्वर महादेवस्थान संरक्षण समितिको सचिव, दुम्जा १ सिन्धुली । ९८४२३७५६१०

## परिशिष्ट (ख)

## अनुसन्धाको क्रममा सोधिएका खुल्ला प्रश्नावलीहरुको नमूना

१. कुशेश्वर मन्दिरको स्थापना कहिले भएको हो ?

२. यो मन्दिरको महत्व के छ ?

३. यहाँका पुराना सम्पदाहरु के-के हुन् ?

४. यस मन्दिरको नित्य पूँजा कसरी गरिन्छ ?

५. यहाँ दर्शनको लागी कहाँ-कहाँ बाट भक्तजनहरु आउनु हुन्छ ?

६. यो मन्दिरको महादेवको बारेमा हजुरलाई के थाहा छ ?

७. तपाइको लागी यो मन्दिर कतिको महत्वपूर्ण लाग्छ ?

८. आजकाल पुरातात्विक सम्पदाका धेरै मूर्ति चोरी भएका छन् यहाँ चोरीको घटना भएको छ की छैन् ?

९. तपाइको घरमा गर्ने कर्मकाण्डमा यहाँ आएर पूँजा गर्नु हुन्छ की हुन्न ?

१०. यो मन्दिरको प्रचार प्रसार गरी यहाँ पर्यटन विकास गर्न के गर्नुपर्ला ?

११. यो मन्दिरको लागी गुठी र समीतिले के-के काम गर्दै आएका छन् ?

१२. यो मन्दिरलाई के गरेमा अझ बढी प्रख्यात हुन्छ जस्तो लाग्छ ?

१३. तपाइ दैनिक रुपमा यस मन्दिरमा पूँजा गर्न आएनु हुन्छ ?

१४. यहाँका विशेष धार्मिक मान्यताहरु के-के छन् ?

१५. कुशेश्वर क्षेत्रमा गुरुकुल विद्यालय कति सालबाट संञ्चालन गरिएको हो ?

१६. यो मन्दिरको संरक्षण गर्न कतिको आवश्यक छ ?

१७. कुशेश्वरको उत्पति कसरी भयो ?

१८. कुशेश्वर महादेवको नामाकरणसँग सम्बन्धित प्रचलित के-कस्ता कथनहरु छन् ?

१९. गुठी परम्परा अनुसार कार्य भएको छ कि छैन ?

२०.यस मन्दिरमा कुन-कुन संघसंस्थाहरुले सहयोग गरेका छन् ?

२१.यस मन्दिरमा मानिसहरु के उद्देश्यले आउने गर्दछन् ?

२२. कुशेश्वरसँग सम्बन्धित मुख्य चाडपर्वहरु के-के छन् ?

२३. कुशेश्वरमा हुने पूजा र पूजा विधिहरु के-के हुन् ?

२४. कुशेश्वरमा हुने पर्वपूजाहरु के-के हुन् ?

२५. कुशेश्वरसँग सम्बन्धित के-के किम्बदन्तीहरु प्रचलनमा रहेका छन् ?

२६. यस मन्दिरमा कुन-कुन धर्मावलम्बीहरु आउने गर्दछन् ?

२७. कुशेश्वरको नामाकरण र ऐतिहासिकताबारे के थाहा छ ?

२८. कुशेश्वरमा कुन-कुन पूजाहरु गरिन्छन् ?

## परिशिष्ट (ग)

### अध्ययनको क्रममा प्रप्त अभिलेखहरू

१. सिन्धुली, दुम्जा (नेपालथोक) कुशेश्वर महादेवमन्दिरको उत्तरपूर्वपट्टिको सत्तलपछाडि यो अभिलेख कुँदिएको प्रस्तर रहेको बताइएको छ । यस शिलालेखको लिप्यान्नतर

१. … … … … … कीर्ति … … …

२. … … … … कलहाभिमानीनृपः …

३. … … … … …पुण्य … मा … …

भावार्थः ….कीर्ति (फैलिएका) ….. श्रीकलहाभिमानी राजाले

…..पुण्य ……

व्याख्याः

‘कसरी मेरा दुनियाँ सुखी होलान् भनी मुखले मात्र नभएर कामले पनि हरबखत जनताको हीतमा काम गरिरहेको देखाउन मन पराउने अंशुवर्मा सरस्वतीभक्त पनि थिए । लक्ष्मी (धन) र सरस्वती (विद्या) को बाटो फरक रही आएको छ । ‘लक्ष्मी कमाउने हो भने ‘सरस्वतीको बाटोलाई बिर्सनु पर्ने हुन्छ । तर सामन्तबाट राजासम्म हुनपुगेका अंशुवर्मा यस्ता विद्याप्रेमी थिए । जसले सरस्वतीलाई रिझाउन लक्ष्मीसंग कलह गरे । धनवज्र वज्राचार्यका अनुसार त्यही कुरा झल्काउन अंशुवर्माले ‘श्रीकलहाभिमानी उपनाम लिएका हुन् भनेर भन्नु भएको छ (बज्राचार्य, वि.सं. २०३० पृ ३७७) ।

२. सन्धुली, दुम्जा (नेपालथोक) को कुशेश्वर महादेव मन्दिर देखि दक्षिण तर्फको पर्खालमा रहेको शिलालेखको लिप्यान्तर

१. ॐ श्री ३ भवानीशंकराभ्यां नमः ॥ॐ नम

२. शिवाभ्यां नवयौवनाभ्यां नगेन्द्रकन्या वृ .. (?)

३. तराभ्यां नयनस्यनाश्रेष्टववूह्यराभ्यां नमो नम

४. :शंकरपार्वतीभ्यां ॥ ॥ अव्दे नेपालिसंख्येरितु नि-

५. धि नगे संहिते माघकृष्णेच भूते मल्लश्रीरणसि-

६. द्धियनयकृतं स्थापिता श्री भवान्या :। प्राकायाजि-

७. ताया सकल कलुषहं जन्मजन्माद्धि तंवानत्वा

८. श्रीचन्द्र चूडंक्षणमयि विमृशंहेतुतस्मिस्थि-

९. रोतु ॥ श्रिये : संतु ॥ संवत् ७९६ माघकृ-

१०. ष्ण शिवरात्र)यां ।श्रीरणसिद्धिमल्लदेवन स्वकी-

११. य भाय)र्याश्री २ सिद्धिश्रीदेवीपुत्र श्री२ म-

१२. धुरिमल्ल प्रभृति सकुटुंवस्य उत्त-

१३.रोत्तर जयप्राप्ति कामनया श्री३ भवा-

१४. नी पतिष्ठा कृता पाकार स्थापन मिति

१५. ॥ शुभं भुयात ॥

भवार्थः

ने.सं. ७९६ माघकृष्ण शिवरात्रि (शुक्लादिमान अनुसार) का दिनमा श्री रणसिद्धि मल्लदेवले आफ्नी पत्नी सिद्धीश्रीदेवी पुत्र मधुरि पुमल्ल सहित कुटुम्वहरुले भवानीशकर) प्रतिस्ठा गरी पर्खालसमेत लगाउनु भयो भन्ने विवरण परेको छ (श्रेष्ठ, वि.सं. २०७० अंक ३१ प्रचीन नेपाल, राष्टिय अभिलेखालय) ।

३. सिन्धली, दुम्जा नेपालथोकको कुशेश्वर महादेव मन्दिर देखि दक्षिण तर्फको पर्खालमा रहेको शिलालेखको लिप्यान्तर

१. ॐ स्वस्तिश्रीशरसप्रस्ववनिभः संवत्सरे

२. संभितेमासे फाल्गुनिकेः रणध्वज म-

३. हामन्त्रिप्रसूः स तिथौ ॥ धर्मदिव्यति-

४. धार्मिका व्यरचयात् पानीयशालाशु-

५. रामारात् काव्यहिते कुशेश्वरमाहा-

६. देवस्य मद्भक्तितः ॥ १ ॥ ॥

७.स्वदतां परदतांवाजौहरति वसुः

८. धारा षस्तिवष सहासा विवियायां

९. जाईत्य क्रिमि ॥ श्रीसंम्वत् १८७७

१०. सारमिति माघवदि ११ रोज

११. सुभम सुरं भवत् सवदाकारं

१२. सुभं ॥ ॥

भावार्थः

रणध्वज महामन्त्रीले धर्मादेवीको नाममा यस पवित्र स्थलमा आउनेहरुका लागि (पानी खाने ठाउँ) कुशेश्वर महादेवको भक्तिभावमा वि.सं. १८७७ साल, माघ वदि ११ रोजका दिन बनाइदिनु भयो । यसलाई नष्ट गरेमा, बिगारेमा त्यो मानिस साठी हजार वर्षसम्म नरकमा कीरा भइ रहन्छ । सदाकाल शुभ होस् (श्रेष्ठ, वि.सं. २०७० अंक ३१ प्राचीन नेपाल) ।

४. मन्दिरको दक्षिणतर्फ रहेको घण्टाको अभिलेख

श्री कुशेश्वर महादेवको मन्दिरमा हाम्रा पिता पुर्खा स्व. पद्मध्वज खड्का र श्रीमती स्व. रत्नकुमारी खड्काका छोराहरु स्व. भिमबहादुर खड्का र डम्बरबहादुर खड्काको सम्झनामा रामेछाप जिल्ला खनियापानी गा. वि. स. वडा नं. ९ निवासी तपसिलमा उल्लेखित निजका हामी सन्तति छोरा, नाति तथा पनातिहरुद्धारा सिन्धुली जिल्ला श्री कुशेश्वर गा. वि. स. वडा नं. ३ दुम्जा स्थित सुनकोसी नदीको समीपमा अवस्थित श्री कुशेश्वर महादेवको चरणमा घण्टा समर्पण गरिएको । मितिः २०७१ कार्तिक १८ रोज ३ शुभम् (प्रत्यक्ष अवलोकन) ।

५. मन्दिरको पश्चिमतर्फ रहेको घण्टाको अभिलेख


स्वर्गीय पिता डिल्लीराम मैनाली स्व. माता माहादेवी मैनालीको सम्झनामा छोरा विष्णु प्रसाद मैनाली र बुहारी धन लक्ष्मी मैनालीको तर्फबाट कुशेश्वर महादेव मन्दिर दुम्जामा चढाएको मिति २०७६ चैत्र १ गते (प्रत्यक्ष अवलोकन) ।

## परिशिष्ट (घ)

## पुरालेखन सामग्रीहरू

दुम्जा कुशेश्वर महादेव मन्दिरमा प्राचीन समय देखि नै गुठी बन्दोबस्त लगाएत नित्य, नैमित्य पूजा पर्व चली आएकोमा वि.सं. २००३ साल ताका गुठीको स्वामित्व दावी गर्ने नन्दलाल समेत ५ जना र गोपालदास समुहका बीचमा बहस विवाद भई मुद्धा मामिला तात्कालीक श्री ५ सरकार गुठी लगत जाँच अण्डामा मुद्धा परेको देखिन्छ । २००० साल चैत्र २६ गते रोज २ मा खड्ग निसाना भई जाँच बुझको आदेश दिइएकोमा खरीदार दीर्घमान जोशी तथा मुन्सी मंगल बहादुर श्रेष्ट खटिई त्यहाँ गएका देखिन्छन् । निजहरुले जाँच बुझ गर्दा १९०३ सालको लालमोहोर साथै १९०४ सालको जाँच बुझ अभिलेखलाई समेत आधार लिएको भेटिन्छ । अन्तमा सबै शाक्षी प्रमाण एवम् ऐतिहासिक कागजपत्रको आधारमा गोपालदास सही अर्थमा गुठीका तालुकदार भएका छन् । उनले गुठी संञ्चालन गरी नित्य, नैमित्यक पूजा चलाई शेष, कसर खाने अधिकार पाएका छन् ।

## गुठी संस्थानबाट प्राप्त (अप्रकाशित) लागतहरू



हीवसेको भती पना लागी आपेको खेत १५० खेतको फाड़ बताई आपेको अत खेत ह२ ही मैं
कालंकी गफा को खेत ३९० मी मती लेखेको मा [illegible] दर्ता भई को मोह लावी ऊता पनी आपेको पाः वे
लहवील फाड़ बाट उत्री आपेको ह२ ही दुवा कोरी मवती भी कुहो थी माहादेव को गढी कही पी
मट को गन गीती के खेत २१ को धाँ ११ चदू २१। तखीपे को २५ मात मै ह आम्च को तीजा भत
भती पन लाल गीती लेखेक गो को मा पनी मितगीरि पीमत्पा गढी कही खेत २१ को थाँ १२ हिंदे ५
च्यु पतखी ए काट ११ लाल्का लंबी दर्ता कयी दि को दोहका मात बाट उत्री आपेको लम्बी ऊता वा
ट खेत भीड़त मी टले आपेको तो खेत गो कि लाग काटी गढी मै कायै भर्ने पतै आफोदेकी कु ता ह२
ही मै किमा दर्ता भये को मा पट्टी १९०४ साल का २५ साल का खेत आम्च हुँदा गो हाँ गी कि दर्ता
भये को सदी मै आज लैम कि मा दर्ता मै दाँ गि ौं आपे को आँज [illegible] कै को ऊडा काज
खेत के हीरम पेको ऊमा पनी गोहाँ दुवा ऊता आपे का मा कहोथी माहादेव को गढी कहीं भते
तखी पे को पाः वे लहवील फाड़ बाट उत्री आपेको १९०२ साल को माहा मोह बाट अचीजा चंमै गढीक
ही भया को जग्गा पुहा न पाउने भये को मै लेख लागकाट कि गढी मा था मने भन्न नहुने देखी पे को वे
पहादेखीन आपे को खेत ५१० मी का हकका सवाल वमोजीं दि १० को म्याद दीदा पनी काले ले पनी लगाई आहे गर्न नजा
पेको खोलो वकापै देखी पे को खेत १५ म ध्ये वमा वसे को खेत १५० आवाद गर्ने पैस काइने ले आईन भती म्याद दीका
दी काले को आहेको पर्ने न आपे काले आवाद भए मा आमाजह तीर मोही बाट गर्ने हुनाले औं दानी माले पी दीने पनी पा
खो जगा को हकका वदी आपे लेखको मीपील जगा सनद बाल माहा अपे को कहीं तदेखी पे काले ही की है माद
ती गर्न पहुँची तजैन अच्छी देखी गढी बाट आगा पती मै माहादेव लाई नीये फूल चढाई ने खेत को लगाई आ
पेको गावा पत्र को जगा थ्यो वेपता भये को बाट गोपा खो पनी है का गढी खर्च गर्नैन पर्ने हुनाले खेत गढीके
थामी दीन पर्ने हुनाले गोपाखो नामा पत्र को जगा मध्ये हाल कापै भये को खेत खेत को आपे खेत [illegible]



दा वंदी गर्ने भने खेत पाटी पोहू का वेहोरा देखी नाले खेत जाहेर गो का दौं नीको मारिका हकका माफी तखी
वे वमोजीं ह२ हाएक मै कि मा दर्ता भै है को खेत २१ दुई गढी मै थामी वेगरी ती एस प्रमाण को पाखो का १८
आगह को च्यु १४। ४ चार पांची च्यार माना प्रात १९८ आगह पाथी कि मा दर्ता गर्ने भने पे नी काल वकतन एको
को तजवीज अहुले वहा एडने हकका पोहू जीकीर भये मान वकि पोहू के नप सील वमोजीं जाचान हु ८७
साहुी मी आठ माना गाई १५। ४४ पंचु रुपैआ चवालीस पैसा च्यु। ४। ४ चार पांची चार माना प्रात पा
थी १९८ आगह औं दानी मा खर्च धाँ १४। १६। ४। ५ चौदह मी सोह पाथी च्यार माना पांच मुठी च्यु। ४। ४
चार पाथी च्यार माना कटाई बाकी धाँ ५८। ११। ६। ५ के दा १९ दले ११९। ५ मा का १९८ के दा १२ ले दाना दो १५।
४४ खेत जमा मोहर १४३। ४८ एक सये वीतालीस रुपैआ अठचालीस पैसा भो खर्च मोहर १। ८४। २२ साल हता रुपैआ
वयाली पैसा दुई हुँ कटाई बाकी जमा मोहर ६५। ६६। २ पैसठी रुपैआ छैसठी पैसा दुई दाम मध्ये वाकी वे
कापेकी खेत को मोहर ६५। ६५ पैसठी रुपैआ पैसठी पैसा कापे की खेत पाखो खेत को कता। ३। १२ एकसी
पैसा दुई दाम कापेगी नामा पत्र को जगा मध्ये वेपना भै है को पता लागे का वखत सो पना लागे का ज
गा को आपे का खेत वाट दा वंदी मी लाउन उसै वखत जाहेर गरी नीका मा वसे वमो जीं गर्ने भने लगत
को पुछा मा लगाई वेपता भै ताप मा खेत तखी तजेर गढी का हकका २००० साल देखी तीजा गोपाल
दास ले छुट पाई सके को हुँदा नपानी एका दावंदी वमोजीं औं दानी खर्च गरी नामा पत्रा मावीक मै गरी आपे
वमोजीं गढी की चलाउन पर्ने खेत चलाई पोल गढी बाट चलाउन पर्ने मंदीर सकल जोडू भनेको गो मा
खेत आपे गर्न बाट चलाई साबुद गर्ने सो वमो जीं कौनगरी चलाई धर्म लोप न है को ह्हो नौं वमोजीं हुने
छ भने तीज गोपाल दास का नाउँमा सनद गरी दीन सो वमोजीं गोनगो को थप बाट [illegible] पर्ने [illegible]
ए का गर्ने मा आईं को पुर्जी पठाउने भंडार खेत मिले [illegible] मनासी वे व्हएन्दू लोप जीं हुँ भनि नेपालमा

६

इन्द्र रिपोट नीकसांरी फाइले तोडू बोली जाहे [illegible] मुताबीक ताम्रापत्रका नम्बर को पाछो को तीजो चौ
नम्बर ८४८ माफी १८ रुपया को पाछो देवी प्राको कि [illegible] में आपे को लगान [illegible] कौच
लाईन नेपुरी लगान भेत घटाई रुपये [illegible] पाछो खेत को [illegible] वार कौच लाईने मीलगान
ी आहे [illegible] सदा गी [illegible] सदा [illegible] थपी. २००२ साल चैत्र २६ [illegible]
[illegible] में आपे मुताबीक [illegible] गदी के नाम [illegible] औदानी [illegible] खेत को लगान
[illegible] पुरुषकार [illegible] दीखो मानजोशी [illegible]
[illegible] तपसील.

तपसील.

| आसामी | हाल आबाद हुवे की पाको तीरा खेत थान हिंदे बहु पादी |
| --- | --- |
| [illegible] को गदी कही कि खेत देवी पृथ्वी [illegible] गीरी को गद कही कि खेत देवी पूर्व [illegible] लावालका [illegible] देवी [illegible] को [illegible] पी को डील अर्थात वहा को [illegible] डील दे की दखी [illegible] ४ कील्हा मीत्र को [illegible] भैरवे [illegible] देहा पे का [illegible] को का [illegible] खेत बोर | १२ — ४।३।३।२ — १४२ — १४२ — |
| जी: पञालाल गीरी | |



| | | | | | |
| --- | --- | --- | --- | --- | --- |
| नवाज गीरी | १८ | ३।३।४।८ | १६६ | १६६ | |
| नंदलाल गी[illegible] को [illegible] बहादुर गीरी समेत ३ भाई | १३० | १०।१६ | ११४१ | ११४१ | |
| आजे गीरी समेत भाई २ को | १३० | १०।१६ | ११४१ | ११४१ | |
| [illegible] गीरी | १९० | ३।१२ | १४७ | १४७ | |
| [illegible] गीरी | १९० | ३।१२ | १४७ | १४७ | |
| मोई प्रसाद मदो [illegible] नवाज गीरी | १५ | ११६ | १३।२ | १३।२ | |
| [illegible] गीरी नवाज गीरी [illegible] | १२५ | २। | १८।२ | १८।२ | १५ |
| | ११४० | ५०।८ | ५१८२ | ५१८२ | १५ |

| | | | | | |
| --- | --- | --- | --- | --- | --- |
| यह [illegible] डील्दे की पूर्व [illegible] लाल को दोए जानकु लाल को आबादी [illegible] कि खेत [illegible] देवी पश्चिमी गदी [illegible] [illegible] को डील वहा को [illegible] देवी अर्थात गदी मी। [illegible] [illegible] सुवर्ण को [illegible] देवी दखी [illegible] ४ कील्हा मीत्र को गदी को [illegible] हाल पट्टा [illegible] आप को [illegible] हाल [illegible] गीपा जी: प [illegible] गीरी समेत [illegible] भाई को [illegible] खेत | १५० | १८१ | ११९५ | ११९५ | १५ |
| | ११९० | ६८।८ | ११६१ | ११६१ | १९० |

[illegible] का मंदिर देवी [illegible] गल्ली पूर्व [illegible]
का [illegible] पानी [illegible] पंच [illegible] देवी का [illegible]

पश्चमी सौ बारीण कोसी का दछीण परति ४ की
ल्ला गीत को देहापे का पाण्या घा घी.

दूसरा कुंडाघला माहोदयका गुठी कागा कोली जोसा दीय का गोलकुवा जी: पन्नालाल गीरी.

| आसामी | | दा | घा | व्यूमाना | मास. |
|---|---|---|---|---|---|
| जी: पन्नालाल गीरी | हलो | १ | 1.12 | 19 | |
| नवाजगीरी | ह | १ | 1.12 | 19 | |
| निहालाल गीरी | को | १ | 1.12 | 19 | |
| अजगीरी | को | १ | 1.12 | 19 | |
| कृतिमॉं गीरी | ह | १ | 1.12 | 19 | |
| नंदलाल को छोरवे वाहड गीरी | को | १ | 1.12 | 19 | |
| हैरक वाहड गीरी | घोर | १ | 1.12 | 19 | |
| भीमी गीरी | को | १ | 1.12 | 19 | |
| हर्क वाहड गीरी | को | १ | 1.12 | 19 | |
| ठाकरसी | | | | | |
| गोपी वाहडपत्री | को | १ | 1.12 | 19 | |
| गणेश वाहडपी | को | १ | 1.12 | 19 | |
| रतन वाहडपी | ह | १ | 1.12 | 19 | |
| भनाक वाहडपी | ह | १ | 1.12 | 19 | |



| | | | | |
|---|---|---|---|---|
| प्रेमंतपुरी | | | | |
| टीकागीरी | ह | १ | 1.12 | 19 |
| पर्वतपुरी | को | १ | 1.12 | 19 |
| लालीत वाहडपुरी | को | १ | 1.12 | 19 |
| गीरीका देवगुनी | को | १ | 1.12 | 19 |
| | को | १ | 1.12 | 19 |
| | | १८ | १४।४ | १९८ |

गोजि.

जमा गुठो खेत १८० को औदाती जीन्सी नगदी मीत.

धान ——— ६८।८

कापसी खेत ११५ को ——— ४१।८

वेकाएं छोलो पैरे वाको खेत १५ को २७।

नगदी ——— १५।४४

कापसी खेत ११५ को ——— १०।८

वेकाएं छोलो पैरो वाको खेत १५ को ५।२५

जमा पाक्या घा घीरा १८ को औदाती जोन्सी.

व्याज ——— १४।४

मासपाथी ——— १९८

नेमच्छे जीन्सी खर्च

नीलेपुजारे पुजारी को के चारा खर्च के खेत वर्षे १ को दी ३५५ के

नीत्ते पुजाके

धाँ — १।२।६।५

अदेताके तिज १ को चावल ।.।.१ले अस चावल १४।४।५ के दोवाले धाँ — १।६।१

नीत्ते होम गर्ती के तिज १ को चावल १.१.१ले हैं हैं — १।६।१

हैं हैं के चान तिज १ को १.१.१ले अस चान — १४।४।५

नैवेद पकाइने नीत्ते होम गर्ने व्यपहाल्ले व ती मी डाईने कौ लाई मेत अस्थू — १।४।४

पुजाहारि के घाना के तिज १ को १.१.१ दहल शाके हैं १.१.१ नीत्ते रुद्री गर्ने ब्राह्मण १ के हैं १.१.१

मेत अस १.१ दले अस चावल ६।१।६।१ के दोवाले धाँ — १३।१।३।५

तेरीज

धाँ — १४।१।६।४।५

व्यू — १।४।४

बाँकी जीत्ती नगदी

धाँ — ५३।११।३।५

माल — १।८

नगदी — १५।४४

मे. बाँकी जीँसी को दा अईले नगदी नगदीनै मेत अस — १४६

---

धाँ मटी ५३।११।३।५ के हू १ को पाथी ।८ले मोहू — ११६।५

माल पाथी १।८ के हू १ को पाथी ।२ले मोहू — ६।

नगदी मोहू — १५।४४

नेमन्ने नगदी खर्च — ६३।

नीत्ते पुजाके रुद्री गर्ने ब्राह्मण जाहारि मेतके वर्ष १ को दी ३६५ के — ५।१।३।२।२

नीत्ते पुजाके — २८।१।२।२

श्रीखंड धार्नी ६।१।। के दा धार्नी १ को हू ५।ले मोहू — २।५०

लाल चंदन धार्नी ६।।। के दा धार्नी १ को हू २।ले मोहू — १५०

नीत्ते पुजामा बेलुका आरती गर्नाके मेत नैवेद खरिद गर्नालाई तिज १ को ।२ले मोहू १०।८५

बत्तीके कपास धार्नी ६।१।। के दा धार्नी १ को हू २।ले मोहू — १।

नीत्ते बाल्ने धिउ के मोलि को तेल तिज १ को ।३ले मोहू — १०।८५

शिवजी को नीत्ये श्री मा पुजाका के रुमाल ४ के दा रुमाल १ को ।२५ले — १।

नीत्ये होम गर्नालाई चढाउँना लाई मेत जौतील खरिद गर्नाके तिज १ को ।-।२ले १।८।२।२

नीत्ये रुद्री गर्ने ब्राह्मणजना १ के दक्षिणा तिज १ को आवर्ति १ को ।४ले — १४।६०

नीत्ये पुजा गर्ने पुजाहारि के धोति जोरा २ के मोहू — ३।

नगार्ची दमाई १ के तेल व मैह्रा १ को ।५ ले — ६।

पर्व पुजाके — २६।५०

तीव्र(जुी पर्वके —————————————— ९।२६

सीधाके ——————— ।२ अबीर के केसरी लेतके ——— ।२ सौगनसुपारीके ।२

कपूरके ——————— ।२ गोकुलधुपके ——————— ।२ वस्त्रके ——— ।२५

भेटीके ——————— ।४ नैवेदेके ——————— ।१२ दुदीगर्नेब्राह्म

× × × × × दुदी आवर्ति ११गर्नेब्राह्मण१के णकेभोजं ——— ।२५

दक्षीणा ——————— ।१०× × × ×

——————————————————

१२पुर्णोके माहात्म्यौ गर्दा चाहीने —————————— ९०।८८

सीधाके प्रतिपुर्णिमा१के ।१ले ——————————— ।१२

अबीरके ह ——— ह ——————————— ।१२

नैवेदेरोटीके ह ह ——— ।४ले ——————————— ।४८

भेटीके ह ——— ह ——— ।४ ले ——————————— ।४८

वस्त्रकेह ——— ह ——— ।४ले ——————————— ।४८

कपूरके ह ——— ह ।।२ले ——————————— ।६

केसरीके ——— ह ह ——————————— ।६

गोकुलधुपके ह ——— ह ——————————— ।६

सौगनसुपारीके ह ह ।।१ले ——————————— ।३

दुदी आवर्ति ११गर्नेब्राह्मण१का दर्ले१२पुर्णोके ब्राह्मण१२के दक्षीणादा।१०लेदा

ह ह का भोजंके दा।२५ले ——————————— ३।

——————————————————

आखाड शुक्ल हरी शयनी एकादशी१ कार्तिक शुक्ल हरी बोधिनी एकादशी१ गरे

२ जना एकादशी२के चाहीने ——————————— ३।१६



गोकुलधुपके पेकादशी१के ।१ले ——————————— ।२

सीधाके ह ——— ह ——————————— ।२

अबीरके ह ह ——————————— ।२

नैवेदेके ह ह ——— ।१२ले ——————————— ।२४

वस्त्रके ह ह ——— ।१२ले ——————————— ।२४

भेटीके ह ह ।४ले ——————————— ।८

केसरीकेह ——— ह ।१ले ——————————— ।२

सौगनसुपारीके ह ह ।१ले ——————————— ।२

दुदी आवर्ति ११गर्नेब्राह्मण१का दर्ले ब्राह्मण२के दक्षीणादा।१०ले ९।

ह ह के भोजंके दा।२५ले ——————————— ।१०

अखंड बत्ति बाल्नाके तेलके एकादशी१के ।१०ले ——————————— ९।

——————————————————

बाला चतुर्दशीके ——————————— ।८४

सीधाके ——— ।१ अबीरके ——— ।१ नैवेदेरोटीके ——— ।४

भेटीके ——— ।४ वस्त्रके ——— ।४ कपूरके ——— ।१

केसरीके ——— ।१ गोकुलधुपके ।१ सौगनसुपारीके ——— ।१

दुदी आवर्ति ११गर्नेब्रा दुदीगर्नेब्राह्मण × × × ×

ह्मण१के दक्षीणा ।१० १के भोजंके ।२५ × × × × ×

——————————————————

बड़ा दसैं पर्व के दुर्गा पुजा गर्ना के सेल —— ३।५१
चंडीपाठ गर्ने ब्राम्हण जना १ के रोज को दक्षिणा ।१६ दसैं दीं दुके —— १।४४
मेटी के रोज १ को ।११ ले हँ —— ।१६
कन्या पुजा गर्ना के कन्या १ के रोज १ को दक्षिणा ।८ ले हँ —— ।१२
हँ लाई बस्त्र केनु पेक —— २।
भौंव को बोका वली १ के —— ३।
पुजा सामाँ के दीं दुके —— ।३२

सीधा के —— ।२ अबीर के —— ।२ नैवेदो टीके —— ।६
कपुर के —— ।४ केसरी के —— ।२ गोकुल धुप ।६
सींजा सुपारी —— ।४ × × × × × × × × ×

चौते दसैं पर्व के —— ३।४२
सीधा के —— ।१ अबीर केसरी स्यौन के ।२ गोकुल धुप के ।२
नैवेद के —— ।४ वस्त्र के —— ।१२ येटी के —— ।४
चंडी पाठ गर्ने ब्राम्हण कपुर के —— ।१ भौंव का पुजा बोका वली
१ के दक्षिणा —— ।१६ × × × × १ के —— ३।

रामनवमी पर्व १ के साखी लेखी पेका चौते दसैं पर्व को खर्च मा बोका वली चंडी
पाठ को खर्च वाहेक अरु रुक्न लिया —— ।२६

---

93

बाकी सेत अतर मोहर् ——
वारो वकापे मा सेत को मोहर् ——
काड़ मा सेत खाता सेत को मोहर् —— ३५।३५
—— १३।१२

पेस गरी वाट सक्के वीग्रे मा बनाउँन पर्ने
१८ हात उचाइ १८ हात चौडाई को देह को पक्की जोड़ाई वज्र लेकी रंग लेसँ गोका रुँको मोलैका गज्रा
सेत बने को सीवजी को मंदीर ——
१६।१६ हात चौडाई २० हात लंबा देह को गाह्रो सीगटी घा नाम पेको वज्र मेकने रंग लेसँ गर्ने राजा एक १
नै बाकी अपे को पार्न हाला ——
सो सीवजी का मंदीर वरी परी सीढ़ी मा वज्र लेकन बाहीर सीढ़ी बनाउन ३।३ हात चौडा ६ हात लं १
बाडुगांजी को मंदीर बना इने कौं बाकी नै अपे को —— १


लालपत्र बमोजींम को सीमले बुझन्ने बेतमा ।१५ ६२ मध्ये बेप का ठहो को गाग सना लागो का वमन अपगरी
गर्ने दानी हुने हाल लागत का पुछार मा जनाई राख्ने वेपहा की ताम मा सेत लेखी राख्न पर्ने वेपहा सोम
ती पेक खपे सनी —— ।१

इती संवत २००३ साल वैसाख ३१ गते रोज ५ शुभम् ——

# चित्रफलक



(चित्र नं. १) श्री कुशेश्वर आदिलिङ्ग (दुम्जा)




(चित्र नं. २) श्री रुद्रागारेश्वर सिद्धलिङ्ग (पशुपति)



(चित्र नं. ३) हनुमानको मूर्ति (दुम्जा)



(चित्र नं. ४) पितलको ठूलो नन्दी (दुम्जा)



(चित्र नं. ५) डंगोल परिवारको कुल थान (दम्जा)



(चित्र नं. ६) गोपालदास बाबाको समाधी स्थलमा रहेको शिवलिङ्ग (दुम्जा)



(चित्र नं. ७) को (क) उमामहेश्वरको मन्दिर (दुम्जा)



(चित्र नं. ७) को (ख) उमामहेश्वरको मूर्ति (दुम्जा)



(चित्र नं. ८) बुढानिलकण्ठ नारायणको मूर्ति (दुम्जा)



(चित्र नं. ९) बटुक भैरव को मूर्ति (दुम्जा)



(चित्र नं. १०) १०८ शिवलिङ्ग (दुम्जा)



(चित्र नं. ११) शिलाको बासुकी नाग (विष्णु पाञ्चायन) दुम्जा




(चित्र नं. १२) श्री राम, सिता, लक्ष्मण सहितको मूर्ति (दुम्जा)




(चित्र नं. १३) गणेश, लक्ष्मी, सरस्वती सहितको मूर्ति (दुम्जा)



(चित्र नं. १४) राधाकृष्णको मूर्ति (दुम्जा)




(चित्र नं. १५) दुर्गा भगवतीको मूर्ति (दुम्जा)

SS



(चित्र नं. १६) को (क) मन्दिरको उत्तरतर्फ रहेका त्रिशुलहरू (दुम्जा)



(चित्र नं. १६) को (ख) मन्दिरको पूर्वतर्फ रहेको त्रिशुल (दुम्जा)



(चित्र नं. १७) कुशेश्वर  मन्दिर (दुम्जा)



(चित्र नं. १८) कुशेश्वर मन्दिरको हालको अवस्था (दुम्जा)



चित्र नं. १९) तुलसीको मठ (दुम्जा)



(चित्र नं. २०) कोटीहोम (हवन् कुण्ड) दुम्जा



(चित्र नं. २१) को (क) यज्ञशाला भित्र रहेको (अखण्ड दीप) दुम्जा



(चित्र नं. २१) को (ख) यज्ञशाला (दुम्जा)



(चित्र नं. २२) को (क) अर्ध कुम्भ स्तम्भ (दुम्जा)



(चित्र नं. २२) को (ख) पूर्ण कुम्भ स्तम्भ (दुम्जा)



(चित्र नं. २३) को (क) विश्वामित्र गुफा भित्रको दृश्य (दुम्जा)



(चित्र नं. २३) को (ख) विश्वामित्र गुफाको वाहिरी दृश्य (दुम्जा)



(चित्र नं. २४) पाटी (दुम्जा)



(चित्र नं. २५) सत्तल (दुम्जा)




(चित्र नं. २६) जोर सत्तल (दुम्जा)



(चित्र नं. २७) गुरूकुल आश्रम (दुम्जा)




(चित्र नं. २८) को (क) मन्दिरको पश्चिम द्वार अगाडि रहेका घण्टाहरू (दुम्जा)



(चित्र नं. २८) को (ख) मन्दिरको पूर्वी द्वार अगाडि रहेका घण्टाहरू (दुम्जा)



(चित्र नं. २९) को (क) टेकु स्थित कुशेश्वर महादेवको गर्भगृहको दृष्य



(चित्र नं. २९) को (ख) टेकु स्थित कुशेश्वर महादेवको मन्दिर

# सिन्धुलीको नक्शा


MAP OF NEPAL
SINDHULI DISTRICT
nethakur.itgo.com
Katahare
Dumja
Mahadevtar
Arubot
Haiharpur
Madhubani
Gurjumadi
SINDHULI
Sindhuligadhi
Jhangajholi
Sunkoshi River
Mathauli
Tinkanya
1696
518
Thulodanda
SINDHULIMADI
1957
Dhanigaude
Bhiman
Amdanda
Balajor
Jinakhu
Harpate
1073
Karthauli
Kamala River
Ahale
Tandi


श्री कुशेश्वर माहादेव स्थान